# शुभकामना सन्देश

नव वर्ष २०८२ सालको सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सकल दर्जाका प्रहरी अधिकृत तथा जवानहरू सेवानिवृत्त अग्रज लगायत अन्य प्रहरी कर्मचारीहरू, प्रहरी परिवार तथा अमर प्रहरीका परिवारजनहरूमा व्यक्तिगत, पारिवारिक एवम् व्यावसायिक उन्नयन, सुख तथा समुन्नतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

यस घडीमा राष्ट्र र नागरिक सेवामा प्राण उत्सर्ग गर्नु हुने वीर अमर प्रहरीहरू प्रति स्मरण गर्दै हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु । वियोगमा रहनु भएका परिवारजनहरूमा उच्च सम्मान व्यक्त गर्दछु । कर्तव्य पालनाका सिलसिलामा घाइते, अङ्गभङ्ग भई विदीर्ण जीवन व्यथित गरिरहनु भएका सकल प्रहरी कर्मचारीहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

नव वर्ष, राष्ट्र र नागरिक सेवामा विगतका सत्प्रयास र सकारात्मक ऊर्जालाई जीवन्त राख्दै आगामी दिनमा निःस्वार्थ भाव राखेर हामी समर्पित हुने अवसर पनि हो । सङ्गठनमा सुधार र सुदृढीकरण अपरिहार्य छ, त्यसका लागि सबै सदस्यहरू दृढ सङ्कल्पित रहनु जरुरी छ । यस सुखद् अवसरमा नेपाल प्रहरीका तमाम सदस्यहरू व्यावसायिक निष्ठा, कर्तव्यपरायणता, सेवाभावले राष्ट्र सेवामा समर्पित रही सङ्गठनको गौरव र गरिमा उँचो राख्न उच्च मनोबलका साथ कर्तव्य र जिम्मेवारीहरू निष्काम वहन गर्नु हुनेछ भन्ने पूर्ण विश्वास लिएको छु ।

अहिले मुलुकको राष्ट्रिय एकता, अखण्डता, सामाजिक सद्भाव र विभिन्न, जात जाती, सम्प्रदायहरू बीचको सुमधुर सम्बन्धमा खलल पार्ने अतिवादी गतिविधि देखा परेका छन्, यसको विरुद्ध निर्मम रूपमा प्रस्तुत हुनु जरुरी छ । हाम्रो सक्रियता र कर्तव्य पालनाले देशमा कानूनी शासनको प्रवर्द्धन भई सुशासन र समृद्धिको आधार तय हुनेछ । यसैले हाम्रा यी युगीन जिम्मेवारीलाई उच्च निष्ठा र मनोबलका साथ पूरा गर्नु पर्ने अवस्था रहेको छ ।

नेपाल प्रहरी नागरिकका मौलिक अधिकारको निर्बाध प्रचलन र मानव अधिकारको प्रवर्धन, सम्बर्धन गर्ने महत्वपूर्ण संस्था हो । यो सङ्गठन आम नागरिकको आस्था र भरोसाको केन्द्र पनि हो । यसैले अल्पसङ्ख्यक, सिमान्तकृत, महिला, बालबालिका तथा जेष्ठ नागरिकहरूको हक अधिकारको संरक्षण र पालना गराउने सम्बन्धमा अत्यन्त संवेदनशील रही सेवारत रहन निर्देशन दिन चाहन्छु ।

अन्त्यमा नेपाल प्रहरी सङ्गठनलाई नागरिक सेवामा अग्र पंक्तिको निर्विकल्प संस्थाका रूपमा स्थापित गरी साङ्गठनिक सुधार तथा सुदृढीकरणका लागि सम्पूर्ण प्रहरी कर्मचारीहरू दृढ सङ्कल्पित रहनुका साथै हरपल रचनात्मक, व्यावसायिक र कर्तव्यनिष्ठ भई रहन सकल दर्जाका प्रहरी कर्मचारीहरूलाई निर्देशन दिँदै पुनः सबैमा नव वर्ष २०८२ को पावन अवसरमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

प्रहरी महानिरीक्षक

दिपक थापा

**सम्पर्क**

**नेपाल प्रहरी प्रधान कार्यालय**

जनसम्पर्क शाखा, नक्साल, काठमाडौं

फोन नं.: ०१-५७१९८२८, एक्सटेन्सन: १९३

इमेलः phqrs@nepalpolice.gov.np/phqprs@gmail.com

वेबसाइट : www.nepalpolice.gov.np

प्रहरी PRAHARI

वैशाख - जेठ २०८२

ISSN 2661 6122

नेपाल प्रहरी

सत्य सेवा सुरक्षणम्

# प्रहरी PRAHARI

## द्वैमासिक प्रकाशन

प्रकाशन आरम्भ : २०१६ जेठ वर्ष ६७, अंक १ वैशाख - जेठ २०८२








# प्रहरी

मे.अ.द.न. ६४/१५८

## द्वैमासिक प्रकाशन

वर्ष : ६७ अंक : १ २०८२ वैशाख-जेठ



**प्रमुख सल्लाहकार**

प्र.ना.म.नि.विनोद घिमिरे

**सल्लाहकार**

प्र.व.उ. रमेश थापा

**प्रधान सम्पादक**

प्र.ना.उ. चन्चला श्रेष्ठ

**सम्पादक**

प्र.व.ना.नि. सरस्वती बुढाथोकी

**आवरण**

प्र.नि. कल्पना अधिकारी

**कम्प्युटर**

प्र.व.ना.नि. संगीता कार्की

**आवरण छपाइ**

ओभा प्रिन्ट एण्ड ट्रेड प्रा.लि.
बागबजार

**छपाइ प्राविधिक**

प्र.व.ना.नि. गोपाल ब.थापा
प्र.ज. चुडामणी भट्ट
प्र.ज. चन्द्र भण्डारी

**प्रकाशक**

**नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल ।**


## सम्पादकीय...

**नेपाल प्रहरीका महिला प्रहरीद्वारा सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण**

नेपाल प्रहरी आफ्नो स्थापना कालदेखि नै शान्ति सुरक्षा र अपराध अनुसन्धानमा मात्र सिमित नभई विभिन्न बहुआयामिक कार्यहरूमा सक्रिय रुपमा लागिरहेको छ । खेलकुदको माध्यमद्वारा होस् वा सगरमाथा आरोहण गरी नेपाल प्रहरीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा आफ्नो छवि उच्च बनाई सकेको छ । नेपाल प्रहरी संगठनमा पुरुष प्रहरी कर्मचारीद्वारा सगरमाथाको आरोहरण गरेको इतिहास छ। तर भर्खरै महिला प्रहरीबाट पनि यस्तो साहसिक र ऐतिहासिक कार्य सम्पन्न भएको छ।

नेपाल प्रहरी प्रधान कार्यालय, साइबर ब्यूरोमा कार्यरत प्रहरी सहायक निरीक्षक कुञ्जाङ छोपेल शेर्पाले मिति २०८२ साल जेठ ५ गते सोमबार बिहान ०८:५६ बजे विश्वको सर्वोच्च शिखर सगरमाथाको सफलतापूर्वक आरोहण गरी नेपाल प्रहरी संगठनको गौरव बढाउन सफल पहिलो महिला प्रहरी हुनुभएको छ । उहाँले नेपालको राष्ट्रिय झण्डा, नेपाल प्रहरीको झण्डा र 'महिला र बालिका विरुद्ध हुने हिंसा अन्त्य गर्न एकजुट हौं' भन्ने सात भाषामा लेखिएको नारा सहितको ब्यानर सर्वोच्च शिखर सगरमाथामा फहराउन सफल हुनु भयो।

प्रहरी महानिरीक्षक दिपक थापाबाट उहाँलाई मिति २०८१ साल चैत २५ गते आवश्यक निर्देशन तथा शुभकामना सहित नेपालको राष्ट्रिय झण्डा, नेपाल प्रहरीको झण्डा र 'महिला र बालिका विरुद्ध हुने हिंसा अन्त्य गर्न एकजुट हौं' भन्ने नारा सहितको ब्यानर हस्तान्तण गर्नुभएको थियो । प्रहरी सहायक निरीक्षक कुञ्जाङ छोपेल शेर्पा सहितको आरोहण दल २०८१ साल चैत २८ गते काठमाडौंबाट आरोहणको लागि प्रस्थान गरेको थियो ।

प्रहरी महानिरीक्षक दिपक थापाको अध्यक्षतामा नेपाल प्रहरी प्रधान कार्यालयमा जेठ ६ गते बसेको निति निर्माण समिति (पिसिसि) बैठकको निर्णयले प्रहरी सहायक निरीक्षक कुञ्जाङ छोपेल शेर्पाको साहसिक कार्यलाई उच्च मूल्याङ्कन गर्दै विशेष बढुवा प्रदान गरी प्रहरी सहायक निरीक्षक पदबाट प्रहरी नायब निरीक्षक पदमा बढुवा गरेको छ। संगठनको यस विशेष कार्यले सम्पूर्ण प्रहरी कर्मचारीहरूलाई प्रेरणा र हौसला प्रदान गरेको छ।

यस अघि नेपाल प्रहरीको प्रतिनिधित्व गर्दै पहिलो पटक प्रहरी वरिष्ठ नायब निरीक्षक पुरुषोत्तम नेपालीले वि.स. २०८० साल जेठ २ गते मंगलबार बिहान १०:१५ बजे विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गरी नेपालको राष्ट्रिय झण्डासहित नेपाल प्रहरी तथा इन्टरपोलको झण्डा सगरमाथामा फहराउन सफल हुनुभएको थियो । साथै उहाँले सगरमाथा आरोहणमा जाने क्रममा २०८० वैशाख १५ गते ६११९ मिटर उचाइको लोबुचे हिमालको समेत सफल आरोहण हर्नु भएको थियो। वि.सं. २०३१ सालमा नेपाल प्रहरीको ९ सदस्यीय टोलीले ६९२० मिटरको उचाइको टुकुचे हिमाल सफलतापूर्वक आरोहण गरेको थियो । साथै २०३३ असोज १६ गते नेपाल प्रहरी कर्मचारीको २७ सदस्यीय टोली र २०४१ भदौ २६ गते नेपाल प्रहरी महिला दलको ३१ सदस्यीय टोलीले ६११९ मिटरको उचाइको लोबुचे हिमाल सफलतापूर्वक आरोहण गरेका थिए।

नेपाल प्रहरीले विगतमा सगरमाथाको सरसफाइ अभियान तथा विभिन्न हिमालहरूको आरोहण सफलतापूर्वक गरेको सन्दर्भमा यस्ता प्रेरणादायी एवम् साहसिक कार्यले भविष्यमा निरन्तरता पाउने विश्वास नेपाल प्रहरीले लिएको छ। साथै महिला प्रहरीको यस साहसिक आरोहणले झन् सम्पूर्ण महिला प्रहरी कर्मचारीलाई थप प्रेरणा मिलेको छ। अन्त्यमा, प्रहरी द्वैमासिक परिवार यस आरोहणको उच्च सम्मान गर्दे प्रहरी नायब निरीक्षक कुञ्जाङ छोपेल शेर्पालाई बधाई दिँदै उहाँको सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको कामना गर्दछ।

# विषयसूची

## व्यावसायिक सामग्री


- ♦ अपहरण तथा शरीर बन्धक कसूर..... ✍ नायब महान्यायाधिवक्ता संजीवराज रेग्मी १
- ♦ गर्भपतन सम्बन्धी कानूनी व्यवस्था..... ✍ सहन्यायाधिवक्ता सोमकान्ता भण्डारी ५
- ♦ गोपनीयताको हकको सन्दर्भमा......... ✍ प्र. उ. मोहन कुमार थापा १८
- ♦ मानिसहरू किन हेलमेट लगाउँदैनन् ? ✍ प्र व ना नि बिष्णु थापा ७०


## साहित्य / विविध


- ♦ भेरीको गर्जनैगर्जन ✍ युवराज नयाँघरे १३
- ♦ परदेश ✍ पूर्व प्र व उ बिक्रम गुरुङ ३३
- ♦ नेपालको कान्छो गाउँः साङ्ता ✍ पूर्व प्र ना उ भोजराज पाण्डेय ३८
- ♦ एउटा प्रेम-पत्र ✍ प्र व ना नि प्रेमराज मिश्र 'अभीष्ट' ४३
- ♦ केपकोड् निर्मल र निर्मल बस्तीको...... ✍ घनबहादुर थापा ४८
- ♦ बुढ्यौली नियमित प्रक्रिया ✍ बद्रीप्रसाद ढकाल ५३
- ♦ खोइ मलाई माया ✍ डा छायादत्त न्यौपाने ५७
- ♦ शैशवकालदेखि यौवनावस्थासम्मको.... ✍ श्रीहरि के. सी. ६०
- ♦ वान स्टेप ब्याक ✍ डा प्रेमराज सिलवाल ६६
- ♦ कुहिएको फल ✍ गंगा खड्का ६९
- ♦ संसारको पहिलो तीर्थस्थल मानिने...... ✍ मुरारीराज मिश्र ७५
- ♦ सुशासन ✍ लीलाराज दाहाल ७९
- ♦ भावुक बनाउने ती दिन ✍ डम्बर रसिक भारती ८०
- ♦ उपहार ✍ रञ्जना पराजुली लम्साल ८३
- ♦ अन्त्य नहुने अनन्त र हाम्रो संस्कार ✍ अच्युत प्रसाद पौडेल 'चिन्तन' ८४
- ♦ फूलबारीका हामी फूलहरू ✍ गङ्गा कर्माचार्य पौडेल ८८
- ♦ गाउँ रित्तो छ ! ✍ प्र स नि सुर्यध्वज तामाङ ९६
- ♦ परिबन्द ✍ कुमार काफ्ले १०२

## गीत / कविता /गजल


| | | |
|---|---|---|
| ♦ गजल | ✍ प्र स ह टीकाराम ढुलाल | १२ |
| ♦ गीत | ✍ दिपकराज विश्वकर्मा | १७ |
| ♦ शुभकामना | ✍ पदम दाहाल | ३२ |
| ♦ गीत | ✍ राम कुमार पण्डित | ४७ |
| ♦ उन्नतिका निम्ति | ✍ डा बमबहादुर थापा 'जिताली' | ५६ |
| ♦ मुक्तक | ✍ शशीश्री आचार्य | ५९ |
| ♦ गीति कविता | ✍ उर्मिला पन्त पाण्डेय | ६५ |
| ♦ आफैं बनौ मोती ! | ✍ जयश्वर रिमाल | ७४ |
| ♦ यो बाटो तिम्रो घरसम्म पुग्दा | ✍ विवेक ढुलाल क्षेत्री 'दमक' | ९५ |
| ♦ "सानो सपना" | ✍ सुनिल थापा | १०१ |


## स्थायी स्तम्भ


| | | |
|---|---|---|
| ♦ इतिहासको पानाबाट | | ११० |
| ♦ नेपाल प्रहरीसम्बन्धी केही जानकारीहरु | संकलन : प्र व ना नि संगीता कार्की | १११ |
| ♦ रसबस | संकलन : प्र स नि शरणजंग भण्डारी | १११ |
| ♦ सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु | संकलन : प्र व ना नि प्रमोद उपाध्याय पण्डित | ११२ |


**प्रकाशित लेखको दायित्व लेखक स्वयम्मा रहनेछ ।**

# अपहरण तथा शरीर बन्धक कसूर सम्बन्धी कानूनी व्यवस्था



✍ नायब महान्यायाधिवक्ता
संजीवराज रेग्मी[०]

**१. परिभाषा**

कुनै पनि मानिसलाई बल प्रयोगको माध्यमबाट वा झुक्यानमा पारेर उसको ईच्छा विपरीत एक ठाउँबाट अर्को ठाउँमा पैसा लिने वा अन्य कुनै उद्देश्यले लैजाने कार्य अपहरण हो । हरेक मुलुकमा यो कसूर मानिन्छ । कुनै पनि मानिसलाई उसको मन्जुरी बिना बल वा शक्तिको प्रयोग गरी कुनै ठाउँ वा स्थानमा थुनेर वा सो ठाउँबाट अन्यत्र जान नपाउने गरी थुनामा राख्ने कार्य शरीर बन्धक हो । मानिसलाई शरीर बन्धक राख्ने कार्य पनि सबै मुलुकमा कसूर मानिन्छ ।

**२. अपहरण र शरीर बन्धकमा भिन्नता**

- अपहरणमा कुनै व्यक्तिलाई एक स्थानबाट अर्को स्थानमा बलपूर्वक वा मन्जुरी बेगर लैजाने वा जान बाध्य पार्ने कार्य हुन्छ ।
- शरीर बन्धकमा कुनै स्थानमा वा बसिरहेको ठाउँमा नियन्त्रण वा थुनामा राखिन्छ ।
- दुबै कसूरमा पीडितको सहमति वा मञ्जुरी रहँदैन र पीडकबाट बल वा धम्की वा धोका जस्ता तत्वको प्रयोग भएको हुन्छ ।

**३. संवैधानिक तथा कानूनी व्यवस्था**

नेपालको संविधानको धारा २९ मा कसैलाई पनि अपमानजनक व्यवहार वा शोषण वा बाँधा वा दास बनाउन नपाइने व्यवस्था रहेको छ । साथै कुनै पनि बालबालिकालाई गैरकानूनी ओसारपसार गर्न वा अपहरण गर्न वा बन्धक राख्न पाइदैन । यस्तो कार्य कानून अनुसार दण्डनीय हुन्छ । यही आधारमा मुलुकी अपराध संहितामा अपहरण र शरीर बन्धक बनाउने कार्य दण्डनीय मानिएको छ ।

नेपालको कानूनमा लामो समयसम्म अपहरण तथा शरीर बन्धकलाई कसूर मानिएको थिएन । मुलुकी ऐन २०२० मा मिति २०६४।८।१४ मा भएको बाह्रौ संशोधनबाट अपहरण तथा शरीर बन्धकको महल ८क. थप गरी यो कार्य

[०]नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय

कसूर मानिएको हो । त्यस अघि अपहरण र शरीर बन्धकलाई कसूर नमानिएको र जिउ मास्ने बेच्ने कार्य नियन्त्रण ऐन २०४३ अन्तर्गत कारबाही गर्ने अभ्यास रहेको थियो ।

मुलुकी ऐन २०२० मा कसैले कुनै व्यक्तिलाई बल प्रयोग गरी वा सो प्रयोग गर्ने धम्की दिई, डर त्रास देखाई, जोर जुलुम गरी, हात हतियार देखाई, छलकपट गरी, झुक्यानमा पारी वा नशालु वा मादक पदार्थ सेवन गराई वा कुनै यातायातको साधन कुनै किसिमले कब्जा वा नियन्त्रणमा लिई कुनै ठाउँमा जान बाध्य गराउने वा कुनै व्यक्तिलाई निजको मन्जुरी बिना वा नाबालक र मानसिक रूपमा अस्वस्थ व्यक्तिलाई निजको हितको निमित्त बाबुआमा वा संरक्षकको मन्जुरी बाहेक कुनै ठाउँमा लगेमा अपहरण हुने भनी परिभाषित गरिएको थियो ।

यसैगरी कसैले कुनै व्यक्तिलाई बल प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई, डर त्रास देखाई, जोर जुलुम गरी, हातहतियार देखाई छलकपट गरी, झुक्यानमा पारी वा नशालु वा मादक पदार्थ सेवन गराई वा कुनै यातायातको साधन वा ठाउँ कुनै किसिमले कब्जामा लिई वा त्यस उपर अनधिकृत तवरले नियन्त्रणमा लिई थुनेमा शरीर बन्धक मानिएको थियो ।

**४. मुलुकी अपराध संहितामा अपहरण र शरीर बन्धक**

मुलुकी अपराध संहिता २०७४ को दफा २११ ले निम्न अवस्थामा अपहरणको कसूर हुने गरी परिभाषा गरेको छ ।

- कुनै व्यक्तिलाई बल प्रयोग गरी वा सो प्रयोग गर्ने धम्की दिई, छलकपट गरी वा डरत्रासमा पारी, जोर जुलुम गरी, हातहतियार देखाई वा नदेखाई वा झुक्यानमा पारी वा नशालु पदार्थ वा मादक पदार्थ सेवन गराई वा कुनै व्यक्ति यात्रा गरी रहेको सवारी साधन कुनै किसिमले कब्जा वा नियन्त्रणमा लिई वा त्यस उपर कुनै किसिमले नियन्त्रण गरी निजलाई कुनै ठाउँमा लगेमा वा जान बाध्य गराएमा वा,
- कुनै व्यक्तिलाई निजको मञ्जुरी विना वा बालबालिका वा शारीरिक अशक्तताको कारणले अरूको आश्रयमा बसेको वा मानसिक अस्वस्थताको कारणले होस ठेगानमा नरहेको व्यक्तिलाई निजको बाबुआमा वा संरक्षकको मञ्जुरी विना वा झुक्यानमा पारी जबरजस्ती कुनै ठाउँमा लगेमा,

यसैगरी शरीर बन्धकको कसूरलाई अपराध संहिताको दफा २१२ ले शरीर बन्धकलाई यस प्रकार परिभाषा गरेको छ ।

- कसैले कुनै व्यक्तिलाई निजको मञ्जुरी विना वा बालबालिका र होस ठेगान नभएको व्यक्ति भए निजको आमाबाबु वा संरक्षकको मञ्जुरी विना बल प्रयोग गरी वा सोको धम्की दिई, डर त्रास देखाई, जोर जुलुम गरी, हातहतियार देखाई वा नदेखाई छलकपट गरी, झुक्यानमा पारी, नशालु वा मादक पदार्थ सेवन गराई, यातायातको साधन वा रहे बसेको ठाउँ कब्जा गरी वा नियन्त्रणमा लिई थुनामा वा नियन्त्रणमा राखेमा शरीर बन्धक हुन्छ । तर मानसिक रूपमा अस्वस्थ व्यक्तिलाई निजको बाबु, आमा वा संरक्षकको मञ्जुरी लिई असल नियतबाट सम्बन्धित व्यक्तिको हितको लागि उपचार गर्ने क्रममा वा अन्य कुनै प्रयोजनका लागि कसैको निगरानी वा नियन्त्रणमा राखिएकोमा भने शरीर बन्धक हुँदैन ।

**५. सजाय तथा जरिबाना**

अपहरण तथा शरीर बन्धकको कसूरमा सो कसूर गर्ने उद्देश्यका आधारमा सजायको व्यवस्था रहेको छ ।

- कसैले ज्यान लिने, कुटपिट गरी चोट पुर्‍याउने, जबरजस्ती करणी वा अप्राकृतिक मैथुन गर्ने, मानिस बिक्री गर्ने वा दास बनाउने वा इच्छा विरूद्ध जबरजस्ती काममा लगाउने, वेश्यावृत्तिमा लगाउने, यातना दिने, कुनै काम गर्न वा गराउन बाध्य गराउने, मुक्ति रकम लिने वा प्रचलित कानून बमोजिम कसूर हुने अन्य कुनै काम गर्न लगाउने उद्देश्यले अपहरण तथा शरीर बन्धक गरे वा गराएकोमा सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजारदेखि एक लाख रूपैयाँसम्म जरिवाना हुन्छ ।
- सो बाहेक अन्य उद्देश्यले अपहरण वा शरीर बन्धक गरे वा गराएकोमा तीन वर्षदेखि पाँच वर्षसम्म कैद र तीस हजारदेखि पचास हजार रूपैयाँसम्म जरिवानाको सजाय हुन्छ ।
- यसैगरी अपहरण गरी शरीर बन्धक लिनेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र एक लाखदेखि एक लाख पचास हजार रूपैयाँसम्म जरिबाना हुन्छ । सङ्गठित रूपमा अपहरण र शरीर बन्धक गरे गराएको रहेछ भने थप दुई वर्ष कैद सजाय हुन्छ ।

**६. क्षतिपूर्ति र हदम्याद**

- अपहरण तथा शरीर बन्धकको कसूर गरे वा गराएको ठहरेमा कसूर गर्ने वा गराउने व्यक्तिबाट पीडितलाई अदालतले मनासिब क्षतिपूर्ति भराई दिनु पर्छ । पीडित व्यक्ति मरी सकेको भए निजको नजिकको हकदारलाई भराई दिनुपर्ने हुन्छ ।
- अपहरण तथा शरीर बन्धकको कुनै

कसूर गरी कसैको ज्यान लिएकोमा जहिले सुकै पनि उजुर गर्न सकिन्छ भने अपहरण वा शरीरबन्धक सम्बन्धी कुनै कसूर भए गरेको मितिले दुई वर्ष र अपहरण र शरीर बन्धकको कसूर भएकोमा सम्बन्धित व्यक्ति त्यस्तो कसूर बाट मुक्त भएको मितिले छ महिना नाघे पछि उजुर लाग्दैन ।

**७. न्यायिक दृष्टिकोण**

सर्वोच्च अदालतले सोनु हलुवाई विरूद्ध नेपाल सरकार नेकाप २०७५ अंक ६ निर्णय नं १००२८ भएको अपहरण मुद्दामा मृतकलाई षडयन्त्रपूर्ण ढंगबाट छलकपट र झुक्यानमा पारी नेपालगंजस्थित घरबाट भारतको रूपैडिया हुँदै लखनउ लगी हत्या गरेको कार्य मुलुकी ऐन २०२० को अपहरण गर्नेको महल अन्तर्गत नेपाल भित्रै कसूर मानी सजाय गर्न मिल्ने व्याख्या गरेको छ ।

साथै नेपालको भूमिबाट झुक्याई व्यापार गर्ने बहानामा भारतमा लैजाने कार्य अपहरण हुने र हत्या भार तीय भूमिमा भए पनि नेपालमा मुद्दा चल्न सक्ने र सजाय गर्न सकिने व्याख्या यसमा भएको छ ।

नेपाल सरकार विरूद्ध सचिन योगी समेत भएको नेकाप २०७९, अंक ६ निर्णय नं १०८९५ अर्को अपहरण मुद्दामा अदालतले होटलमा कोठा लिएर बसिरहेकी पीडितलाई कुटपिट लछार-पछार गरी निजको पाखुरामा जबरजस्ती समाती नियन्त्रणमा लिई, रातको समयमा एकान्तस्थलमा लगी, खोलाको बगर तथा खेतमा एक ठाउँबाट अर्को ठाउँमा पुर्‍याउँदै प्रतिवादीहरूले पालैपालो जबरजस्ती करणी गरेको देखिँदा अपहरण गरी जबरजस्ती करणी गरेको वारदात पुष्टि हुने फैसला गरेको छ ।

गणेश श्रेष्ठ विरूद्ध नेपाल सरकार नेकाप २०७९, अंक ३, निर्णय नं १०८३६ भएको अपहरण मुद्दामा बालबालिकालाई निजको बाबु, आमा वा संरक्षकको मन्जुरीबिना वा झुक्यानमा पारी अन्यत्र कुनै ठाउँमा लैजाने कार्य अपहरण मानिने भनिएको छ ।

बालबालिकालाई अपहरण गरेको कुरामा जोरजुलुम गरेको, हातहतियार देखाएको, फिरौती रकम माग गरेको जस्ता कुराहरूलाई कसूरको अनिवार्य तत्वको रूपमा लिन नमिल्ने व्याख्या समेत यस मुद्दामा अदालतले गरेको छ ।

झुक्याइ, छलछाम गरी वा बाबुआमा वा संरक्षकको मन्जुरी नलिई कुनै कसूर गर्ने अभिप्रायले कुनै बालबालिकालाई एक ठाउँबाट अर्को ठाउँमा लैजाने कार्य अपहरणको कसूर हुन्छ ।

♦♦♦

# गर्भपतन सम्बन्धी कानूनी व्यवस्था



✍ सहन्यायाधिवक्ता
सोमकान्ता भण्डारी°

## १. पृष्ठभूमि

गर्भपतन गराउन पाउने अधिकार महिलाको प्रजनन अधिकारसँग सम्बन्धित विषय हो । गर्भमा रहेको भ्रूणको जन्मन पाउने अधिकार र प्रजनन गराउने वा नगराउने अधिकार महिलाको शरीर र स्वास्थ्यसँग सम्बन्धित विषय हुन् । जन्मन पाउने अधिकार र प्रजनन अधिकारसँग सम्बन्धित विषय भएको हुँदा यी दुवै विषयलाई संवेदनशील रूपमा हेरिन्छ । नेपालको फौजदारी कानूनमा लामो समयसम्म गर्भपतन गर्ने वा गराउने कार्यलाई गैरकानूनी कार्यको रूपमा लिइएको थियो । गर्भपतन गर्ने वा गराउने कार्यलाई कसूर मानी सजाय हुने व्यवस्था गरिएको थियो । नेपालको फौजदारी कानूनमा परम्परागत एवं हिन्दू धर्मशास्त्रको प्रभाव रहेको हुँदा प्रजनन अधिकारको विषयलाई सुरूका दिनमा महिलाहरूको हक, हित र अधिकारसँग आबद्ध गरिएको थिएन । महिलावादी विधिशास्त्रको अवधारणासँगै प्रजनन अधिकार महिला अधिकारको रूपमा विकास भएको हो । प्रजनन अधिकारको अवधारणाले प्रश्रय पाएसँगै निश्चित अवस्था र परिस्थितिमा महिलालाई गर्भपतन गर्न पाउने व्यवस्था कानूनमा नै गरियो । महिलाको चाहना विपरीत वा निज उपर भएको जबरजस्ती करणीका कारण गर्भ रहेमा वा गर्भका कारण गर्भवती महिलाको भविष्य वा स्वास्थ्यमा नकारात्मक असर पार्ने देखिएमा निज महिलाले त्यस्तो गर्भपतन गर्न पाउने वा सक्ने कानूनी व्यवस्था गरिएको हो । जसलाई महिलाको प्रजनन अधिकारको रूपमा समेत लिइन्छ । आफ्नो गर्भमा रहेको भ्रूणको कारणले महिलालाई सामाजिक, कानूनी, स्वास्थ्य आदिमा समस्या परेको अवस्थामा महिलाले गर्भपतन गराउन पाउने तथा महिलाको स्वीकृति बेगर निजको गर्भपतन गराउन नपाउने यी दुई विषय प्रजनन अधिकारका मुख्य विषय हुन् ।

°एलएल.एम. (फौजदारी कानून र संवैधानिक कानून), सहन्यायाधिवक्ता, उच्च सरकारी वकिल कार्यालय, बुटवल ।

**२. गर्भपतन गर्ने कार्य कसूरदेखि अधिकारसम्म**

फौजदारी विधिशास्त्रमा गर्भपतनलाई के कस्तो अपराध मान्ने भन्ने सम्बन्धमा अझै पनि विवाद रहेको पाइन्छ । भ्रूणको जीवनको अधिकार, महिलाको शरीर माथिको अधिकार, प्रजनन अधिकार (Reproductive Right) र यस सम्बन्धमा विभिन्न धार्मिक अवधारणा समेतले गर्भपतनलाई राजनीतिक रूपमा नै विवादास्पद बनाएको छ । मूलतः भ्रूणको रक्षा हुनु पर्दछ भन्ने जीवनवादी (Pro-life) र स्वेच्छामा गर्भपतन गर्न पाउनु पर्दछ भन्ने इच्छावादीहरू (Pro-choice) का बिचमा द्वन्द्वात्मक बहसको अवस्था हाल पनि कायम नै रहेको पाइन्छ । मानव जीवनको प्रारम्भिक स्वरूप भएको हुनाले भ्रूण वा गर्भलाई संरक्षण गर्नुपर्ने विषय, कसैले बदनियतले वा जबरजस्ती वा अन्य कुनै किसिमले जाल प्रपञ्च गरी आमाको इच्छा विपरीत गर्भपतन गराएको अवस्थामा सो कार्यलाई अपराधको रूपमा परिभाषित गरी यसको संरक्षण गर्ने दायित्व राज्यको हो र यही दायित्व पूरा गर्नको लागि फौजदारी कानूनको विषयको रूपमा गर्भपतन रहन गएको हो ।[1]

महिलालाई प्रजनन अधिकार हुने भएकोले निजले आफ्नो स्वेच्छामा गर्भपतन गर्न पाउने अधिकार हुनु पर्दछ भन्ने महिलावादी विधिशास्त्र (Feminist Jurisprudence) ले स्थापित गरेको मान्यता हो ।[2] यस्तो अधिकारलाई स्वीकार गर्न संवैधानिक र कानूनी व्यवस्था गरिएको अवस्थामा महिलाको इच्छा विपरीत वा झुक्याई वा अन्य कुनै प्रकारले अन्य व्यक्तिले गर्भपतन गराएमा सो कार्यलाई फौजदारी कानूनले निषेध गर्नु आवश्यक हुन्छ । यही कारणले गर्भपतनको विषय निरपेक्ष रूपमा फौजदारी कानूनको दायराबाट बाहिर जान सक्दैन ।[3] महिलावादी आन्दोलन र महिलाको प्रजनन स्वास्थ्य र प्रजनन हकको मान्यतासँगै गर्भपतन गराउने कार्यलाई कसूर मात्र हैन अधिकार पनि हो भन्ने मान्यताको विकास भएको मानिन्छ । यस मान्यताले महिलाको जीवन, आत्मनिर्णय र सम्मानपूर्वक बाँच्न पाउने अधिकारको विषयलाई नयाँ ढंगले

१. प्रा.डा. रजितभक्त प्रधानाङ्ग र सोमकान्ता भण्डारी, फौजदारी कानूनको परिचय, (२०७९), लुम्बिनी प्रकाशन, काठमाडौं, पृ. ५०३ ।

२. प्रा.डा. रजितभक्त प्रधानाङ्ग र सोमकान्ता भण्डारी, नेपालमा गर्भपतन सम्बन्धी कानून: एक सिंहावलोकन, प्रतिपादन वर्ष ७ अंक १ (२०७७), राष्ट्रिय न्यायिक प्रतिष्ठान, मनमैजू काठमाडौं, पृ. ७५ ।

३. रा.न्या.प्र. (२०७०), फौजदारी कसूर सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक अपराध संहिता, २०६७ दफाबार व्याख्यात्मक टिप्पणी, हरिहरभवन, ललितपुर : राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल, पृ. २५९ ।

सोच्न र व्यवहार गर्न प्रारम्भ गऱ्यो । यस अधिकारको प्रत्याभूति गर्न संवैधानिक र कानूनी व्यवस्था गरिएको अवस्थामा महिलाको इच्छा विपरीत वा झुक्याई वा अन्य कुनै प्रकारले अन्य व्यक्तिले गर्भपतन गराएमा सो कार्यलाई फौजदारी कानूनले निषेध गर्नु आवश्यक हुन्छ ।

महिलालाई बच्चा जन्माउने वा नजन्माउने अधिकार रहेको हुन्छ । तर गर्भमा रहेको भ्रूणलाई जन्माउने वा नजन्माउने भन्ने अधिकार निजलाई निरपेक्ष रूपमा रहेको हुँदैन । नेपालको संविधान समेतले महिलालाई प्रजनन अधिकार सुरक्षित गरेको छ । गर्भपतन गर्न पाउन सक्ने गरी महिलालाई अधिकार प्रदान गरिए पनि यो सीमाविहिन अधिकार भने होइन । गर्भवती महिलाले पनि निश्चित समय, अवस्था वा परिस्थितिमा बाहेक गर्भपतन गर्न सक्दिनन् वा पाउँदिनन् । तथापि हाल गर्भपतन गराउन पाउने सम्बन्धी कार्यलाई महिलाको प्रजनन अधिकारसँग जोडेर हेर्ने गरिन्छ । पतिले गर्भ जन्माउन नै चाहेको भए पनि यदि पत्नीले सो गर्भपतन गर्न चाहेको अवस्थामा श्रीमान्सँग सहमति नै नलिई निश्चित समयसम्म गर्भपतन गर्न सक्ने कानूनी व्यवस्था रहेको छ । त्यसकारण गर्भपतन सम्बन्धमा गरिएको हालको कानूनी व्यवस्था हेर्दा महिलाको प्रजनन अधिकारको विषय हो । यसमा पति वा अरू कसैको चाहना वा इच्छाले कुनै भूमिका निर्वाह गर्दैन । यस सम्बन्धमा सर्वोच्च अदालतले लक्ष्मीदेवी धिक्त, महिला कानून र विकास मञ्च समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालय समेत (नेपाल कानून पत्रिका २०६७, अंक ९, नि. नं. ८४६४) भएको रिट निवेदनमा प्रजनन स्वास्थ्य एवं प्रजनन अधिकारको बृहत् परिवेशभित्र सन्तान जन्माउने वा नजन्माउने दुबै कुराको निर्णय पर्दछ र सोअन्तर्गत गर्भ रहिसकेको तर सन्तान उत्पादन गर्न अनिच्छित भएकोले गर्भ निरन्तर गर्न नचाहेको अवस्थामा गर्भपतन गर्ने अधिकार पनि सम्मिलित भएको मान्नुपर्ने भन्दै प्रजननको अधिकार भनेको प्रजनन गर्नै पर्ने बाध्यताको रूपमा बुझ्न मिल्दैन, प्रजनन गर्न पाउने अधिकार अन्तर्गत प्रजनन गर्न नचाहेमा सो नगर्ने पनि अधिकार सम्मिलित हुन्छ । जसरी कुनै काम गर्न पाउने अधिकार अन्तर्गत काम नगर्न पाउने स्वतन्त्रता पनि निहित रहेको मानिन्छ, त्यसरी नै प्रजनन अधिकारलाई हेर्नुपर्ने हुन्छ भनी उल्लेख गरेको पाइन्छ । गर्भपतन गर्न महिलाको एकलौटी अधिकार भए पनि निजले समेत जुनसुकै अवस्था वा समयमा गर्भपतन गर्न भने सक्दिनन् । त्यसकारण प्रजनन अधिकार मात्र हैन गैरकानूनी रूपमा गर्भपतनको कार्य गरेको अवस्थामा कसूरजन्य कार्य पनि हो । त्यसकारण यो अधिकार र

अपराध दुवै हो । त्यसको मापन कानूनको मर्यादा र परिधिका आधारमा मापन गर्न सकिन्छ । कुन अवस्थामा अधिकार र कुन अवस्थामा कसूर हुन्छ । त्यो चाहिँ अवस्था र परिस्थितिले निरूपण गर्दछ । गैरकानूनी रूपमा गर्भपतन गर्ने वा गराउने दुवै कार्य कसूर मानिन्छ ।

**३. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५**

कानूनले निर्धारित शर्त बन्देज र प्रक्रिया पूरा गरी गर्भमा रहेको भ्रूणको (Fetus) नाश वा तुहाउने वा गिराउने कार्यलाई कानूनी गर्भपतन (Legal Abortion) भनिन्छ ।[४] यदि गर्भमा रहेको भ्रूणलाई कानूनी रूपमा वा कानूनले निर्धारण गरेको प्रक्रिया पूरा नगरी गर्भवती महिलाको स्वेच्छा वा स्वेच्छा विरूद्ध गिराउने, तुहाउने वा नाश गर्ने कार्य गरिन्छ भने त्यसलाई आपराधिक गर्भपतन (Criminal abortion) भनिन्छ । "गर्भपतन" भन्नाले गर्भमा रहेको भ्रूण स्वभाविक रूपमा जन्मन सक्ने हुनुभन्दा अगावै गर्भाशयबाट भ्रूण बाहिर निस्कने वा निकाल्ने कार्य सम्झनु पर्छ भनी सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २ को खण्ड (घ) मा परिभाषित गरिएको छ । यसैगरी सो ऐनमा सुरक्षित गर्भपतन गर्न पाउने[५] कानूनी व्यवस्था गर्दै देहायको अवस्थामा गर्भवती महिलालाई सुरक्षित गर्भपतन गर्न पाउने अधिकार हुने व्यवस्था गरिएको छः

(**क**) गर्भवती महिलाको मञ्जुरीले बाह्र हप्तासम्मको गर्भ,

(**ख**) गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन्छ भनी इजाजत प्राप्त चिकित्सकको राय भई त्यस्ती महिलाको मञ्जुरी बमोजिम अठ्ठाईस हप्तासम्मको गर्भ,

(**ग**) जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको गर्भ गर्भवती महिलाको मञ्जुरीले अठ्ठाईस हप्तासम्मको गर्भ,

(**घ**) रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जीवाणु (एच.आई.भी.) वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग लागेको महिलाको मञ्जुरीमा अठ्ठाईस हप्तासम्मको गर्भ,

(**ङ**) भ्रूणमा कमी कमजोरी भएको कारणले गर्भमै नष्ट हुन सक्ने वा जन्मेर पनि बाँच्न नसक्ने गरी गर्भको भ्रूणमा खराबी रहेको, वंशाणुगत (जेनेटिक) खराबी वा अन्य कुनै कारणले भ्रूणमा अशक्तता हुने अवस्था रहेको भन्ने उपचारमा संलग्न स्वास्थ्यकर्मीको राय बमोजिम गर्भवती महिलाको मञ्जुरीमा

४. पूर्वपाद टिप्पणी नं. २, पृ. ७६ ।

५. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा १५.

अठ्ठाइस हप्तासम्मको गर्भ ।

तर बलपूर्वक गर्भपतन गराउन भने यस ऐनले निषेध गरेको छ । ऐनको दफा १५ मा उल्लिखित अवस्थामा बाहेक कसैले पनि गर्भपतन गर्न वा गर्भपतन गराउने नियतले वा गर्भपतन हुन सक्छ भन्ने जानीजानी वा विश्वास गर्नु पर्ने कुनै काम गरी गर्भपतन गराउनु हुँदैन । गराउन समेत हुँदैन । उक्त ऐनमा देहायको कुनै कार्य गरेमा बलपूर्वक गर्भपतन गराएको मानिने कानूनी व्यवस्था गरिएको छ :[६]

(**क**) कसैले गर्भवती महिलालाई करकाप गरी, धम्की दिई, ललाई फकाई गरी वा प्रलोभनमा पारी गर्भपतन गराएमा,

(**ख**) कुनै रिसिइवीले गर्भवती महिलालाई केही गर्दा गर्भ तुहिएमा,

(**ग**) खण्ड (**क**) र (**ख**) बमोजिमको कुनै कार्य गर्न सहयोग पुऱ्याएमा ।

गर्भपतन गर्ने काम गर्दा तत्काल गर्भपतन नभई बच्चा जिउँदो जन्मी त्यस्तो कामको परिणाम स्वरूप जन्मिएको बच्चा तत्काल मरेमा गर्भपतन गराएको मानिन्छ । साथै गर्भमा रहेको भ्रूणको लिङ्ग पहिचान हुने कुनै कार्य गर्न वा गराउन र गर्भवती महिलालाई गर्भको लिङ्ग पहिचान गर्न डर वा त्रास देखाई वा करकाप गरी वा धम्की दिई वा ललाई फकाई वा प्रलोभनमा पारी वा अनुचित प्रभाव, झुक्यानमा पारी, जोर जुलुम गरी दबाब दिन वा बाध्य पार्न नहुने तथा लिङ्ग पहिचान गरी गर्भपतन गर्न गराउन समेत नहुने कानूनी व्यवस्था सो ऐनमा गरिएको छ ।

साथै उक्त ऐनमा तोकिएको मापदण्ड र योग्यता पूरा गरेका इजाजत प्राप्त स्वास्थ्य संस्थामा इजाजत प्राप्त स्वास्थ्यकर्मीले गर्भवती महिलालाई दफा १५ बमोजिमको सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउनु पर्ने हुन्छ । सुरक्षित गर्भपतनको सेवा प्राप्त गर्नु परेमा गर्भवती महिलाले वा होस ठेगान नभएको, तत्काल मञ्जुरी दिन नसक्ने अवस्था वा १८ वर्ष उमेर पूरा नभएका गर्भवती महिलाका हकमा संरक्षक वा माथवरले इजाजत प्राप्त स्वास्थ्य संस्था वा इजाजत प्राप्त स्वास्थ्यकर्मीलाई तोकिए बमोजिमको ढाँचामा मञ्जुरीनामा दिनु पर्दछ । अठार वर्षभन्दा कम उमेरकी गर्भवती महिलाको हकमा निजको सर्वोत्तम हितलाई ध्यानमा राखी सुरक्षित गर्भपतन सेवा प्रदान गर्नु पर्दछ ।[७]

**सुरक्षित मातृत्व तथा प्रजनन अधिकार सम्बन्धी कसूर**

कसैले देहायको कार्य गरेमा यस ऐन

६. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा १६ ।

७. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा १८ ।

८. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २५ ।

बमोजिमको कसूर गरेको मानिनेछ :-[८]

(**क**) दफा ५ बमोजिमको गर्भवती सेवा लिनबाट वञ्चित गरेमा,

(**ख**) दफा ६ बमोजिम प्रसूति सेवा प्रदान गर्ने कुनै स्वास्थ्य संस्थाले प्रसूति सेवा प्रदान गर्न इन्कार गरेमा,

(**ग**) दफा ७ बमोजिम आफ्नो स्वास्थ्य संस्थामा उपचार गर्न सम्भव हुँदाहुँदै वा जानाजान अर्को स्वास्थ्य संस्थामा प्रेषण (रिफर) गरे वा गराएमा,

(**घ**) दफा ९ बमोजिम स्वास्थ्य संस्थाले जन्म प्रमाणपत्र नदिएमा,

(**ङ**) दफा ११ बमोजिम बलपूर्वक परिवार नियोजन गराएमा,

(**च**) दफा १२ बमोजिम बलपूर्वक गर्भ निरोधको साधन प्रयोग गराएमा

(**छ**) दफा १६ बमोजिम गर्भपतन गराएमा,

(**ज**) दफा १७ को उपदफा (१) र (२) विपरीत भ्रूणको लिङ्ग पहिचान हुने कुनै काम गरेमा,

(**झ**) दफा १७ को उपदफा (३) बमोजिम लिङ्ग पहिचान गरी गर्भपतन गराएमा,

(**ञ**) दफा १९ को उपदफा (२) विपरीत गोपनीयता भङ्ग गरे वा गराएमा,

(**ट**) दफा २१ विपरीत विस्थापन गरे वा गराएमा,

(**ठ**) दफा २९ विपरीत भेदभाव गरेमा ।

कसैले दफा यस ऐनको दफा २५ अन्तर्गत कसूर मानिने कुनै काम गरे वा गराएमा कसूरको मात्रा हेरी देहाय बमोजिम सजाय हुने कानूनी व्यवस्था गरिएको छ :-[९]

(**क**) खण्ड (**क**), (**ख**), (**ग**), (**घ**) र (**ठ**) बमोजिमको कसूर गर्ने वा गराउनेलाई छ महिनासम्म कैद वा पचास हजार रूपैंयासम्म जरिबाना वा दुवै सजाय,

(**ख**) खण्ड (**ङ**) र (**च**) बमोजिमको कसूर गर्ने वा गराउनेलाई तीन महिनादेखि छ महिनासम्म कैद र पचास हजार रूपैंयासम्म जरिबाना,

(**ग**) खण्ड (**छ**), (**ज**) र (**झ**) बमोजिमको कसूर गर्ने वा गराउनेलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८८ बमोजिमको सजाय,

(**घ**) खण्ड (**ञ**) बमोजिमको कसूर गर्ने वा गराउनेलाई पचास हजार रूपैंयासम्म जरिवाना,

(**ङ**) खण्ड (**ट**) बमोजिमको कसूर गर्ने वा गराउनेलाई एक वर्षसम्म कैद वा एक लाखसम्म जरिबाना वा दुवै सजाय ।

यो ऐन अन्तर्गतको कसूरबाट पीडित व्यक्तिलाई कसूरदारबाट तोकिए बमोजिम मनासिब माफिकको क्षतिपूर्ति भराई दिनु पर्ने[१०] कानूनी व्यवस्था

९. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २६ ।

१०. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २७ ।

रहेको छ । यस ऐनको दफा २५ मा कसूर सम्बन्धी व्यवस्था गरिएको भए पनि असल नियतले गरिएको काममा स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीलाई उन्मुक्ति दिएको अवस्था छ । यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि असल नियतले प्रजनन स्वास्थ्य सेवा उपलब्ध गराएको विषयलाई लिएर कुनै पनि स्वास्थ्य संस्था तथा स्वस्थ्यकर्मी विरूद्ध कुनै किसिमको कानूनी कारबाही चलाइने छैन ।[११]

**४. मुलुकी अपराध संहिता, २०७४**

मुलुकी अपराध संहिता, २०७४ ले समेत गर्भपतन गराउन पाउने वा नपाउने सम्बन्धमा कानूनी व्यवस्था गरेको छ । कानूनमा तोकिएको अवस्थामा बाहेक कसैले गर्भपतन गर्न वा गर्भपतन गराउने नियतले वा गर्भपतन हुन सक्छ भन्ने जानीजानी वा विश्वास गर्नुपर्ने कुनै काम गरी गर्भपतन गराउन नहुने कानूनी व्यवस्था गरेको छ । साथै कसैले गर्भवती महिलालाई करकाप गरी वा धम्की दिई वा ललाई फकाई वा प्रलोभनमा पारी गर्भपतन गराउन समेत निषेध गरेको छ । कानून विपरीत कसैले गर्भपतन गर्ने गराउने कार्य गरेमा देहाय बमोजिमको सजाय हुने कानूनी व्यवस्था रहेको छ :-[१२]

(**क**) बाह्र हप्तासम्मको गर्भ भए एक वर्षसम्म कैद र दश हजार रूपैँयासम्म जरिवाना,

(**ख**) बाह्र हप्ताभन्दा बढी पच्चिस हप्तासम्मको गर्भ भए तीन वर्षसम्म कैद र तीस हजार रूपैँयासम्म जरिवाना,

(**ग**) पच्चिस हप्ताभन्दा बढीको गर्भ भए पाँच वर्षसम्म कैद र पचास हजार रूपैँयासम्म जरिबाना ।

साथै गर्भपतन गर्ने काम गर्दा तत्काल गर्भपतन नभई बच्चा जिउँदो जन्मी त्यस्तो कामको परिणाम स्वरूप जन्मिएको बच्चा तत्काल मरेमा गर्भपतन गराएको मानिन्छ । कसैले कुनै गर्भवती महिलाको ज्यान लिने उद्योग गर्दा त्यस्ती महिला नमरी निजको गर्भमा रहेको पच्चिस हप्ता वा पच्चिस हप्ताभन्दा बढी अवधिको गर्भपतन हुन गएमा सो काम गर्ने कसूरदारलाई यस ऐन वा अन्य कानून बमोजिमको सजायमा थप पाँच वर्षसम्म कैद हुने कानूनी व्यवस्था गरिएको छ ।

कसैले कुनै गर्भवती महिला विरूद्ध कुनै रिसइवीले कुनै काम गर्दा गर्भपतन हुन गएमा गर्भपतन गर्ने नियतले त्यस्तो काम गरेको रहेनछ भने पनि देहाय बमोजिमको सजाय हुने कानूनी व्यवस्था छ :-[१३]

(**क**) बाह्र हप्तासम्मको गर्भ भए एक वर्षसम्म कैद,

११. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा ३४ ।

१२. मुलुकी अपराध संहिता, २०७४ को दफा १८८ ।

१३. मुलुकी अपराध संहिता, २०७४ को दफा १८८ को उपदफा (६) ।

(**ख**) बाह्र हप्ताभन्दा बढी पच्चिस हप्तासम्मको गर्भ भए तीन वर्षसम्म कैद,

(**ग**) पच्चिस हप्ताभन्दा बढीको गर्भ भए पाँच वर्षसम्म कैद ।

कसैले गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रूणको लिङ्ग पहिचान हुने कुनै काम गर्न वा गराउन र त्यसरी लिङ्ग पहिचान भएपछि गर्भपतन गर्न वा गराउने कार्यलाई अपराधीकरण गरिएको छ । यदि गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रूणको लिङ्ग पहिचान गर्ने वा गराउनेलाई तीन महिनादेखि छ महिनासम्म कैद गर्ने र लिङ्ग पहिचान गरी गर्भपतन गर्ने वा गराउनेलाई थप एक वर्षसम्म कैद सजाय हुने कानूनी व्यवस्था गरिएको छ ।

संहिताको दफा १८८ मा गर्भपतन गर्न गराउन निषेध गरिएको भए पनि स्वास्थ्यकर्मीले देहायको अवस्थामा गर्भपतन गराएकोमा गर्भपतनको कसूर नमानिने व्यवस्था गरिएको छ :-[१४]

(**क**) गर्भवती महिलाको मञ्जुरीले बाह्र हप्तासम्मको गर्भपतन गराएकोमा,

(**ख**) गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन्छ भनी इजाजत प्राप्त चिकित्सकको राय भई त्यस्ती महिलाको मञ्जुरीले गर्भपतन गराएकोमा,

(**ग**) जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको अठार हप्तासम्मको गर्भ गर्भवती महिलाको मञ्जुरीले गर्भपतन गराएकोमा,

(**घ**) रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच. आई.भी.) वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग शरीरमा भएकी महिलाको मञ्जुरीले गर्भपतन गराएकोमा । ♦♦

१४. मुलुकी अपराध संहिता, २०७४ को दफा १८९ ।

**गजल**



✍ **प्र.स.ह.टीकाराम दुलाल**

कोट पनि मागेँ पाइन्ट पनि मागेँ टाइ माग्न बिर्सेछ यार
सबै कुरा मागेँ तर एउटा मात्र कुरो दाइ माग्न बिर्सेछ यार

पुरानो याद आउछ अझै मलाई यी आँखामा झलझली
सेमिनार मिटिङ बस्यौं तर हिसाब पाइपाइ माग्न बिर्सेछ यार


समझदारी भाकै थियो विश्वासको त के कुरा गरौ मैले
नियम बुझ्न दस्ताबेजको अहो लेखाइ माग्न बिर्सेछ यार

म सधैं सधैं हतार हतारमानै हुन्छु बोल्छु पनि हडबडाउदै
अहो लक्ष्य उद्देश्य र कर्म संस्थापकलाई माग्न बिर्सेछ यार

यहाँ एक दिन आउछ कठै बर्बराउछ मैले कसो के भन्ने हो
पिरतीको खेलमा अझै एउटा सिकाइ माग्न बिर्सेछ यार

नियात्रा

# भेरीको गर्जनैगर्जन !



✍ युवराज नयाँघरे

'सर खोई त ?'

मेरो नाउँ लिनु र म ब्युँझनु सँगसँगै भयो। खलबल थियो चार बजे नै। उठेर म पनि तलै झरेँ। भान्सामा पस्दा तातो पानी र कफी चिया घुट्क्याउन पाइन्छ। त्यै लोभले ओछ्यान छाडेँ। भऱ्याङ झरेर भान्सामा पस्दा असिनपसिन थिए सबै।

'यो एक डल्लोले काम पुऱ्याउनुहोला !'

शान्तले तातोपानीसँग अर्को हातमा थमाए, कमलो कागजको एक पोको।

'खुवाउने काम मेरो। अरू थान्को मान्को गर्नुहोला आफैँले।' मैले पानी खाँदै त्यो टिस्यू पेपर हेरेँ।

छेवैका निमाले भने- 'आजैदेखि पानी छोड्ने। यसैले दिसा पुछ्ने।'

आजदेखि हिँडाइ सुरू हुँदै थियो। अब सबैबाट बेखबर हुँदै थिएँ। सम्पर्क कम हुन्थ्यो। चिसोमा थप चिसिने ठाउँतिर जाँदै थिएँ। सबै कुराले मन बलियो पारेँ। ज्यानमा आँट भरेँ। खुट्टामा ऊर्जा उमारेँ। आँखामा साहस थपेँ।

'गए देखिन्छ। नगए अरूका कुरामा रमाउनुपर्छ। आफैँ पुगेर रमाएको पो रमाइलो !' छातीभित्र यसरी जोस्याएँ।

आठ बजेतिर घामले जुफालमा पाइला हाल्दा छिरिङ आइपुगे। उनीसँग सिल्भियो अलिस स्पेसा, पाउल जोसेड, इमिल लोरेज, फ्रान्ज लोरेज, जोभिटा लोरेज, मार्कुस विन्करे, भेरेना विन्करे र डेविट बेथर थिए। छ जना नर र दुई जना नारीको समूहमा मिसिएर म लामो घुमघाममा जाँदै थिएँ। मन अर्कैअर्कै भइरहेको थियो।

भेटेकै क्षणदेखि डेविट नजिक भइहाले। उनको उज्यालो अनुहारले हाँसो र आत्मीयता पोखिहाल्थ्यो।

'तपाईंलाई यो लट्ठी ! पानी खाने बोतल नि यी !' छिरिङले सजिलो खालको लट्ठी थमाए। धेरै घण्टा पानी तातो भइरहने बोतल पनि दिए।

'हिउँले आँखा खान्छ। यो नछोड्नु।' उनले कालो चस्मा पनि दिए।

'पानी पेलेको पेलेकै गर्नुहोला !' छिरिङले झोला ढाडमा कस्दै भने। मैले पनि त्यतिन्जेलमा खाजा खाएर जुत्ताको तुना कसिसकेको थिएँ। झोला बाँधिसकेको

थिएँ ।

तल-तल भेरीको गर्जन डरलाग्दो थियो । पाराङ नाघेर धूलो र ओरालो झन् चम्केका भेटिए ।

तीनचार खैरे उकालो लाग्दै थिए । तिनको पछिपछि पाँच-छ नेपाली भरिया थिए । नाकबाट तरतरी पसिना छुटेको देखेँ मैले भरियाका । अक्करे पहाड वरिपरि घुमिरहेकै देखिथ्यो रन्केको घाम ।

'अण्डा म्यान आए !' डालप्रसाद देखापर्दा छिरिङले भने । अण्डा बोकेथे डालप्रसादले । कालागौँडा पुग्यौँ । १०-१२ वटा घर थिए कालागौँडामा ।

खैरेले पनि पानी खान बिसाएका रहेछन् झोला र लट्ठी । उनीहरू ज्यान छाडेर बाटोछेउमा बसेथे । दुनैबाट आएको फराकिलो बाटो यहाँ भेटिएथ्यो ।

'खैरेले यस्तो बाटो देख्यो कि मुख खुम्च्याउँछन् !' 'घोडा, खच्चड मात्र हिँड्ने बाटो मन पराउँछन् । गाडी कुद्ने बाटो देख्यो कि मनमनै रिसाउँछन् यिनीहरू ।' छिरिङले खैरे हृदय पढेर भने ।

'हामी चैँ गाडी कुद्ने बाटो नदेख्दा कन्चट चड्किने गरी रिसाउँछौँ ।' मैले भनेँ ।

कालागौँडामा तरकारी, अन्नपात फलेको देखियो । खोला छेउछाउका गरामा धान लहलहाएको पनि देखियो । घरको वरिपरि लहलहाएको तरकारी र चरिरहेका कुखुरा देख्दा खैरे पनि रमाए ।

अक्करे ढुङ्गा, अनौठा पत्रे चट्टान र भिरैभिर गएको छ बाटो । बाटो मास्तिर कालो पहाड छ । पूर्वपट्टि भेरी गर्जेर बगिरहेको छ ।

ओहो, कस्ता पहाड हुन् यी ? कति सान्हा न सान्हा ? कति अरिमट्ठे ढुङ्गा होलान् ?

हावाले ताछेका ढुङ्गा यी । घामले पगाल्नुसम्म पगालेका चट्टान यी । पानीले पखाल्नुसम्म पखालिएका पत्थर यी । अनि ढुङ्यानको रासले चुच्चिएका यी जब्बर पहाडहरू । आँखामा अनौठो र छातीमा छालको चुली ठडिइरहेथ्यो पटकपटक ।

पूर्वीतिर आँखाले ठम्याउन नसक्ने पाटनहरू छन् । एकपछि अर्को मनै भरङ्ग पार्ने पाखा देखिन्छन् । अनौठा बिस्मित पार्ने, उदेकलाग्दा फाँटहरू देखेर आँखा चकित बनेका बनेकै हुन्छन् ।

छक्क परेर हेरिरहेको छु म । काला, चुच्चा, थेप्चा, तीखा र गोला ढुङ्गाले पहाड अग्लाएको लाग्छ । संसारका सबै अनौठा रूप र रङ यतै चम्केको लाग्छ । आँखा गल्ने अग्ला चुली छन् । ओहो, कति अग्लो, कति तन्किएका पहाड, कति फैलिएका पाटन, कति लम्बिन सकेका यी चुचुराहरू !

मनमा एकपछि अर्को खसखस उठिरहन्छ ।

पहाडको चेपमा गिद्ध उडेका छन् ।

'याक, भेडा मरे कि ?' छिरिङ अनुमान गर्छन् । 'नाउर, हिउँ चितुवा मरे कि ?' मैले पनि थपेँ ।

भेरीपारि चौँरीका बथान छन् । हामी वारि-वारि दक्षिणतिर लम्केका छौँ । पहाडका घुम्तीहरू कतै पहिरेर खसेका देखिन्छन् । कतै चट्टानहरू ध्यान गर्न बसे जस्तो बाटामा भेटिन्छन् ।

पाउल पानी खाँदै गरेका भेटिए ।

'त्यति धेरै खोर्सानी सबै गाउँलेले खान्छन् ?' 'खान्छन् नि । अझ नपुगेर किन्न पनि पुग्छन् यी ।' मैले उत्तर दिएँ । तिनले गाला तन्काएर अचम्म माने ।

पाउललाई थाहा छैन, गरिबको भान्सा भनेकै खोर्सानीको सिँगारपटार हो । दुःख र विजोग सप्लाएको यो अनकन्टारमा खोर्सानीको मान छ ठूलो ।

दक्षिणी तेर्छोतिर लागिरहेका छौँ लगातार । टन्टलापुर घामले भित्री लुगा भिजिसकेका छन् ल्यापल्याफी । बाटाको धूलोले डोल्पाको चिनो गालाका पाटा, ओठ, नाके डाँडी र कन्चटतिर छाड्न खोज्दै छ । घाम, धुलो र हावासँग भेट भइरहेकै छ । अब हिउँसँग भेटेपछि शरीर बन्छ मेरो पुरै डोल्पाली ।

दुई बजेको पनि थिएन होला, हामी रूपगाड पुग्यौँ । जम्मा तीन घर थिए रूपगाँडमा । 'देवे, सिंहे, गोकर्णेका घर यी !' जयबहादुरले चिनाए ।

भेरीको किनारमा घर थिए काठे चिर्पट, माटो र ढुङ्गाले छापेका । थारोभरि आइमाईहरू खोर्सानी सुकाइरहेथे । सिमीका चाङ तह लाइरहेथे ती ।

बारीभरि खच्चड र घोडा थुप्रै चरिरहेका देखिन्थे ।

खोला छेउमा लस्करै छ वटा तिर्पाल गाडिएका थिए । पहेँला तिर्पालअघि नै कति बेला हो गाड्न पुगेछन् धनबहादुरले । दुबैतिर अत्यासलाग्दो फलामजस्तो कठोर पहाडको खोँच थियो । त्यही खोँचको एउटा कुनामा हाम्रा पहेँला तिर्पाल गाडिएका थिए ।

तीन घरको माझमा एउटा सानो देउता थान थियो । त्यहाँ ठूलो पीपलको रूख थियो । त्यसैको आडैमा हाम्रो पनि टेन्ट गाडिएको थियो । सबै स-साना तिर्पाल थिए । एउटा ठूलो चारकुने तिर्पाल थियो । अरू बस्न र सुत्न मिल्ने खालका थिए । एउटा चैँ उभिएर नाच्न, गाउनै मिल्ने खालको थियो ।

'यो चैँ डाइनिङ ।' चारैकुना देखाएर छिरिङले चिनाए । घरकै चुलोलाई हामीले आफ्नो पकाउने भान्सा घर बनाएछौँ । अघिल्लो दिन नरभूमको आँगनमा बजारै लागेथ्यो ।

शान्तले २२ दिनलाई पुग्ने सरसामान गजबले ठूलो तिर्पालमा भेला

पारेथे । छेवैको पसलबाट सामान, नुन, चिनी, घिउ, तेल, मासु, अण्डा आयो । पाउरोटी, माछा, पास्ता, ओलिभ तेल, चिज, स्यापागेटी यी खैरेलाई ।

'हाम्रा मेम्बरलाई चैँ यी !'

चिया, दाल, आलु, चामल, चिउरा थिए एकातिर । खच्चडवाला, किचेन ब्वाइ, पोर्टर शेर्पाका लागि यी खाना । तिर्पालमा हालिएको सामान २२ बोरामा हालियो । साबुन, सलाईदेखि मट्टितेलसम्म । चाउचाउदेखि सुकेको च्याउसम्म ।

पहिले प्लास्टिकमा हालेर फेरि अर्को बोरामा हालियो । २५/२५ किलोको भारी बनाइएको थियो । अघिल्लो साँझ धनबहादुरलाई फेरि सोधेथे शान्तले- '२२ खच्चड भए हैन त ?'

खैरे फटाफट हिँडी हाले । तिनलाई पछ्याएर म नि हिँडेँ । तुलबहादुर, पृथ्वी डाँगी, जयबहादुर डोको बोकेर अघि लागे । निमा, वाङ्चेल र तेन्जीले पनि गतिलै झोला भिरेका थिए ।

जुफाल छाडेर उनीहरू दुनैतिर हुइँकेका थिए बेस्सरी । पहिलो दिन भएर हो कि एकोहोरो लम्के उनीहरू । तेर्पे र ओरालीमा ती गुड्डु कुदिरहे..कुदिरहे...।

हामी पनि निकै दगुर्‍यौँ । छिरिङ, शान्त र म सँगसँगै जस्तै थियौँ । ओरालो, तेर्सो र फाँट भएर डाँगीबाडा पुग्यौँ । आज अलिक बेग्लै गोरेटोतिर लगेछन् ।

डाँगीबाडासम्म म आएकाले मेरा आँखाले सहजै माने । यी अनौठा र छाँगाछुर भीरमा पनि त्यति धेरै बिरानो ठानेनन् । डागीबाडा छाडेर घुम्ती लागे पछि मेरा लागि सबथोक नौलो, सबथोक अनौठो, सबथोक छक्कलाग्दो ।

निकै तेर्सो हिँडेपछि घुमाउरो आयो । पारिपट्टि पाटन देखिन्थ्यो । पाटनमा गाई, भेडा, च्याङ्ग्रा र बाख्राका बथानै थिए । दक्षिणपट्टिको ठूली भेरीको हरियो पानीसँग आँखा हुन्छन् नजिक नजिक । अक्करे चेपमा ठोक्किएर खोलो गर्जिएको माथिसम्मै सुनिन्थ्यो ।

धान फलेका पहेँलपुर गरामा मन जान्छ, आउँछ । बाटो तल रातै खोर्सानी नै खोर्सानी देखियो । बोट सुकेका, झुप्पा खोर्सानी फलेका । यै खोर्सानीका बोट, हाँगा, झुप्पा र पातलाई नजिकै खिचिरहेथे क्यामेराले पाउल । उनलाई निकै अनौठो लागेछ ।

तीनचार घर थिए । पाराङ गाउँ रै'छ यो ।

मास्तिर बारीमा पाँच छ जना महिला सिमीका झाङ बटुल्दै थिए । पाटनको चेपैचेपको ओरालो झरेका छौँ । हामी झरेको भागमा केही हरियोपरियो थियो । पारितिर एक थोपो हरियो थिएन । खैरो पहाड थियो । ढुङ्गा, माटो सबै रातो थियो ।

'राति आएर खच्चडमा सामान हाल्नु । बाटोमा सामान झार्ला नि ।

भिरका ढुङ्गामा धसारेर भारी च्याप्दै पुग्ला । तरकारी किचिएला । भारीको सामान टुटे फुटे म पैसा कटाउँछु नि ।'

शान्त खैखबरी गरिरहेथे ।

रूपगाडमा हामी बसिरहँदा खच्चड आइपुगे, दिउँसोतिर । आएका सामान धमाधम कोही तिर्पालवरि परि झारिए । कोही भान्सातिर, कोही बाटोछेउमा राखिए ।

कात्तिकको चिसो साँझ । म तिर्पालभित्र छु । रूपगाडको यो चकमन्न रात । हावा बेस्सरी चलेको छ । यी भिर र खोंचमा लुकेको चिसो अहिले वरिपरि आइरहेको छ । भेरीको चिसो बटारिएर आइरहेको छ । लडाइ हाल्ने, शरीरै लाछ्लुछिने, हावाको फुँइकी चलेकोचलेकै छ । '२२ दिनलाई हुने गरी लुगा लाउनोस् !' राति छिरिङले भने ।

हुन पनि जाडो यति थियो, भनी साध्य नै छैन । किनभने उच्च लेकको हिमाली नदीको हावा घोलिँदा कस्तो हुन्छ होला ? हिउँमा थिग्रिएर आएको सिरेटो कस्तो हुन्छ होला ? यी सबै कुराहरू मेरो शरीरले केही दिन भोगिरहेकै थिए । अहिले झन् बेहोरिरहेको थिएँ ।

हाम्रो तिर्पालछेवैमा आठ खच्चड र दुई घोडा बाँधिएथे । तिनको टाङटाङ-टुङटुङ घण्टी मध्यरातको चिसोमा बजिरहेकै थियो । 'यति लामो हिँडाइमा जुत्ता ठूलो कुरो हो । लठ्ठी त रूखको हाँगो टेक्दै भए नि हिँडुँला ।' अनि जुत्ता भित्रै राखेँ, लट्ठी बस्यो बाहिरै ।

भेरीको गर्जन चर्को न चर्को थियो । कानमा सङ्गीत भयो त्यो । मैले साथी बनाएर सुत्न खोजेँ । आँखामा निन्द्रा बसाइँ सरिसकेको लाग्छ ।

हावाले प्याट्टप्याट्ट हिर्काइरहेको छ तिर्पाललाई । रातभरिमा उडिसक्ने पो हो कि यो पहेँलो घर ? अर्को उकुसमुकुस फेरि थपियो । भेरीको चर्को स्वर र हावाको माझ मेरो निन्द्रा आउन खोज्दै छ । ♦♦

## गीत



✍ **दिपकराज विश्वकर्मा**

नयाँ जिन्दगीको शुभकामना
यो जुनीभरि तिम्रै हुँ भनि कसम खानेलाई
मुटुभरिको माया छ रेस्सम बिर्सेर जानेलाई

आफैले रोप्यौ पिरती
आएर यो मनमा, मोहनी लायौ खुसी जगायौ
छोएर यो तनमा
पन्चेबाजा बज्यो बरै अर्कैको आँगनमा
नयाँ जिन्दगीको शुभकामना

रुनै परे मै छुनि, कत्ति नरुनु तिमी
मेरै बन्नु होइन नि माया
खुसी हुनु तिमी,
नयाँ जिन्दगीको शुभकामना

# गोपनीयताको हकको सन्दर्भमा शंकित वा आरोपित व्यक्तिको विवरण सार्वजनिकीकरणः एक विश्लेषण



✍ प्र.उ. मोहन कुमार थापा

**विषय प्रवेशः**

गोपनीयताको हक व्यक्तिको आत्मसम्मान, मानख्याति, स्वास्थ्य, सम्पत्ति जस्ता कुराको सुरक्षा प्रदान गर्ने हक हो। गोपनीयताको हक व्यक्तिको नितान्त गोप्य र नैसर्गिक अधिकार हो । गोपनीयताको हक व्यक्तिले सुरक्षा र न्याय खोज्न सक्ने हक हो। गोपनीयताको हक बाँच्न पाउने र स्वतन्त्रताको अधिकारको अभिन्न अंग समेत हो । व्यक्तिको जीउ, परिवार, सम्पत्ति, तथ्याङ्क, आवास लगायतका विषयहरूमा अनावश्यक रूपमा सरकार वा अन्य कसैले हस्तक्षेप वा अतिक्रमण गर्न पाउँदैन । अपराध अनुसन्धानको सिलसिलामा मुद्दाको पक्षहरूको व्यक्तिगत विवरण सार्वजनिक नगरी गोप्य राख्ने, कानून बमोजिम गोप्य राख्नुपर्ने विवरण सार्वजनिक नगर्ने दायित्व सार्वजनिक निकायको हुन्छ। अपराधको अनुसन्धान, अभियोजन र न्यायिक कारबाहीको नाममा गोपनीयताको अधिकार जथाभावी उल्लङ्घन गर्ने अधिकार सार्वजनिक निकायलाई नभएको भनी विभिन्न मुद्दाहरूमा सम्मानित सर्वोच्च अदालतले व्याख्या समेत गरेको छ।

प्रचलित संविधान, कानून, सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्त र अन्तर्राष्ट्रिय दस्तावेजहरू समेतको अध्ययन गर्दा कुनै पनि व्यक्ति फौजदारी कसूरमा हिरासतमा वा थुनामा रहेको अवस्थामा अरू व्यक्तिको भन्दा निजको वैयक्तिक स्वतन्त्रता केही हदसम्म नियन्त्रित हुन पुग्न जाने हुँदा वैयक्तिक स्वतन्त्रता र गोपनीयताको हक अन्तर्गतका सबै विषयहरू असीमित, अनियन्त्रित, पूर्ण र निरपेक्ष होइनन्। अपराध र अनुसन्धानको बारेमा नागरिकको सुसूचित हुने अधिकारको प्रवर्द्धन गर्न फौजदारी कसूरमा आरोपित व्यक्तिको विवरण सार्वजनिकीकरण गर्दा त्यसले नागरिकहरूलाई सुरक्षाको अनुभूति गराउनुका साथै सम्बन्धित अपराधबाट बच्न समेत नागरिकलाई सहज हुने तथा अपराधीले समाजमा अपराध घटाउने र त्यही समाजमा लुकेर बस्ने हुँदा अनुसन्धानको

क्रममा अभियुक्त सार्वजनिकीकरण गर्दा समाजले समेत अपराध तथा अभियुक्तको बारेमा महत्वपूर्ण सूचना प्राप्त गर्दछन् । समाजले समेत अपराध तथा अभियुक्तको बारेमा महत्वपूर्ण सूचना प्रहरीलाई उपलब्ध गराउने हुँदा अपराध रोकथाम तथा नियन्त्रण गर्ने जस्तो चुनौतीपूर्ण कार्यमा प्रहरी तथा समाजको सहकार्यबाट सफलता प्राप्त भई कानूनको उल्लङ्घन गर्ने व्यक्तिहरू सजायबाट उन्मुक्ति पाउने अवस्थाको अन्त हुन जान्छ । त्यसैले नागरिकको सूचनाको हकको सन्दर्भमा समेत निश्चित सीमामा रही त्यस्तो सूचना सार्वजनिकीकरणले कसैको गोपनीयताको हकमा असर नपर्ने हुँदा समेत फौजदारी कसूरको अनुसन्धानको सिलसिलामा शंकित वा आरोपित व्यक्तिको प्रचलित कानून बमोजिम तोकिएको विवरण सार्वजनिक गर्न बाधा पर्दैन भन्ने तर्क समेत गर्ने गरिन्छ ।

यसै सन्दर्भमा शान्ति सुरक्षा र सुव्यवस्थामा सकारात्मक प्रभाव पर्ने खालका अपराध एवं घटनाहरूमा प्रहरीले कसूरमा संलग्न व्यक्तिको विवरण र तस्विर सार्वजनिक गर्ने गर्दछ । यसरी प्रहरीले आम समुदायको जानकारीको लागि सूचनाको हक अन्तर्गत व्यक्तिको विवरण र तस्विर सार्वजनिक गर्ने गरेको हो । शंकित वा आरोपित व्यक्तिको सार्वजनिकीकरणले सम्बन्धित व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हक, निर्दोषिताको अनुमान सम्बन्धी हक, कानून व्यवसायीसँग सल्लाह लिन पाउने हक, सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक, यातना विरूद्धको हक लगायतका मौलिक हकहरू प्राप्तिमा बाधक हुन्छ, हुँदैन ? कानून विपरीत अर्थात् अनधिकृत रूपमा व्यक्तिको विवरण सार्वजनिकीकरण गर्दा कानूनी उपचारको व्यवस्था कस्तो रहेको छ ? फौजदारी कसूरको अनुसन्धानको सिलसिलामा शंकित वा आरोपित व्यक्तिको विवरण कानून बमोजिम प्रहरीले सार्वजनिक गर्न पाउने हो, होइन ? भन्ने सम्बन्धमा संवैधानिक, कानूनी, अदालती दृष्टिकोण एवम् अन्तर्राष्ट्रिय दस्तावेज समेतको आधारमा यस लेखमा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

**संवैधानिक एवं कानूनी व्यवस्था:**

**नेपालको संविधान**, २०७२:

नेपालको संविधान, २०७२ ले सूचनाको हकको प्रत्याभूति गर्दै "प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ तर कानून बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन"[१] भन्ने व्यवस्था गरेको छ ।

त्यसैगरी संविधानले गोपनीयताको

१.नेपालको संविधान, २०७२ को धारा २७ (सूचनाको हक)

हकको सुनिश्चित गर्दै "कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानून बमोजिम बाहेक अनतिक्रम्य हुनेछ"[२] भन्ने उल्लेख छ । यसरी नेपालको संविधानले गोपनीयताको हकलाई नागरिक मात्रको हक नभई सबै व्यक्तिको हकका रूपमा व्यवस्था गरेको छ। गोपनीयताको हक नेपाल भित्र रहेका जुनसुकै व्यक्तिका लागि समान रूपमा लागू हुने हकको रूपमा प्रचलित संविधानले प्रत्याभूत गरेको छ। व्यक्तिको मर्यादित जीवन बाँच्न पाउने अधिकार र स्वतन्त्रताको अधिकारको एक पाटोका रूपमा रहेको गोपनीयताको हक कानूनले तोकेको अवस्थामा मात्र हरण वा संकुचन हुन सक्दछ, कानून बमोजिम बाहेक यो हक अनतिक्रम्य हुने भनी संविधानले प्रत्याभूति गरेको छ।

त्यसैगरी संविधानले न्याय सम्बन्धी हकको उल्लेख गर्दै "कुनै अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसूर प्रमाणित नभएसम्म कसूरदार मानिने छैन"[३] भन्ने व्यवस्था गरी फौजदारी न्यायको महत्वपूर्ण सिद्धान्त निर्दोषिताको सिद्धान्तलाई समेत अंगिकार गरेको छ।

यसरी गोपनीयताको हक र न्यायसम्बन्धी हकको संवैधानिक व्यवस्थालाई अध्ययन गर्दा संविधानले कानून बमोजिम अभियुक्तको विवरण सार्वजनिक गर्न प्रतिबन्ध लगाइएको देखिदैन।

**वैयक्तिक गोपनीयता सम्बन्धी ऐन**, **२०७५:**

"व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयताको हकलाई सुनिश्चित गर्ने, सार्वजनिक निकाय वा संस्थामा रहेका वैयक्तिक सूचनाको संरक्षण र सुरक्षित उपयोगको व्यवस्था गर्ने तथा व्यक्तिको गोपनीयता अतिक्रमण हुन नदिने"[४] उद्देश्यले नेपालको संविधानको धारा २८ मा प्रत्याभूत गरिएको गोपनीयता सम्बन्धी मौलिक हकको कार्यान्वयनका लागि वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ जारी भएको हो । यस ऐनमा "अनुसन्धान वा अभियोजन गर्ने अधिकारीले कुनै कसूरको सिलसिलामा अनुसन्धान गरेको विषय भएमा व्यक्तिको शारीरिक वा मानसिक अवस्था वा निजी जीवनको गोपनीयता खुलासा गर्न सकिनेछ"[५] भन्ने व्यवस्था रहेको छ। त्यसैगरी "शरीरको तलासी लिन नहुने तर

२. नेपालको संविधान, २०७२ को धारा २८ (गोपनीयताको हक)

३. नेपालको संविधान, २०७२ को धारा २० (५)

४. वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ को प्रस्तावना

५. वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ को दफा ३ को उपदफा (५) को देहाय (ग)

कुनै सुरक्षा जाँच वा फौजदारी कसूरको सिलसिलामा कुनै व्यक्तिको तलासी लिन सक्ने"[६] आवासको गोपनीयताको अधिकार अन्तर्गत कानून बमोजिम खानतलासी लिन अधिकार प्राप्त अधिकारी वा निजको आदेश बमोजिम बाहेक आवासमा प्रवेश गर्न गराउन र खानतलासी लिन वा लिन लगाउन हुँदैन[७] भन्ने व्यवस्था गरेको छ। फौजदारी कसूरको सिलसिलामा आवासमा खानतलासी गर्नुपर्ने भएमा लिखित सूचना दिई प्रचलित कानूनको कार्यविधि पूरा गरी खानतलासी गर्नुपर्ने,[८] फौजदारी कसूरको अनुसन्धान वा अभियोजनको सिलसिलामा अधिकार प्राप्त अधिकारीले आदेश दिएमा कुनै पनि व्यक्तिको वैयक्तिक लिखत वा त्यसको विवरण सार्वजनिक गर्न गराउन वा अध्ययन अनुसन्धान वा परीक्षण गर्न गराउन सक्नेछ"[९] भन्ने व्यवस्था रहेको छ। त्यसैगरी उक्त ऐनमा कुनै फौजदारी कसूरको सिलसिलामा प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारीको आदेशले चिठ्ठीपत्र, पत्राचार, विद्युतीय पत्र (इमेल) उपलब्ध गर्न वा गराउन सकिनेछ[१०] भन्ने व्यवस्था छ भने "कुनै फौजदारी कसूरको सिलसिलामा प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारीको आदेशले चिठ्ठी पत्र खोल्न पाउने"[११] व्यवस्था छ । "कानून बमोजिम अनुसन्धानको सिलसिलामा रहेको कुनै पनि व्यक्तिलाई लागेको कसूरको सम्बन्धमा सम्बन्धित निकायमा अभियोगपत्र दायर नभएसम्म निजलाई अधिकार प्राप्त अधिकारीले कुनै पनि तरिकाले सार्वजनिक गर्न वा गराउन हुँदैन। तर त्यस्तो अभियोग लागेको व्यक्तिको नाम र निजलाई लागेको अभियोगको विवरण वा सूचना सार्वजनिक गर्न बाधा पर्ने छैन"[१२] भन्ने व्यवस्था भएकोले पक्राउ भएको व्यक्तिको विवरण सार्वजनिक गर्न कानूनले पूर्ण रूपमा प्रतिबन्ध लगाएको अवस्था छैन।

त्यसैगरी सोही ऐनले "कसैलाई सताउने हैरान पार्ने र निजबाट कुनै अनुचित फाइदा लिने वा तस्विरको व्यापारिक प्रयोग गरी फाइदा लिने नियतले निजको मन्जुरी नलिई निजको तस्विर प्रकाशन, प्रचार प्रसार, खरिद बिक्री वा सार्वजनिक गर्न

६. वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ को दफा ५

७. वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ को दफा ७

८. वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ को दफा ८

९. वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ को दफा ११ को उपदफा (४) को देहाय (घ)

१०. वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ को दफा १३ (३)

११. वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ को दफा १४

१२. वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ को दफा १७

वा गराउन हुँदैन,"[१३] त्यसैगरी फौजदारी कसूरको अनुसन्धान, अभियोजन वा अदालती कारबाही वा कानून कार्यान्वयनको सिलसिलामा संकलन गर्न हुने,[१४] "अनुसन्धानको सिलसिलामा सम्बन्धित व्यक्तिको सहमति विना वैयक्तिक सूचनाको उपयोग गर्न, सार्वजनिक गर्न सकिने"[१५] भन्ने कानूनी व्यवस्था समेतको आधारमा विश्लेषण गर्दा अनुसन्धानको सिलसिलामा आरोपित व्यक्तिको नाम, अभियोग लागेको विवरण र तस्विर समेत सार्वजनिक गर्न वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ ले रोक लगाएको अवस्था छैन ।

**मुलुकी अपराध संहिता, २०७४:**

मुलुकी अपराध संहिता, २०७४ को भाग-३, परिच्छेद-१ मा गोपनीयता विरूद्दको कसूरको बारेमा उल्लेख गर्दै व्यक्तिको गोपनीयताको अधिकारको संरक्षण गरेको छ। दफा २९३ मा अर्काको कुरा सुन्न वा ध्वनी अंकन गर्न नहुने, दफा २९४ मा कानून बमोजिम बाहेक गोप्य राख्नु पर्ने विषय प्रकट गर्न नहुने, दफा २ ९५ मा अनुमति विना कुनै व्यक्तिको तस्विर खिच्न वा तस्विरको स्वरूप बिगार्न नहुने, दफा २९६ मा अनुमति विना एकको तस्विर अरूलाई दिन वा बिक्री गर्न नहुने, दफा २९७ मा चिठ्ठी खोल्न वा टेलिफोनमा गरेको कुरा सुन्न नहुने, दफा २९८ मा विद्युतीय माध्यमद्वारा गोपनीयता भंग गर्न नहुने, दफा २९९ मा छलकपटपूर्ण टेलिफोन वा सन्देश प्रवाह गर्न नहुने, दफा ३०० मा हैरान पार्ने बदनियतले चिठ्ठी पत्र लेख्न नहुने, दफा ३०१ मा अरूको शरीर खानतलासी गर्न नहुने, दफा ३०२ मा अरूको आवासमा अनधिकृत प्रवेश गर्न नहुने कानूनी व्यवस्था गरी सजाय समेतको व्यवस्था गरेको छ । संहितामा भएको उक्त व्यवस्थाले समेत अनुसन्धानको सिलसिलामा आरोपित व्यक्तिको विवरण र तस्विर सार्वजनिक गर्न रोक लगाएको अवस्था छैन ।

**मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४:**

अनुसूची १ र २ अन्तर्गतका कसूर सम्बन्धी मुद्दामा दफा १८३ ले पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने व्यवस्था गरेको छ । कुनै खास कसूरबाट पीडित व्यक्ति वा साक्षीको परिचय सार्वजनिक गर्दा त्यस्तो व्यक्ति वा साक्षीको सामाजिक प्रतिष्ठा वा इज्जत उपर प्रतिकूल प्रभाव पर्न सक्ने वा निज उपर अभियुक्त वा अन्य कुनै पक्षबाट अनुचित डर, त्रास वा भय हुन सक्ने वा निजको जिउ, ज्यानको सुरक्षामा प्रतिकूल असर पर्न सक्ने देखिएमा त्यस्तो व्यक्ति

१३. वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ को दफा १६

१४. वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ को दफा २३ को उपदफा (७) को देहाय (ग)

१५. वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ को दफा २६

वा साक्षीको नाम, थर, वतन वा निजको बाबुको नाम वा निजको परिचय हुन सक्ने अन्य कुनै हुलिया गोप्य राख्न अनुसन्धान अधिकारीले सरकारी वकिल मार्फत अदालतलाई अनुरोध गर्न सक्नेछ ।[१६] यसरी अनुरोध भएकोमा अदालतले त्यस्तो पीडित व्यक्ति वा साक्षीको नाम, थर, वतन, निजको बाबुको नाम वा निजको परिचय गोप्य राख्ने गरी आदेश दिन सक्नेछ ।[१७] यसरी गोप्य राखिएको व्यक्तिको नाम, थर, वतन वा बाबुको नाम सम्बन्धित मुद्दाको सुनुवाईका बखत वा सो सम्बन्धी विवरण प्रकाशन गर्दाका बखत अदालतको आदेश बमोजिम काल्पनिक नाम, थर, वतन वा बाबुको काल्पनिक नाम राखी प्रकाशन गर्नु पर्नेछ[१८] भन्ने व्यवस्था गरेको छ ।

**मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४:**

मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा २५ मा पीडितको स्वीकृति नलिई निजको वास्तविक नाम, तस्विर वा निजको चरित्रमा प्रतिकूल हुने गरी पत्रपत्रिकामा छाप्न वा प्रचार प्रसार गर्न हुँदैन भनी पीडितको गोपनीयताको अधिकारको व्यवस्था गरेको छ ।

**सूचनाको हक सम्बन्धी ऐन, २०६४:**

ऐनको दफा ३ मा “अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने सूचना र व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुऱ्याउने सूचना प्रवाह गरिने छैन” भन्ने व्यवस्था गरेकोले कसूरमा संलग्न व्यक्तिको विवरण सार्वजनिक गर्न रोक लगाएको छैन । उक्त ऐन अनुसार सार्वजनिक निकायले अधिकतम सूचना प्रवाह गर्नुपर्ने कर्तव्यमा जोड दिएको देखिन्छ । सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ (३) मा सूचना प्रवाह नगरिने सूचनाहरूको बारेमा समेत उल्लेख गरेको छ[१९] । तर उचित र पर्याप्त कारण भएकोमा बाहेक सूचना प्रवाह गर्नुपर्ने दायित्वबाट पन्छिन नमिल्ने

१६. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८३ (१)

१७. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८३ (२)

१८. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८३ (३)

१९. सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ (३): सार्वजनिक निकायमा रहेको देहायको विषय सम्बन्धी सूचना प्रवाह गरिने छैनः (क) सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने, (ख) अपराध अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने, (ग) आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैंकिङ वा व्यापारीक गोपनीयतामा गम्भीर आघात पार्ने, (घ) विभिन्न जातजाति वा साम्प्रदाय बिचको सु-सम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने, (ङ) व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुऱ्याउने विषय ।

भन्ने समेत उल्लेख छ । सूचनाको हक लोकतन्त्रको आधार स्तम्भ, सुशासनको पूर्वाधार तथा जिम्मेवार सरकार स्थापना गर्ने मुख्य संयन्त्र हो। सूचनाको हक भन्नाले सार्वजनिक सरोकार र चासोका गतिविधि माग तथा प्राप्त गर्ने अधिकार हो । कुनै पनि कुराको सुसूचित हुन पाउने हक हो । लोकतन्त्र र सूचनाको हक एकअर्काका परिपूरक र सहयोगी माध्यम हुन।

**बालबालिका सम्बन्धी ऐन, २०७५:**

बालबालिका सम्बन्धी ऐन, २०७५ ले कसूरजन्य कार्यको आरोप लागेका बालबालिका, पीडित बालबालिकाको नाम थर ठेगाना लगायतको कुनै पनि विवरण सार्वजनिक गर्न नपाइने[२०] कानूनी व्यवस्था भएकोले बालबालिका संलग्न मुद्दाहरूमा प्रहरीले कुनै पनि विवरण सार्वजनिक गर्ने गरेको छैन। पीडित बालबालिकाको बाल अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा त्यस्तो मुद्दासँग सम्बन्धित बालबालिकाको परिचय खुल्ने कुनै पनि विवरण कुनै छापा वा विद्युतीय सञ्चार माध्यमद्वारा प्रकाशन वा प्रसारण गर्न नहुने[२१] र कसैले पनि बालबालिकाको विरूद्धको कसूरबाट पीडित बालबालिकाको पहिचान खुल्ने गरी कुनै पनि सञ्चार माध्यममा सूचना वा समाचार सम्प्रेषण गर्न नहुने व्यवस्था गरेको छ।[२२] प्रहरी, सरकारी वकिल वा बाल अदालतले बालबालिका विरूद्धको कसूरबाट पीडित बालबालिकाको वास्तविक नाम र पहिचान नखुल्ने गरी अभिलेख राख्ने व्यवस्था मिलाउनु पर्ने[२३] साथै कुनै बालबालिकको विरूद्ध लगाइएको कसूरजन्य कार्यको अभियोगमा निजको प्रतिरक्षा गर्ने कानून व्यवसायी नियुक्त नभएसम्म बाल अदालतले त्यस्तो मुद्दाको कारबाही र किनारा गर्ने छैन[२४] भन्ने समेतको कानूनी व्यवस्था गरेको छ।

**अपराध पीडित संरक्षण ऐन, २०७५:**

अपराध पीडित संरक्षण ऐन, २०७५ ले जबरजस्ती करणी, हाडनाता करणी, मानव बेचबिखन, यौन दुर्व्यवहार र राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अन्य फौजदारी कसूरको अनुसन्धान, तहकिकात, अभियोजन र अदालती कारबाहीको सिलसिलामा पीडितलाई गोपनीयताको अधिकार हुनेछ[२५] भन्ने व्यवस्था गरी अपराध

२०. बालबालिका सम्बन्धी ऐनको दफा ११

२१. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७८(१)

२२. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७८(२)

२३. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७८(३)

२४. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८०(१)

२५. अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ६

पीडितको गोपनीयताको अधिकारको संरक्षण गरेको देखिन्छ।

**सर्वोच्च अदालतबाट जारी भएको विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षको गोपनीयता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका, २०६४ः**

सम्मानित सर्वोच्च अदालतबाट जारी भएको यस निर्देशिकाले बलात्कार, गर्भपतन, यौन दुर्व्यवहार, मानव बेचबिखन, हाडनाता करणी एवम् महिला विरूद्धको हिंसा, बाल अदालत वा बाल इजलाशबाट हेरिने बालबालिका पक्ष भएका मुद्दा, एच.आई.भी. एड्स संक्रमित व्यक्तिहरूसँग सम्बन्धित मुद्दाको अनुसन्धानदेखि फैसला कार्यान्वयनसम्मका कारबाहीको क्रममा र सो पश्चातको अवधीमा समेत पीडितको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने[२६] गोप्य राखिएको व्यक्तिको परिचय खुल्ने विवरण कुनै पनि माध्यमबाट प्रकाशनमा ल्याउन वा प्रचार प्रसार गर्न हुँदैन[२७] भन्ने व्यवस्था गरी निश्चित मुद्दाका पीडितहरूको गोपनीयताको संरक्षण गरेको छ।

**संगठित अपराध निवारण ऐन, २०७०ः**

संगठित अपराध निवारण ऐन, २०७० मा अभिलिखित सञ्चार सम्बन्धी विवरण संगठित अपराधको मुद्दाको कारबाहीको लागि बाहेक अन्य प्रयोजनका लागि गोप्य रहने[२८] व्यवस्था गरी अनुसन्धानको सिलसिलामा लिइएका सूचना एवं विवरणहरूको दुरूपयोग गर्न रोक लगाइएको पाइन्छ।

**छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ः**

छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ ले नेपालको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने, नेपालको सुरक्षा, शान्ति र व्यवस्थामा खलल पर्न जाने, कसैको चरित्र हत्या वा अपमान हुने वा लैंगिक हिंसा वा विभेदलाई बढावा दिने, विभिन्न जातजाति, धर्म, वर्ग, क्षेत्र, सम्प्रदायका मानिसहरू बिच वैमनस्य उत्पन्न गर्ने तथा साम्प्रदायिक दुर्भावना फैलाउने सर्वसाधारण जनताको सदाचार, नैतिकता, सामाजिक मर्यादामा आघात पर्न जाने विषयवस्तु प्रकाशन गर्न नपाइने[२९] गरी निषेध गरेको र निषेध गरेको कुरा प्रकाशन गरेमा प्रचलित कानूनले सजाय हुनेमा सोही बमोजिम र सो नभएमा दश हजार रूपैयाँसम्म जरिवाना वा एकवर्षसम्म कैद

२६. सर्वोच्च अदालतबाट जारी भएको विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षको गोपनीयता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका, २०६४ को दफा ३

२७.सर्वोच्च अदालतबाट जारी भएको विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षको गोपनीयता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका, २०६४ को दफा ८

२८. संगठित अपराध निवारण ऐन, २०७० को दफा ३०

२९. छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८ को दफा १४

वा दुवै सजाय हुने[३०] व्यवस्था रहेको छ।

**नेपाल सरकारवादी हुने फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन सम्बन्धी निर्देशिका**, २०८०:

नेपाल सरकारवादी हुने फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन सम्बन्धी निर्देशिका, २०८० मा कसूरका पीडित, साक्षी तथा अभियुक्तको विवरण सार्वजनिक नगर्दा सार्वजनिक शान्ति तथा सुव्यवस्थामा प्रतिकूल असर पर्ने अवस्थामा बाहेक अनुसन्धान वा अभियोजन गर्ने निकाय वा अधिकारीले कुनै पनि कसूरका पीडित, साक्षी तथा अभियुक्तको विवरण सार्वजनिक गर्नु हुँदैन[३१] भन्ने व्यवस्था गरेको छ। त्यसैगरी देहायको अवस्थामा अनुसन्धान प्रतिवेदन तथा अभियोगपत्र तयार गर्दा वा मुद्दा सम्बन्धी अन्य काम कारबाही गर्दा पीडित, साक्षी तथा अभियुक्तको परिचयात्मक विवरण गोप्य राख्नु पर्नेछ[३२]:-

(**क**) कुनै खास कसूरबाट पीडित वा साक्षीको परिचय सार्वजनिक गर्दा त्यस्तो व्यक्ति वा साक्षीको सामाजिक प्रतिष्ठा वा इज्जतमा प्रतिकूल प्रभाव पर्न सक्ने भएमा,

(**ख**) पीडित वा साक्षी उपर अभियुक्त वा अन्य कुनै पक्षबाट अनुचित डर, त्रास वा भय हुन सक्ने भएमा,

(**ग**) निजको जीउज्यानको सुरक्षामा प्रतिकूल असर पर्न सक्ने देखिएमा,

(**घ**) आरोप लागेको व्यक्ति कानूनको विवादमा परेका बालबालिका भएमा,

(**ङ**)अभियुक्त वा कागज गर्ने अन्य कुनै व्यक्तिको परिचयात्मक विवरण गोप्य नराख्दा परिचयात्मक विवरण गोप्य राख्नुपर्ने अवस्थाका पीडित वा साक्षीको परिचयात्मक विवरण गोप्य रहन नसक्ने अवस्था भएमा,

यसरी यस निर्देशिकाले समेत आरोपित वा शंकित व्यक्तिको नाम, अभियोगको विवरण र तस्विर सार्वजनिकीकरण गर्न पूर्ण प्रतिबन्ध लगाएको अवस्था रहेको छैन।

**अन्तर्राष्ट्रिय दस्तावेज**:

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ले कसैको पनि गोप्यता, परिवार, घर वा पत्राचारमा जथाभावी हस्तक्षेप गरिने छैन र उसको सम्मान र ख्यातीमा पनि आक्रमण गरिने छैन। हरेक मानिसलाई यस्तो हस्तक्षेप वा आक्रमण विरूद्ध कानूनको संरक्षण पाउने अधिकार

३०. छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८ को दफा १४

३१. नेपाल सरकारवादी हुने फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन सम्बन्धी निर्देशिका, २०८० को दफा २४ (१)

३२. नेपाल सरकारवादी हुने फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन सम्बन्धी निर्देशिका, २०८० को दफा २४ (२)

छ भनी व्यक्तिको गोपनीयताको हकलाई प्रत्याभूत गरेको छ ।[३३] त्यसैगरी नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR, १९६६), १९६६ ले कसैलाई पनि निजको स्वतन्त्र मन्जुरीबिना चिकित्सकीय वा वैज्ञानिक प्रयोग भोग्न लगाइने छैन[३४] फौजदारी कसूरको आरोप लागेका प्रत्येक व्यक्तिलाई कानूनबमोजिम दोषी प्रमाणित नभएसम्म निर्दोष भएको अनुमान गरी पाउने अधिकार हुनेछ ।[३५] कुनै पनि व्यक्तिलाई निजको गोपनीयता, परिवार, निजी आवास वा पत्राचारमा स्वेच्छाचारी एवं गैरकानूनी हस्तक्षेप गरिने छैन तथा निजको प्रतिष्ठा र ख्यातीमा गैरकानूनी आक्रमण गरिने छैन । यस्ता हस्तक्षेप वा आक्रमणका विरूद्ध प्रत्येक व्यक्तिलाई कानूनी संरक्षणको अधिकार हुनेछ[३६] भन्ने उल्लेख छ । यसरी आरोपित व्यक्तिको विवरण र तस्विर सार्वजनिक गर्न अन्तर्राष्ट्रिय दस्तावेजले समेत रोक लगाएको देखिदैन ।

**अन्य मुलुकको अभ्यास:**

अन्य मुलुकको अभ्यास हेर्दा विश्वका विभिन्न देशमा वैयक्तिक गोपनीयता सम्बन्धी कानूनी व्यवस्था गरेको पाइन्छ । संयुक्त राज्य अमेरिका, वेलायत, भारतमा समेत जिउ, आवास, पारिवारिक, सम्पत्ति सम्बन्धी वैयक्तिक गोपनीयताको कानूनी व्यवस्था भए तापनि आरोपित व्यक्तिलाई सार्वजनिक गर्न नपाइने भन्ने कानूनी व्यवस्था नभएको र अनुसन्धानको सिलसिलामा प्रहरीले आरोपित व्यक्तिको विवरण र तस्विर सार्वजनिकीकरण गरिरहेकै देखिन्छ ।

**सर्वोच्च अदालतको न्यायिक दृष्टिकोण:**

सर्वोच्च अदालतले सूचनाको हक, गोपनीयताको हक र अभियुक्तको विवरण सार्वजनिकीकरणको विषयमा गरेको केही फैसलाहरू देहाय बमोजिम रहेका छन् ।

प्रा.डा. भीमराज अधिकारी विरूद्ध स्थित राष्ट्रिय सूचना आयोग समेत[३७] भएको मुद्दामा "प्रजातान्त्रिक राज्य व्यवस्थामा

३३. मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १२

३४. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR, १९६६), १९६६ धारा ७

३५. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR, १९६६), १९६६ धारा १४(२)

३६. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR, १९६६), १९६६ को धारा १७

३७. ने.का.प. २०६८, अङ्क ४, निर्णय नं. ८५९४

हरेक सरकारी काम कारबाहीको जनताले जस्ताको तस्तै Censor नगरी थाहा पाउने हक हुने, प्रजातान्त्रिक राज्य व्यवस्थामा गोप्यता (Secrecy), Exception र सूचना सम्प्रेषण Rule हुनुपर्छ । प्रजातन्त्र खुलापनमा आधारित हुने हुँदा राष्ट्र हित र सार्वजनिक हितको लागि गोप्यता नराखी नहुने केही विषय बाहेक अन्य विषय सरकारले जनतालाई सुसूचित गर्नुपर्ने, गुपचुप र गोप्य राख्न नहुने" भन्ने समेत फैसला गरेको छ ।

त्यसैगरी अधिवक्ता बाबुराम अर्याल समेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं समेत[३८] भएको उत्प्रेषण/परमादेश मुद्दामा निम्न फैसला गरेको छ :

◆ गोपनीयताको हक व्यक्तिको नितान्त गोप्य र नैसर्गिक अधिकार हो । व्यक्तिको निजी काम कारबाही र गतिविधिहरूमा अनावश्यक रूपमा सरकार तथा तेस्रो पत्रबाट हस्तक्षेप नहुने प्रत्याभूति आधुनिक युगको गोपनीयताको हकको मुख्य उद्देश्य र विषय हो । गोपनीयता कुनै पनि व्यक्तिको एक्लै रहन पाउने अधिकार हो । अर्थात् Right to be let alone भन्ने सँग सम्बन्धित छ । कुनै पनि व्यक्तिको जीवनमा सरकार तथा अन्य पक्षबाट हुने हस्तक्षेपलाई यसले पूर्णतः नकार्ने ।

◆ संकटकालीन अवस्था परी वा राष्ट्रिय सुरक्षाको कारणले खबर आदान प्रदानमा रोक लगाउनुपर्ने भएमा वा त्यस्तो खबर आदानप्रदान गर्ने निकायमा वा प्रणालीमा नियन्त्रण गर्नुपर्ने भएमा मात्र त्यस्तो निश्चित प्रक्रियाको अधीनमा रही अधिकार प्रयोग गर्न सकिन्छ, कल डिटेल रिपोर्ट र एस.एम.एस लिने र हेर्न मिल्ने गर्न सकिँदैन । अपराध अनुसन्धानको नाममा शंकित व्यक्तिको गतिविधि हेर्ने नाममा सबैको गतिविधि र गोपनीयता उदाङ्गो बनाउनु पनि हुँदैन । त्यसकारण अनाधिकृतरूपमा लिइएको उक्त कलफोन तथा एस.एम.एस. डिटेल सदैव सुरक्षा निकायले राखिरहनु अनुपयुक्त र गैरकानूनी देखिन आउने ।

◆ स्थापित अन्तर्राष्ट्रिय मान्यताअनुरूप दूरसञ्चार सेवा प्रदायक कम्पनीहरूले कुनै पनि व्यक्तिलाई दूरसञ्चार सेवा उपलब्ध गराउँदा सो व्यक्तिको गोपनीयताको संरक्षण तथा त्यस व्यक्तिसँग सम्बन्धित तथ्याङ्कको संरक्षणको प्रत्याभूति गर्नुपर्ने हुन्छ । कुनै निश्चित कानूनी आदेश वा अग्रिम अधिकारसहितको औपचारिक लिखतको अभावमा अरूको दबाब प्रभाव वा प्रलोभनको भरमा अर्काको सूचना दिन नमिल्ने ।

◆ वास्तवमा अपराध अनुसन्धान कार्यपालिकाको विशेषाधिकारको र विशेष

३८. नेकाप २०७४, अंक १, नि.नं. ९७४०, फैसला मिति २०७२।१०।२१ गते

दायित्वको प्रश्न हो । सो सिलसिलामा कानूनका अधीनमा रही आवश्यक स्रोत वा क्षेत्रमा पहुँचलाई इन्कार गर्न मिल्दैन । अपराध अनुसन्धान छुट्टै विधा भएकाले राज्यले त्यसलाई हरहालतमा चुस्त दुरूस्त राख्नुपर्दछ।

यसरी उक्त फैसलामा "कानूनबमोजिम कुनै अपराध अनुसन्धानको सिलसिलामा जरूरी भई सूचना पहुँचका लागि अनुमति दिने प्रयोजनका लागि कानूनमा अन्यथा व्यवस्था नभएसम्म सम्बन्धित जिल्ला अदालतबाट अनुमति लिने व्यवस्था मिलाउनु" भनी फोनको कल डिटेल्स लिनु पर्दा अदालतको पूर्व अनुमति लिएर फोनको कल डिटेल्स लिनुपर्ने फैसला गरेकोले सोही बमोजिम अदालतको पूर्व अनुमति लिएर मात्र कुनै व्यक्तिको कल डिटेल्स लिने गरिएको छ। यो फैसला अनुसन्धानको सिलसिलामा दुरसञ्चार प्रदायक संस्थामा रहेको कल डिटेल र एसएमएस डिटेल अनधिकृत लिन नपाइने भन्ने सम्बन्धमा गरिएकोले अभियुक्तको विवरण सार्वजनिकीकरण गर्ने विषयसँग असम्बन्धित रहेको छ।

"अनुसन्धानको सिलसिलामा व्यक्तिको विवरण सार्वजनिक गर्न हुँदैन" भनी माग गरी सर्वोच्च अदालतमा दायर भएको निवेदक अधिवक्ता माधव कुमार बस्नेत विपक्षी तत्कालीन मन्त्रिपरिषद्, मन्त्रिपरिषद्को सचिवालय, सिंहदरबार समेत[३९] भएको रिट निवेदन (मुद्दा) मा "अनुसन्धान, तहकिकात वा पुर्पक्षको निमित्त थुनामा रहेका व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने, अमानवीय वा अपमानजनक कार्य भएमा संविधानको धारा १४(४) को व्यवस्थाले क्षतिपूर्तिको व्यवस्था गरेको र सो सम्बन्धमा यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ निर्माण भई लागु भइसकेको अवस्था रहेको र साथै छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा १४(ङ) ले सर्वसाधारण जनताको सदाचार, नैतिकता, सामाजिक मर्यादामा आघात पर्न जाने विषयवस्तु प्रकाशन गर्न नपाइने गरी निषेध गरेको र निषेध गरेको कुरा प्रकाशन गरेमा सोही ऐनको दफा २७ ले सजाय गर्ने गरेको व्यवस्था भएपछि निवेदकले माग गरेको विषयका सम्बन्धमा कानूनी व्यवस्था भइरहेको कानूनले निषेध गरेको त्यस्तो कार्यको सम्बन्धमा पीडित पक्षले कानूनी मार्ग अवलम्बन गर्न सक्ने नै हुँदा आदेश जारी गर्नुपर्ने अवस्था नदेखिएको" भनी रिट खारेज हुने गरी फैसला गरेको छ।

त्यसैगरी नेपाल प्रहरीले कुनै आरोपमा पक्राउ गरे लगत्तै त्यस्ता व्यक्तिलाई अपमानजनक रूपमा

३९. २०५९ सालको रिट नं. २७२९, परमादेश, फैसला मिति २०६२।११।२६

सार्वजनिक गर्ने, आरोप पुष्टि भएझैं गरी सार्वजनिकरूपमा सञ्चार माध्यममा प्रस्तुत गर्ने घटनाहरू बारम्बार देखा परेको कारण आत्मसम्मान गुमाउनु परेको, व्यक्तिको मौलिक हक र मानव अधिकारको हनन् हुन गएकोले यस्तो कार्यलाई तत्काल रोकी अपमानजनक रूपमा सार्वजनिक नगर्न, त्यस्तो समाचार सम्प्रेषणमा नियन्त्रण र सुपरिवेक्षण गर्न रोकी पाउँ भन्ने माग गरी सर्वोच्च अदालतमा दायर भएको अपूर्व खतिवडा समेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार समेत[४०] भएको रिट निवेदन (मुद्दा) मा "व्यक्तिको सार्वजनिकीकरणले स्वच्छ सुनुवाइमा प्रतिकूल असर परेको भन्ने समेत निवेदन दाबी रहेको छ। प्रत्येक व्यक्तिले स्वच्छ सुनुवाई सम्बन्धी अधिकार प्राप्त गर्ने भएकोले सार्वजनिकीकरणले न्यायिक निकाय पनि पूर्वाग्रही बन्दछ भनी शङ्का व्यक्त गर्नु उचित होइन । संविधान, कानून तथा न्यायका मान्य सिद्धान्त बमोजिम न्याय सम्पादन हुने हुँदा कुनै अमुक सूचनाबाट न्यायिक निर्णयमा असर पर्ने वा न्यायिक निर्णय प्रभावित हुने भनी न्यायिक स्वतन्त्रताको मूल्य मान्यता माथि नै शङ्का व्यक्त गरी गलत धारणा बनाउनु मनासिब नहुने। कुनै पनि व्यक्ति फौजदारी कसूरमा हिरासतमा वा थुनामा रहेको अवस्थामा अरू व्यक्तिको भन्दा निजको वैयक्तिक स्वतन्त्रता केही हदसम्म नियन्त्रित हुन पुग्न जाने हुँदा वैयक्तिक स्वतन्त्रतालाई असीमित, अनियन्त्रित, पूर्ण र निरपेक्ष हकको रूपमा ग्रहण गर्न मिल्ने नहुने" भनी रिट खारेज हुने गरी फैसला गरेको छ।

**निष्कर्षः**

नेपालको संविधान तथा प्रचलित कानून, अन्तर्राष्ट्रिय दस्तावेजमा भएको व्यवस्था र सर्वोच्च अदालतबाट प्रतिपादित नजिर (सिद्धान्त) समेतको आधारमा विश्लेषण गर्दा अपराध अनुसन्धानको सिलसिलामा फौजदारी कसूरमा संलग्न वा आरोपित व्यक्तिको नाम, अभियोगको विवरण र तस्विर सार्वजनिकीकरण गर्न पूर्ण रूपमा प्रतिबन्ध लगाएको देखिदैन । सूचनाको हक र गोपनीयताको हक दुवै मौलिक अधिकार हुन् र यी हकहरू एकअर्काका परिपूरक भएकोले यी हकहरू प्रचलन एवं कार्यान्वयन गर्दा दुवै हक हनन नहुने गरी सन्तुलन कायम गर्नु आवश्यक हुन्छ। संविधानले एकातिर व्यक्तिको गोपनीयताको हक सुनिश्चित गरेको छ भने अर्को तर्फ नागरिकको सूचनाको हक प्रत्याभूति गरेको छ । नेपालको संविधान अनुसार समेत गोपनीयताको हक असिमित र पूर्ण हक नभएकोले कानून बमोजिम अतिक्रमण गर्न सकिने हकको रूपमा रहेको देखिन्छ।

४०. ने.का.प. २०७३, अंक ४, नि.नं.९५७६, फैसला मिति २०७२/०६/०७

प्रहरीले गर्ने हरेक काम कारबाही पारदर्शी हुनुपर्ने, हरेक नागरिकले सूचना पाउने हक रहेको सन्दर्भमा अनुसन्धानको परिणाममा नागरिकको सुसूचित हुने अधिकारको प्रवर्द्धन गर्न सार्वजनिकीकरण गर्दा त्यसले नागरिकहरूलाई सुरक्षाको अनुभूति गराउनुका साथै सम्बन्धित अपराधबाट बच्न समेत नागरिकलाई सजग बनाउने, अपराधीले समाजमा अपराध घटाउने र त्यही समाजमा लुकेर बस्ने हुँदा अनुसन्धानको क्रममा अभियुक्त सार्वजनिकीकरण गर्दा समाजले समेत अपराध तथा अभियुक्तको बारेमा महत्वपूर्ण सूचना प्राप्त गर्दछन् । समाजले समेत अपराध तथा अभियुक्तको बारेमा महत्वपूर्ण सूचना प्रहरीलाई उपलब्ध गराउने हुँदा अपराध रोकथाम तथा नियन्त्रण गर्ने जस्तो चुनौतीपूर्ण कार्यमा प्रहरी तथा समाजको सहकार्यबाट सफलता प्राप्त भई कानूनको उल्लङ्घन गर्ने व्यक्तिहरू सजायबाट उन्मुक्ति पाउने अवस्थाको अन्त हुन जान्छ ।

त्यसैले निश्चित सीमामा रही त्यस्तो सूचना सार्वजनिकीकरणले कसैको हकमा असर नपर्ने भएको हुनाले अपराध सम्बन्धी सूचनालाई सार्वजनिक गर्नै हुँदैन भन्ने होइन । प्रहरीले पक्राउ गरेका सबै आरोपित एवं प्रतिवादीको विवरण सार्वजनिक गर्दैन । जुन घटना वा मुद्दा सार्वजनिक चासो र सरोकारको छ र प्रथम दृष्टिमै अपराध गरेको पर्याप्त प्रमाण छन् त्यस्ता व्यक्तिहरूको विवरण मात्र सार्वजनिक गर्ने गर्दछ । प्रहरीले हाल वार्षिक रूपमा करिब ६० हजार मुद्दाहरू दर्ता गर्ने गरेकोमा जघन्य र गम्भीर प्रकृतिका सार्वजनिक सरोकार र महत्वका विषयसँग सम्बन्धित प्रकृतिका केही मुद्दाहरूमा मात्र सार्वजनिक गर्ने गर्दछ । नेपालको संविधानको धारा २७ बमोजिम सार्वजनिक सरोकारको विषयमा सूचना सार्वजनिक गर्नु प्रहरीको कर्तव्य र दायित्व पनि हो ।

यसरी व्यक्तिको गोपनीयताको हक सम्बन्धी कानूनले सूचनाको हक सम्बन्धी कानूनलाई संकुचित पार्नु हुँदैन र सूचनाको हकको सीमाको रूपमा रहेको व्यक्तिगत सूचनालाई सार्वजनिक चासो तथा सार्वजनिक महत्वको कसीमा हेरिनु पर्दछ । कुनै पनि व्यक्ति फौजदारी कसूरमा पक्राउ, हिरासत वा थुनामा रहेको अवस्थामा अरू व्यक्तिको भन्दा निजको वैयक्तिक स्वतन्त्रता केही हदसम्म नियन्त्रित हुन जाने र वैयक्तिक स्वतन्त्रतालाई असीमित, अनियन्त्रित, पूर्ण र निरपेक्ष हकको रूपमा ग्रहण गर्न नमिल्ने हुँदा कानून बमोजिम अपराध अनुसन्धानको सिलसिलामा फौजदारी कसूरमा संलग्न वा आरोपित व्यक्तिको नाम, अभियोगको विवरण र तस्विर सार्वजनिकीकरण गर्न

बाधा पर्ने देखिँदैन । पक्राउ परेको वा हिरासतमा थुनामा रहेको व्यक्तिको समेत वैयक्तिक गोपनीयतासँग सम्बन्धित विवरण कानून विपरीत सार्वजनिकीकरण भने गर्नु हुँदैन ।♦♦♦

कविता

# शुभकामना



✍ **पदम दाहाल**

झरून् हर्षका आँसु रोमाञ्चकारी
झुलून् गर्व मुस्कान खस्बू फिँजारी ।
सदा प्रेम वर्षा भराऊन् प्रसन्न
उचो भै रमोस् भाग्य सौभाग्य जन्म ।१।

अहोरात्र आशा पलाऊन् सबैरै
सुदामाहरू मेट दिग्दार धेरै ।
रमाउन् चुली टाकुरी घाम लागी
निखारून् झरी मेघका मर्म बाढी ।२।

पसी भित्र सम्बुद्ध सद्भाव देऊन्
थलो यै बनोस् भीम सामर्थ्य देऊन् !
थपी मिष्ट भाषा हितैषी मितेरी
मिसाऊन् दिलासा फिरून् याद फेरि ! ।३।

अटून् अक्षिमा काकजङ्गा पसेर
सिमाना सबै नै बचाऊन् खटेर ।
नहुन् क्वै पराई बिराना कतै गै
हटाऊन् दुराशा बसी देशमा नै ।४।

शुभेच्छा छ मेरो इरादा उपल्लो
मनोकामना पूर्ण पारून् सकल्लो ।
सुसन्देश गोटा समाचार सग्ला
सदाचार मान्छे बनून् सार अग्ला ! ।५।

कथा

# परदेश



✍ **पूर्व प्र.व.उ. बिक्रम गुरुङ**

"तपाईँ पढे लेखेको हुनुहुन्छ काका, अनि किन मजदुरको काम गर्नु भएको ? तपाईँ किन अरू सजिलो कामहरू खोज्ने प्रयास गर्नुहुन्न ?" सँगै काम गर्ने युवा मजदुरको यो प्रश्नमा बूढो हुँदै गएका राजारामले कुनै जवाफ दिएनन् । ढलान गर्नको लागि राखिएको प्लाइउडमा हथौडाले किलामा प्रहार गर्दा राजारामलाई आफैंले आफूलाई किला हानेको जस्तो महसुस भयो, यस्तो प्रश्न उसलाई काँडाझैँ बिझ्थ्यो। बी.ए. पास गरे पछि युवावस्थामा उसको बेग्लै प्रकारको अहंकार थियो । पढे लेखेको भएपछि उसले अन्य मानिसहरूलाई केही जस्तो ठान्दैनथ्यो। यही अहंकारमा उसले आफ्नो आमाबुवालाई पढेपछि जागिर पायो भने कहिल्यै मजदुरी नगर्ने भन्दथ्यो। उल्टै भोकै मर्नेछु तर जीवनमा कहिल्यै मजदुरी नगर्ने भन्ने गर्दथ्यो। शिक्षित हुनुको अहंकारमा उसले अन्य कुनै सिप पनि सिकेन । बिहे गऱ्यो, सन्तान भए, त्यसपछि जीवन जिउनका लागि त केही गर्नुपर्ने बाध्यता थियो। अहंकार र आमाबुबाको असन्तुष्टिले गर्दा भगवानहरू पनि रिसाएको कारण होला उसले कतै पनि जागिर पाएन र अन्ततः बाँच्नको लागि उसले मजदुरकै काम गर्नु पऱ्यो।

"हेर बाबु हो, कुरा यस्तो हो, मनुष्य जीवनमा समयले जे भन्छ जे दिन्छ त्यो गर्ने हो । अहिले मेरो समयको माग भनेको मजदुरको काम गरेर आफ्नो परिवारलाई खुवाउने हो, त्यसैले म त्यही गरिरहेको छु र तिमीहरू पनि आफ्नो काममा ध्यान दिनु।" राजारामले दार्शनिक किसिमले आफ्नो शिक्षाको प्रमाण दियो । "काका, दिनानाथले कति पढेको छ ? उसलाई काममा किन ल्याउनु हुन्न, दिनभरि घुमिरहन्छ।"

"त्यसलाई पनि अहंकारले छोएको छ, विदेश जान्छ रे, म जस्तो काम गर्दैन रे।" राजारामले लामो सास फेर्दै भन्यो । "काका उसले ठिकै त भनेको छ, यहाँ मजदुरी गर्नेको कुनै इज्जत छैन । कामको कुनै ठेगान नै हुँदैन, ज्याला समयमा पाइदैन, त्योभन्दा पनि तपाईँले ब्याजमा यति धेरै सापटी लिनु भएको छ । हप्तामा किस्ता तिर्नुपर्छ । उसलाई विदेश पठाईदिनु, त्यहाँ

केही कमायो भने तपाईँको बोझ केही हलुका हुनेछ।

पाएको ज्याला लिएर साँझमा राजाराम घरतिर लाग्दा बाटोमा दिनानाथ देखियो । बल्ल दिउँसो केटाहरूले भनेका कुराहरू छर्लङ्ग भएको थियो। सबै गाउँलेहरूको अगाडि दिनानाथलाई गाली गर्नु उसको गल्ती थियो तर आज सारा गाउँलेको अगाडि बढी नै भएको थियो। रातको दश बजिसकेको थियो तर दिनानाथ अझै घर आएको थिएन । आमाको मन न हो चिन्ता गर्न थालिन् बिस्तारै राजाराम पनि आत्तिन थाल्यो। बाटोमा दिनानाथलाई गाली गरेको घरमा भनेको थिएन।

राजारामको बुढाबुढी रातभर निदाएनन् । अरूबेला जे जस्तो भए पनि दिनानाथ ढिलो चाँडो घर आउँथ्यो तर यसपटक घर आएन। सबै चिन्तित, गाउँका साथीहरूबाट थाहा भयो कि उनका केही साथीहरू विदेश जान लागेका छन्, ऊ पनि राति उनीहरूसँगै थियो रे । आमाको मन कटक्क भयो, पक्कै पनि ऊ आफ्ना साथीहरूसँग गयो । राजारामको मन भित्र मिश्रित अनुभूतिहरू घुमिरहेका थिए। डर थियो, यति सानै उमेरमा रिसाएर विदेश गयो, केही खुसी पनि थियो किनकि यहाँ डुलेर हिँड्नु भन्दा केही कमाएमा घरको हालत अलि राम्रो होला।

रेलको साधारण डिब्बाको झ्याल छेउमा बसेर दिनानाथ बिहानी पखको घामको उज्यालोमा नयाँ आशा खोज्दै थियो। जेलबाट रिहा भएजस्तो भित्र भित्रै अतिनै खुसी थियो। आज उसलाई आफ्नै बुबा संसारको सबैभन्दा निर्दयी मान्छे जस्तो लागिराखेको थियो। रेलको तीव्र गतिसँगै उसको सपना पनि तीव्र गतिमा बढिरहेको थियो। घरको परिस्थिति र बुबाको किच-किचका कारणले ऊ सधैं घरबाट भाग्न चाहन्थ्यो। सधैँ बलिउड फिल्मी दुनियाँमा हराउने दिनानाथ घरबाट भागेपछि ठूलो मान्छे नभई घर नफर्कने सोचमा थियो । ठुलो मान्छे बने पछि आफ्नै ठुलो गाडीमा गाउँ आउने सपना देखेको छ । आफ्नो घर अगाडि ओर्लनेछ, जब बुबा दौडिएर उसको छेउमा आउँदा बुबालाई बेवास्ता गरेर आमानिर जानेछ । आज उसलाई लाग्यो कि यो उसको सपना साकार पार्ने पहिलो कदम हो। साथीभाइको सहयोगमा घरबाट भागेर आएको थियो । यो उमेर नै यस्तै हो, जुन बहाबलाई समात्छ त्यतै बग्छ । समयको बहाबलाई चिन्न सक्ने मान्छे कमै मात्र हुन्छन्।

यता गाउँमा बिहान सबेरै ... घरको वातावरण सुनसान थियो । कोही कसैसँग केही बोलिरहेका थिएनन् । सबै जना चुपचाप आफैलाई सान्त्वना दिइरहेका थिए । सबैले प्रार्थना गरिरहेका थिए कि उनीहरू जहाँ गए पनि राम्रोसँग रहुन ।

चार दिदीबहिनीपछि जन्मिएको दिनानाथ परिवारको कान्छो थियो । बिस्तारै समयको प्रवाहसँगै दिनानाथ भागेको दुःख कम हुँदै गयो । वर्षौं बित्न लागेको थियो तर दिनानाथ गाउँ फर्किएको थिएन । एकातिर दिनानाथ घर फर्किने वा घरको लागि केही पैसा पठाउला कि भनेर आमाबुबा कुर्दै थिए भने अर्को तर्फ राजारामले लिएको ऋणको भार दिन प्रतिदिन बढ्दै थियो । दिनानाथले साथीको फोनबाट घरमा सबैसँग कुरा गर्थ्यो तर राजारामसँग कहिल्यै कुरा गरेन । बाबु छोरा दुवै एक अर्कासँग कुरा गर्न चाहन्थे तर दिनानाथ डरले बुबासँग र राजारामले अहंकारले कुरा गरेनन् ।

दिनानाथलाई काम सिक्न एक वर्ष लाग्यो, यता घरको अवस्था सुध्रिएन, राजारामले गाउँमा कहिले काम पाउँथ्यो कहिले पाउँदैनथ्यो । दिनानाथलाई त्यो परदेशको वातावरण कहिल्यै मन परेन, देशको सिमाना छाडेर रेलमा आउँदा देखेको सपनाहरू ओर्लदा सायद रेलभित्रै कतै छुटेको थियो । यहाँ हरेक पाइलामा उसले केही न केही गुमाउँदै गएको थियो । कहिले उसले आफ्नो गाउँको मिठो सम्झना गुमाएको थियो भने, कहिले उसले आफ्नो बाल्यकाल, कहिले उसको निन्द्रा हराएको थियो, कहिले सबैभन्दा धेरै उसले आफ्नो थकान र भोक गुमाएको थियो । कहिलेकाहीँ ऊ दुई छाक नै भोकै रहन सक्थ्यो । प्रविधिको यो दौडमा जहाँ धनी परिवारका बालबालिका मोबाइल/ल्यापटपको निलो किरणले समयअघि नै हुर्किरहेका छन्, त्यही दिनानाथ जस्ता किशोरको जीवन पनि काममा दौडधुप चहलपहलका कारण समय अघि नै हुर्केको थियो । अहिले एउटा कुरा उसले राम्ररी बुझेको थियो कि दुई-तीन घण्टा लामो फिल्ममा मात्र रातारात धनी बन्न सकिन्छ, वास्तविक जीवनमा होइन रहेछ ।

रिसाएर ऊ साथीहरूसँग परदेश त आएको थियो, तर यहाँ हरेक पाइलामा पैसा चाहिन्थ्यो, बस्ने ठाउँको भाडा चाहियो, खानाको लागि रासन चाहियो सबैमा पैसा चाहिन्थ्यो । जसरी भए पनि केही दिन टिक्यो तर यो परदेशमा कसले उसलाई बिना पैसा सधैँ साथमा राख्ने ? उनका सबै साथीहरूले मिलेर उसलाई खाना र बासको चिन्ता लिनु नपर्ने ठाउँमा काम लगाइ दिए । फ्याक्ट्रीमानै बसेर काम सिक्न थाल्यो, मजदुरको नाइकेबाट पैसा पनि पाउन थालेको थियो । दिन र रातमा छुट्टाछुट्टै सिफ्टमा कारखाना २४ सै घण्टा खुला रह्यो । हात परेको पैसाले भोक मेटाउन पर्याप्त थिएन । त्यसैले उसले भोक मेटाउन चार-पाँच वटा रोटी खानुको सट्टा दुई-तीनवटा मात्रै खान्थ्यो । किनभने बाँकी त्यही पैसाले भोलिपल्ट बिहानको खाजा खानुपर्थ्यो । जुन दिन बेलुकी पेट

भरी खाना खान्थ्यो भोलिपल्ट बिहानको खाजाको लागि पैसा बाँकी रहँदैनथ्यो । यदि कुनै दिन नाइकेले उसको सोझोपनको फाइदा उठाएर उसलाई पैसा दिएन भने त्यो रात भोकै सुत्नुपर्थ्यो । यसरी अब उसलाई भोकै बस्न पनि बानी परिसकेको थियो । उसलाई घरको सम्झनाले धेरै सताउथ्यो, तर कुन अनुहार लिएर जाने ? उसले काम सिकेर कमाउन नथालेसम्म गाउँ नफर्कने निर्णय गर्‍यो ।

सधैँ होटेलमा खाने गर्नाले र धेरै भोकै बस्दा उसको स्वास्थ्य दिनप्रतिदिन बिग्रँदै गइरहेको थियो । तैपनि उसले काम छिट्टै सिक्यो, पहिलो तलब पाएपछि, ऊ त्यही साथीहरूसँग बस्न गयो । तर पछिल्ला केही दिनदेखि उसको पेटमा अनौठो दुखाइ सुरू भएको थियो । औषधी पसलबाट औषधी लिएर जान्थ्यो । दुखाइ हट्थ्यो तर केही दिनपछि फेरि सुरू हुन्थ्यो । आफ्नै कमाइले उसको जीवन केही सहज हुन थालेको थियो । तर उसँग उपचार गर्ने पर्याप्त पैसा थिएन । दिनरात मेहनत गरेपछि उसले आफ्नो लागि एउटा मोबाइल किन्यो घर जानको लागि पैसा बचत गर्न थाल्यो । घर जान अझै केही महिना बाँकी थियो, तर एक दिन पेट दुखेर उसलाई असाध्यै पीडा भयो । पीडाले पानी बिनाको माछा जस्तै तड्पियो । सबैजना मिलेर उसलाई सरकारी अस्पतालमा भर्ना गराए, हतारमा शल्यक्रिया गरियो तर दिनानाथलाई होस नआएपछि आईसीयूमा राखियो ।

दिनानाथ भन्दा कम पढेका साथीहरूले डक्टरसँग के भएको हो सोध्न पनि सकेनन् । गाउँमा उनीहरू आफूलाई निकै बहादुर ठान्थे तर यहाँ विदेशमा कसैले मुख खोल्न सकेनन् । यहाँ एक किसिमको विभेद थियो, अस्पतालमा सबैले उसलाई अनौठो किसिमले हेर्दथे, त्यस्तै व्यवहार गर्दथे । मानौं ऊ मानिस नभएर कुनै अछुत वस्तु हो ।

दुई दिनपछि दिनानाथले जीवनको लडाइमा हार्‍यो, के भएको हो कसैलाई थाहा भएन । डाक्टरलाई कसरी सोध्ने र के सोध्ने ? केही डाक्टरहरू आपसमा कुरा गरेको सुनें कि पेटको आन्द्रा सुकेको थियो । कुनै अप्रिय घटना लुकाउन खोजेको जस्तो गरी डक्टरले हतारमा दिनानाथको शरीरलाई लैजान भने । यो परदेशमा अब के गर्ने, उनका साथीहरू रनभुल्लमा परे, उनीहरू सबै अपरिपक्व थिए । गाउँमा कसरी खबर गर्ने, यही अन्तिम संस्कार गर्ने वा गाउँ लैजाने र लाने हो भने कसरी लैजाने । त्यसपछि सबैले राम्ररी सोचेर दिनानाथको मोबाइलबाट राजारामलाई फोन गरे । राजाराम र दिनानाथ दुबैसँग एकअर्काको फोन नम्बर थियो तर कहिल्यै एकअर्कासँग कुरा गरेनन् । दिनानाथको फोन देखेर राजारामलाई खुसी हुने कि

रिसाउने एकिन गर्नै सकेन । उसको हात काँप्न थाल्यो, मुटुको धड्कन बढ्न थाल्यो । कसरी बोल्ने, बाबुको अहंकारले बोल्ने वा मायाले बोल्ने भन्ने पनि निर्णय गर्न सकेन । यसैबिच फोन काटियो । बाबु भएको अहममा यहाँबाट फोन गर्ने कि नगर्ने सोचमा थिए । दोस्रो पटक फोनको घण्टी बज्यो, एक पल पनि खेर नफाली राजारामले फोन उठाए । उसलाई अर्को तर्फ दिनानाथको साथीहरूले दिनानाथको बारेमा जानकारी गरायो । ऊ स्तब्ध भयो, उसको मन त पहिले देखिनै ढुङ्गा जस्तै कठोर थियो तर यसबेला कसैले त्यो ढुङ्गालाई हिउँ परेको ठाउँमा एक्लै छाडेको जस्तो भएको थियो । राजारामको आँखाबाट आँसु निस्किएनन् लाग्दथ्यो आँसुले बाटो बिराएको थियो । उसको शरीर थरथर काँपिरहेको थियो ।

"त्यसलाई गाउँ लिएर आउनु, आवश्यक पैसा म पठाइदिन्छु" भन्दै राजारामले फोन काटिदिए । यो समाचारले गाउँमा प्रलय आए जस्तो वातावरण बन्यो । दिनानाथ भर्खर अठार वर्षको पनि भएको थिएन । उसको मृत्युको खबर गाउँमा जङ्गलमा लागेको आगोभैंm फैलियो । मानिसहरू सपना बोकेर परदेश जान्छन् तर फर्किदा सपना पूरा हुनुको सट्टा दुःखद समाचार आउँदा, त्यसपछि जीवन जिउन गाह्रो हुनेरहेछ । शववाहनमा शव गाउँ ल्याउने व्यवस्था गरिएको थियो । सबै आफन्त पनि घरमा जम्मा हुन थाले ।

राजाराम पानीबाट बाहिर निस्केको माछाभैंm लडिरहेको थियो । उसको पछिल्लो ६ महिनाको कमाइ छोराको लाश ल्याउन खर्च भइसकेको थियो । धनीहरूका लागि सबै सम्भव हुँदो रहेछ तर गरिबको जीवनको शब्दकोशमा त्यस्ता शब्दहरू नहुँदो रहेछ, 'सम्भव' शब्द पनि तीमध्ये एक हो । टाढा परदेशबाट दिनानाथलाई समयमै गाउँमा ल्याई पुऱ्याउनु सम्भव थिएन । यसैबिच, राजारामको अगाडि आफ्नो जीवनका सबै गल्तीहरू घडीको सुई भैंm घुम्न थाले । दिनानाथको यो अवस्थाको लागि आफूलाई जिम्मेवार ठान्न थाल्यो । मानिसहरूले आफ्नो इच्छा पूरा गर्न के गर्दैनन् ? तर मानिसलाई कहिलेकाहीँ सबै जोखिममा राखेर केही पाए जस्तो पनि लाग्छ, तर जीवनसँग यति धेरै त मागेको थिएनौं ।

ठूलो गाडीमा गाउँ आउने दिनानाथको सपना पूरा भयो । तर यो मूल्यमा पूरा होला भनेर सोचेको थिएन होला । पूरा भएका सपनाहरू निकै महँगो थियो । अधुरा रहन गएका सपनाहरू जस्तै दिनानाथले गाउँ आएपछि बुवालाई बेवास्ता गर्ने सपना पूरा हुन पाएन । सधैंभैंm राजारामले घर आउँदा दिनानाथलाई वेवास्ता गर्दथ्यो आज आफ्नो जवान छोराको शव हेर्ने हिम्मत जागाउन सकेको थिएन । ♦♦♦

# नेपालको कान्छो गाउँः साङ्ता



✍ **पूर्व प्र.ना.उ. भोजराज पाण्डेय**

हामी मध्ये धेरै जसोलाई थाहा नहुन सक्छ नेपालको सबै भन्दा पछाडि पत्ता लागेको गाउँ मुस्ताङ जिल्ला अन्तर्गत बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको अति विकट हिमाली क्षेत्रको खोँचमा रहेको साङ्ता गाउँ भन्ने । भिरालो सतहको थोरै समथर भूभागमा स्थानीय स्तरमा नै उपलब्ध भएका परम्परागत ढुंगा र माटोले बनेका एकैनासका एकतले घरहरूले घेरिएर रहेको साङता गाउँ देख्दा त्यहाँ पुग्ने जो कोहीले आफूलाई मुर्धन्य महसुस गर्दछ। साङताले वास्तवमा नेपालीको अभाव, अशिक्षा र गरिबीको प्रतिविम्बको रूपमा आफ्नो उपस्थिति छर्लङ्ग पारेको छ।

नेपालका अन्य जिल्लाहरूमा जस्तो मुस्ताङ जिल्लामा जहाँ पायो त्यही गाउँ बस्ती बसाउन सकिदैन । भूगोलको हिसाबले जिल्ला विशाल देखिन्छ तर धेरै जसो भूभाग उच्च हिमाली श्रृंखलामा पर्ने हुँदा पर्याप्त भूगोल भए तापनि मानिसको बस्ती विकास गर्न असम्भव छ । मुस्ताङ जिल्लामा जम्मा ९६ गाउँ बस्ती रहेका छन्, त्यस मध्ये साङता गाउँ भूगोल र अन्य सुविधाको हिसाबले अत्यन्तै पिछडिएको छ । सदरमुकाम जोमसोमदेखि पश्चिम उत्तर करिब ४० किमि टाढा बारागुङ मुक्तिक्षेत्र गाउँपालिका वार्ड नं ५ मा पर्ने साङता गाउँ छिमेकी डोल्पा जिल्लासँग सीमाना जोडिएर रहेको छ । यो मुस्ताङ डोल्पा जोड्ने (गण्डकी र कर्णाली प्रदेश) ७५ किमि लामो सडक खण्ड अन्तर्गत पर्ने सडक हो। वरिपरि हिमालले घेरिएको तल फेदिमा रहेको गाउँ र त्यहा बसोबास गर्ने मानिसहरूको अनुहारमा रहेको भोलापन र मृदुभाषिता हेर्दा मानिस जस्तो सुकै कठिन भूगोलमा रहेको भए तापनि कसरी खुसी भई बस्न सक्छ ? भन्ने एउटा उदाहरण पनि बनेको छ साङता।

काठमाडौँ पोखरा लगायतका शहरहरूमा बनेका अग्ला सुविधायुक्त गगनचुम्बी भवनहरूको शुखसयलमा रमाउदा पनि मानिस आनन्दित छैन । शहरको कोलाहल, वायु प्रदुषण, ट्राफिक जाम लगायतका अनेकथरि झमेलाहरूले गर्दा मानिसमा उकुस मुकुस व्याप्त छ । त्यसमा पनि एकअर्काको देखासिकी गर्नु

पर्ने बाध्यताले कतिपय अवस्थामा औकात भन्दा परको आवश्यकता पूरा गर्न नसकेर अल्पायुमै देहत्याग गरेका उदाहरणहरू समेत गाउँमा भन्दा बढी शहरमा बग्रेल्ती देख्न पाइन्छ । तर हिमाली जिल्ला मुस्ताङको साङता गाउँ र त्यहाँ बस्ने मानिसहरूको दिनचर्या हेर्दा मानिसको वास्तविक जीवनको झल्को देखिन्छ । न कसैको कसैसँग कुनै रिसराग छ ? न बेमेल नै ? अझ भनौ न भविष्यको कुनै चिन्ता ? सानो, मिलेको एउटै रहनसहन, भेषभुषा र संस्कार सहितको ऐक्यबद्धता साङ्ता गाउँको वास्तविक यथार्थता हो ।

आफ्नो बासस्थान जसको लागि पनि अत्यन्तै प्यारो हुन्छ । मानिसको मात्र के कुरा जनावरको कुरा गर्ने हो भने पनि बासस्थान जस्तो सुकै होस प्यारो नै लाग्छ । बिहान घाम उदाएसँगै गोठालो बिना जङ्गलमा चराउन छाडेका वस्तुभाउहरू बेलुका बास बस्नको लागि आफै बाटो नबिराई आफ्नो बासस्थानमा आइ पुग्छन् । त्यसकारण मानिस लगायत प्राणी जगत जुन परिवेशमा जन्मे हुर्केको हुन्छ त्यो उसले कहिले पनि बिर्सन सक्दैन । गोरखाका राजा पृथ्वी नारायण शाहले थालेको नेपालको एकीकरण अभियानलाई पछि उनका उत्तराधिकारीहरूबाट पनि निष्टापूर्वक निरन्तरता दिएको कारण त्यतिबेलाको इष्ट इण्डिया कम्पनीसँग सुगौलीमा भएको सन्धि पश्चात नेपालको पूर्व पश्चिम र उत्तर दक्षिण सीमाना स्पष्ट कोरिएको थियो । पछि अंग्रेजलाई खुसी तुल्याए बापत प्राप्त भएका ४ वटा जिल्लाहरू  बाके, बर्दिया, कैलाली र कञ्चनपुर नेपालमा आए पश्चात नेपालको स्पष्ट भूगोलको सीमाङ्कन भएको थियो । सत्ता प्राप्तिको लागि राजधानी काठमाडौँमा बस्ने शासकहरू बीचमा विभिन्न कालखण्डमा भएका शक्ति संघर्षको कारण आफ्ना नागरिकको बारेमा सोच्ने फुर्सद कसैलाई पनि भएन ।

नेपालको सबै भूगोलमा सडक तथा सञ्चारको सुविधा अहिले त उपलब्ध हुन सकेको छैन भने त्यतिबेला कति नागरिकलाई कति सकस थियो होला ? तत्कालीन नेपालका शासकहरूले नेपाल र नेपालको कुनाकाप्चामा बसोबास गर्ने नागरिकको बारेमा थाहा पाउने प्रयास पनि गरेनन् । मुस्ताङको साङतामा बसोबास गर्ने बस्तीको बारेमा थाहा पाउन २०२२ सालसम्म कुर्नु पर्यो । अर्थात् नेपालको प्रशासनिक निकायमा अभिलेखको रूपमा साङता गाउँले २०२२ सालमा मान्यता पाएको थियो भन्न सकिन्छ । राजाको प्रत्यक्ष शासन कालमा यो गाउँ पहिला कागबेनी गाउँ पञ्चायतको वडा नं १ मा पर्दथ्यो । पछि नेपालमा २०४६ सालको आन्दोलन पश्चात पञ्चायतलाई हटाई

गाउँ विकास समिति नामाकरण गरियो र त्यति बेला पनि साङता कागबेनीको वार्ड नं १ मा नै पर्ने गरि भूगोलको विभाजन गरिएको थियो । नेपाल गणतन्त्रात्मक मुलुक भए पश्चात साङताले कागबेनीको अस्तित्वलाई फेर्न बाध्य भयो। जुन अहिले वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको वार्ड नं ५ मा पर्दछ। सरकारी एवं प्रशासनिक निकायमा सूचिकृत भएको साङताको इतिहास केबल ६ दशकको मात्र छ। यसैले नै यस गाउँलाई नेपालकै सबैभन्दा कान्छो गाउँ भन्ने गरिएको हो।

साङता मुस्ताङ र डोल्पाको सीमानामा पर्छ । भिरालो सतहमा अवस्थित मुस्ताङको साङ्ता बस्तीमा १३ घरधुरीको मात्र बसोबास छ। यहाँ जम्मा ३४ जना मात्र मतदाताले २०७९ सालमा भएको पछिल्लो निर्वाचनमा भाग लिएका थिए। राज्यले नेपालको सबै भूभागमा विद्युत पुऱ्याउने लक्ष्य लिएको भए तापनि अहिलेसम्म साङता गाउँ अन्धकार नै छ। सोलार जडानको प्रयास भए तापनि हिमालको खोँच रहेको र प्राय घाम नलाग्ने हुँदा त्यसले पनि मूर्त रूप प्राप्त गर्न सकेको छैन। सूचना प्रविधिको युगमा सूचना प्रवाह गर्ने साधन नै गाउँमा छैन। कागबेनी तथा फल्याक झरेको बेलामा चार्ज गरेर ल्याएको मोबाइलमा गेम मात्र खेल्न मिल्छ। गाउँमा मानिसहरू भेला जम्मा गर्न अपनाइने पुरानो कटुवाल प्रथा साङतामा यद्यपि कायम छ। गाउँमा केही पर्दा मानिसहरू भेला जम्मा गर्नु परेमा कटुवालले सञ्चारको काम गर्दछन्। मानिस बिरामी पर्दा करिब ३० किमि दुरीमा रहेको प्राथमिक स्वास्थ्य केन्द्र कागबेनी वा ४० किमि दुरीमा रहेको जोमसोम अस्पताल ल्याउनु पर्ने बाध्यता रहेको छ।

पहिला साङता सडक सुविधाबाट पनि पूर्ण रूपमा वञ्चित थियो। तर अहिले सडक सुविधा भने साङतासम्म जोडिएको छ । मुस्ताङ डोल्पा जोड्ने सडक स्तरोन्नति भई याकखर्कसम्म सडकको ट्रयाक जोडिएको हुँदा डोल्पालीहरूले यसै सडकको प्रयोग गरेर व्यापार व्यवसायको लागि ट्याक्टरमा सामानहरू ढुवानी गर्ने गरेका छन्।

यो सडक खुले पछि हिँउदको समयमा बाहेक अन्य समयमा साङतासम्म गाडी चल्न सहज छ। तर हिउँदको बेला गाडी चल्दैन । किनभने उच्च हिमाली भूभाग हुँदै बनेको सडक पार गरि साङता जानु पर्ने हुँदा हिउँ सडकमा जमेर आइस हुने भएकोले गाडी चल्न नसक्ने हुन्छ । त्यसमा पनि समय समयमा आउने हिउँ पहिरोले सडकसमेत बगाएर लैजाने हुँदा लामो समय सडक बिहिन हुनु पर्ने अवस्था छ । त्यतिबेला केही परेको अवस्थामा साङतासम्म हिँड्नुको विकल्प हुँदैन ।

हिउँदको करिब ५/६ महिना साङतामा बसोबास गर्ने सम्पूर्ण मानिसहरू आफ्ना वस्तुभाउ लगायतका सामानहरू बोकेर अन्दाजी ३० किमि टाढा फल्याकमा आई बसोबास गर्ने गर्दछन् । मानिसहरू यता झरेको बेला गाउँ भने रित्तो हुन्छ ।

साङता खेतीपातीको लागि उर्वर मानिन्छ । खेतियोग्य जमिन पर्याप्त नभए तापनि गाउँका सबै घरधुरीले उपलब्ध भएको सबै खेतबारीमा खेतीपाती गरेका छन् । सिजनमा यहाँ आलु, उवा, जौँ, सिमि र फापर खेती प्रशस्त हुने गरेको छ । उब्जनी भएको खेतीपातीले परिवार पाल्न भने धौँधौँ नै छ । केहीले व्यापार व्यवसाय तथा मलको लागि याक, चौरी र भेडाच्याङ्ग्रा समेत पालेका छन् । मुख्य सिजनको बेला यहाँका मानिसहरूले उच्च हिमाली भूभागमा पाइने यार्सा लगायतका जडिबुटीहरू संकलन गर्छन् । यो नै साङतामा बसोबास गर्ने मानिसहरूको मुख्य आम्दानीको स्रोत हो । यहाँका मानिसहरूलाई नेपालको राजनीति तथा राजनितिज्ञ एवं स्थानीय जनप्रतिनिधिको बारेमा समेत कुनै चासो र सरोकार छैन । धेरै जसोले शासकको बारेमा जानकारी र चासो नभएको भन्ने जवाफ फर्काउछन् । कतिपयले स्थानीय भाषा बाहेक नेपाली र अन्य भाषा बुझ्दैनन् र बोल्दैनन् पनि ।

गाउँको प्रशासन भनेको नै चलनचल्ती र संस्कार अनुसारका मुखिया नै हुन् । शिक्षाको नाममा गाउँमा एउटा विद्यालय थियो । बालबालिकाहरू अन्यत्र पढ्न जाने भएकोले त्यो पनि अहिले बन्द छ । अहिलेको साङ्तामा बस्ती स्थान्तरण हुन अघि उनीहरू साङताको पारिपट्टी रहेको घोक भन्ने स्थानमा बस्ने गर्दथे ।

सो ठाउँमा पिउने पानी तथा खेतबारीमा सिँचाइको अभाव हुन थालेपछि त्यहाँ बसोबास गर्ने मानिसहरू साङतामा सरेको भन्ने भनाई छ । घोकमा अहिले कोही बस्दैनन् । अहिले साङतामा पनि पानीको अभाव हुन थालेको छ । जलवायु परिवर्तनको कारण हिमालमा हिउँ पर्न छाडेको हुँदा पानीका स्रोतहरू सुक्दै जान थालेका छन् । यदि यसै गरि हिउँ नपर्ने हो भने पानीको स्रोत सुक्ने र अन्य उपाय प्रयोग गरि उच्च हिमाली भूभागमा पानी पुर्याउन अत्यन्त गार्हो हुने हुँदा बस्ती स्थानान्तरण हुने जोखिम बढ्दो छ ।

साङता र यहाँको वातावरण अद्भुत देखिन्छ । साङताको भौगोलिक प्रारूप हेर्दा स्वर्गको एउटा मनमोहक टुक्रा जस्तो देखिन्छ । वरिपरि हिमालले घेरिएर तल खोचमा रहेको सानो केही समथर भूभागलाई सदुपयोग गरि गाउँ बस्ति विकास गरि बनेको यो गाउँ हेर्दा लाग्छ यो अद्भुत नै हो । भिरालो भूभागमा घरहरू जोडेर बनाइएको छ भने समथर भूभागमा

खेतीपाती गर्ने गरिएको छ । हिउँद बाहेक अन्य सिजनमा यहाँको यात्रा त्यति कठिन पनि छैन । उच्च हिमाली बनावट भएको कारण जस्तो सुकै गाडी भने जान मुस्किल नै पर्छ । कागबेनीको कालिगण्डकी माथि बनेको पक्कि पुल पार गर्दा साङताको यात्रा जम्मा ३० किमि मात्रै छ । बाटो कच्चि भए पनि सडक ग्राभेल जस्तै देखिन्छ । गाडी त्यति नचल्ने हुँदा सडक फराकिलो भने छैन । यात्राको क्रममा पारिपट्टि मुक्तिनाथ मन्दिर, निलगिरि हिमाल लगायतको दृश्य अवलोकनको अलावा बाटोमा भेटिने घोरल मृगहरूको बथानले जो कोहीलाई मन्त्रमुग्ध बनाउन सक्छ । फल्याक लगायतका स्थानहरूबाट चराउन ल्याएका चौरी, याक तथा च्याङग्राहरूको बथान माथिमाथिसम्म देख्न सकिन्छ ।

सानो कचौरा आकारको साङता साच्चै एउटा फूलको थुङ्गा जस्तै देखिन्छ । कसैले कल्पना गर्न पनि सक्दैन कि त्यति विकट ठाउँमा पनि बस्ति बसालेर मानिसहरू संसारको अलौकिक आनन्द भन्दा पनि श्रेष्ठ आनन्दानुभूति साथ जीवन बिताइरहेका छन् । प्रकृतिले दिएको यति सुन्दर फूललाई हामीले नजरअन्दाज गर्नु किमार्थ उचित लाग्दैन । राज्यले यस्ता फूलहरूको संरक्षण र प्रवर्धन तथा प्रचार प्रसार गर्ने कार्यमा आफ्नो भूमिका खुम्च्याउनु हुँदैन । उचित प्रचार प्रसार हुन सकेमा आन्तरिक तथा बाह्य पर्यटकहरूको लागि साङता गतिलो गन्तव्य पनि बन्न सक्दछ । तर त्यसको लागि बिजुली सञ्चार, होटेल सुविधा लगायतका आधारभूत आवश्यकता साङतामा पूरा हुनु पर्दछ ।

मौसममा आएको बदलाबको कारण नेपाल लगायत अन्य मुलुकहरूमा रहेका हिमालहरूको अस्तित्व मेटिने अवस्थामा छन् । यदि यसो भएमा उच्च हिमाली भूभागमा रहेका साङता लगायतका बस्तीहरूले बसाईको निरन्तरता दिन कठिन नै हुन्छ ।

उच्च हिमाली भूभागमा रहेका बस्तीहरूमा राज्यको उपस्थिति लगभग शुन्य छ । राज्यको प्रशासनिक उपस्थितिले जनतामा राज्य प्रतिको उत्तरदायित्व बढाउँछ, यसमा राज्य चुकेको देखिन्छ । हिमाली जिल्ला मुस्ताङ जलवायु परिवर्तनको प्रत्यक्ष मारमा परेको जिल्ला हो । यसले आफ्नो पहिचान गुमाउदै गइरहेको प्रतीत हुन्छ । साङता लगायतका यस्ता हिमाली बस्तीहरूलाई जलवायु परिवर्तनको जोखिमबाट बचाउन स्थानीय तह तथा केन्द्र सरकारबाट पनि हर सम्भव प्रयास गर्नु पर्दछ । ऐतिहासिक महत्व बोकेका बस्तीहरू स्थानान्तरण हुनु भनेको राम्रो कदापि होइन । ढिलो भइसकेको छ, तथापि राज्यका सबै जिम्मेवार निकायहरूबाट उच्चतम पहलकदमी हुनु पर्दछ । ♦

संस्मरण / अनुभूति

# एउटा प्रेम-पत्र



✍ प्र.व.ना.नि. प्रेमराज मिश्र 'अभीष्ट'

**प्रिय प्रहरी द्वैमासिक प्रकाशन** !

**प्रेमिल अभिवादन ।**

आराम छु । आरमताको कामना गर्दछु । हिमालपारीको जिल्ला र यो निर्जन बस्तीबाट मेरो धेरै-धेरै सम्झना एवं अटुट माया, कोमल मुटुको स्पन्दनदेखि नै ।

एक समयको कुरो हो । म आफ्नो कार्यालयको काममा व्यस्त थिएँ ।

**ठिक त्यसैबेला** !

एक जना प्रहरी कर्मचारी हतार हतारकासाथ म कहाँ आए र भने-"सर ! कार्यालयको नाममा थान-२ (दुई) पुस्तक प्राप्त भएको छ । जिन्सी आम्दानीमा बाँधेर तालुक कार्यालयमा तुरून्त जानकारी दिनु भन्ने आदेश छ ।" यति भनेर उनी कार्यकक्षबाट बाहिरिए ।

पुस्तक भन्ने बित्तिकै मेरो कान टाठो भइसकेको थियो । मैले आफ्नो हातमा पुस्तक के थमाएको थिएँ म त हेरेको हेऱ्यै भएँ । प्रहरी द्वैमासिक प्रकाशन (असार-साउन-२०८१) मार्फत तिम्रो साक्षात दर्शन गर्न पाउँदा अत्यन्त हर्षविभोर भएँ । यस्तो दुर्गम बस्तीमा पनि आफ्नो प्रेमीलाई खोज्दै भौतारिँदै भेट्न आउनु नै तिम्रो पवित्र प्रेमको उदारता र निश्चलता देखेर म द्रवीभूत भएँ । नतमस्तक भएँ । म चिउँडोमा हात राखेर विगतको स्मृतिमा एकाएक हराउन पुगेँ । म अवाक् भएँ । भावुक भएँ ।

**नहुनु पनि किन** !

ठहाक मेरो गला अवरूद्ध भयो । मुखारविन्दबाट कुनै वाक्य नै फुटेन । बदलामा मेरो आँखाबाट अनयासै यो अप्रत्याशित जम्काभेट र पुनर्मिलनको संयोगले व्युत्पन्न उत्कट खुसी र वियोग मिश्रित आँसु एकैसाथ छचल्किएर परेलीको डिलबाट भुइँमा खस्यो तप्प, तप्प ......!

आज झन्डै एक दशकपछि भेट हुँदा पनि तिमी उस्तै ! कहीँ खोट छैन । खोट लगाउने ठाउँ पनि छैन । कति पवित्र तिम्रो आत्मीयता ! कति निश्चल तिम्रो प्रेमत्व ! मानौं गंगाजल जस्तै शुद्ध, पवित्र र कञ्चन ! आकाशे रङको निलो आवरण (वर्दी) मा सजिएकी । चन्द्रमा जस्तो उज्यालो कान्ति । विस्फारित लोचन । अनारका दाना जस्ता टम्म मिलेको श्वेत दन्तेलहर । सिरुको पात

जस्ता आँखी भौं । बाक्लो केशराशि । गुलाबी ओठ । चुच्चो नाक । लामो चिउँडो । लच्केको कम्मर । सुडौल शरीर । लचकदार हिँडाइ । नागबेली चाल ! मन्द मुस्कान ! कोइलीको जस्तो मधुर बोली । परेलीको झिमझिम.....! उर्फ !

म दावीकासाथ भन्न सक्दछु कि तिम्रो वान्की, बौद्धिक वाङमय, सौम्यता र माधुर्यताको अगाडि स्वर्गकी परी पनि फिका लाग्थ्यो ।

सबभन्दा ठूलो आकर्षण थियो -'प्रियसीको फराकिलो निधार' । केही मानिसहरूले भन्ने गर्दथे कि भाग्यमानी मानिसको निधार ठूलो हुन्छ रे । तसर्थ म तिमीलाई पाउँदा आफूलाई दोब्बर भाग्यमानी सम्झन्थें । त्यसमाथि पनि नेपाल प्रहरीको मूलमन्त्र '**सत्य सेवा सुरक्षणम्**'लाई आत्मसात गर्दै धानको बालाभित्र खुकुरी र डण्डाक्रस चिन्हयुक्त स्वाभिमानी उचाइदेखि ठिक माथि रातो घेराभित्र चन्द्र र सूर्य अंङ्कित झण्डाले सुशोभित प्रेमको टीका तिम्रो फराकिलो निधारमा खुब सुहाउँथ्यो, जुन आज पनि यथावत नै थियो । र, यो टीका हाम्रो शाश्वत प्रेमको पहिचान हो जुन भविष्यमा पनि यथावत रहिरहनेछ जबसम्म आकाशमा चन्द्र र सूर्यको अस्तित्व रहिरहनेछ ।

आज झण्डै एक दशक लामो र अत्यास लाग्दो विछोडपछि हाम्रो जम्काभेट हुँदै थियो । निश्चय नै यो जम्काभेट मेरो लागि विराट खुसीको क्षण थियो ।

झट्ट हेर्दा म तिम्रो नजरमा केही निष्ठुरी र स्वार्थी जस्तो देखिएँ हूँला । जब कि म तिम्रो प्रशंसा र प्रगतिको खुसीमा रम्ने र प्रशंसा गरेर कहिल्यै पनि नथाक्ने मान्छे । तर एकाएक मायालु नजरबाट हराउँदा वा टाढिदा विछोडको पीडाले तिम्रो मुटु आहत भएको मैले गम्भीर महसुस गरेको छु । यो एउटा निर्दोष प्रेमीको लागि गहिरो पीडाबोध हुन सक्दछ । हुन त प्रेमको वियोगमा भोग्ने र भोगिने पीडाका घाउहरूमा केही समानताहरू हुन्छन् नै । चोटहरू फरक भए पनि दाउ एउटै हुन सक्दछ, तिमीलाई र मलाई दुख्ने घाउ एउटै हुन सक्दछ । त्यो मिठो घाउ/पीडा थियो-'पवित्र प्रेम' ! जो प्रेम मैले तिमीलाई हिजो पनि गर्दथें, आज पनि गर्दछु र भोलि पनि गरिरहनेछु...........!

मेरो पवित्र प्रेमको परिमाण र परिणाममा कुनै घटबढ हुने छैन । मानौं समुद्रको पानी झैं सदा सदा उत्तिकै अचल, स्थायी, स्थिर, निश्चल, शान्त र स्निग्ध । सम्भवतः एक दशक लामो अवधि व्यतीत हुनु भनेको प्रेमको दुनियाँमा रम्ने युगल जोडीहरूको लागि कम्ता कष्टकर थिएन र ! म विनीत अनुरोध गर्न चाहन्छु कि तिमीले मेरो पीडा र बाध्यता बुझिदिनेछ्यौ ।

प्रिय ! त्यतिखेरको परिस्थिति नै बेग्लै थियो । अहिलेको जस्तो खुल्ला

र सामाजिक सञ्जालको मनमौजी त्यो बेला थिएन, अर्थात् मोबाइल, फेसबुक, इन्स्टाग्राम, ट्वीटर, म्यासेन्जर, इमो, ह्वाट्एप, टिकटक आदिको सुविधाका बारेमा लोक अनविज्ञ नै थियो । थियो त केवल प्रेम अभिव्यक्त गर्ने सरल माध्यमका रूपमा प्रेम-पत्रको आदान-प्रदान । म आज पर्यन्त नेपथ्यमा रहेर प्रेमिल भूमिका निर्वाह गर्ने परम्परालाई निरन्तरता दिने प्रयत्न स्वरूप प्रेम-पत्रको सहज माध्यम प्रयोग गरिरहेको छु । अर्को कुरा आम सञ्चारको दुनियाँमा भित्रिएको 'भिडियो कल' को सुविधा पनि त थिएन जसले भौगोलिक कित्तादेखि धेरै टाढाको बसाइँ र नजरको दुरीलाई मोबाइलको स्क्रीनमा सक्कल स्वरूप उतार्न सकोस् वा भनौं नजरको प्यास मेट्न सकियोस्, अधरको प्यास मेट्न नसकिए तापनि । हामी धेरैवर्षसम्म गुमनाम रह्यौं । बेखबर रह्यौं र प्रेमको दुनियाँबाट पनि बिल्कुल वञ्चित थियौं । अहिले त्यो क्षण सम्झदा मुटुमा गाँठो पर्छ । मुटु भक्कानिएर आउँछ ।

के तिमीलाई थाहा छ कि म किन प्रेमको दुनियाँबाट एकाएक हराउन पुगेँ ? हुन त आफ्नी प्रियसीको आत्मीय साथ चटक्क छोडेर हिँड्न कुन प्रेमीलाई रहर होला र ! आफ्नी प्रेमीको न्यानो अङ्गालो र काखमा घन्टौं निदाउन कुन प्रेमीको इच्छा नहोला र ! उदाहरणार्थ मुनामदन, मधुमालती, गौरी, लैला मजनू, रोमियो एण्ड जुलियट, किन्नर किन्नरी, मुटुको व्यथा, घाइते मुटु आदि प्रेमका जुनसुकै शास्त्र र साहित्य पढौं त्यहाँ पनि प्रेम र विछोडले भरिएका कयौं कथाहरू पाउन सकिन्छ । आखिर मदन पनि त मुनाकै खातिर भोट गएका थिए, होइन र ?

प्रिय ! तिमी विचलित नहुनु । म आज तिम्रो सामु पोखिनेछु । नढाँटीकन भन्नुपर्दा म आफ्नो घाँटी अचानोमा राखेर यी हरफहरू कोरिरहेको छु । मनको अथाह गुम्फन र अशान्त मनको प्रशान्त शान्त पार्ने प्रयास गरिरहेको छु । र, बोनसमा बाँचेको अधकल्चो जिन्दगी उपहारस्वरूप समर्पण गर्ने दुस्साहस गरिरहको छु, केवल तिम्रो लागि ।

जब म ती निष्ठुर दिनहरू सम्झन्छु तब मेरो आङ नै सिरिङ्ङ हुन्छ । यो कुनै एकादेशको दन्तेकथा वा पटकथा जस्तो लाग्न सक्दछ धेरैलाई । जब कि सिङ्गो देशले भोगेको गृहयुद्ध र जनयुद्धको कथा कसरी काल्पनिक हुन सक्दछ ?

कुरा आजभन्दा ठिक तीन दशक अगाडिको हो जतिबेला देशले एउटा कुरुक्षेत्र युद्धको प्रताडना व्यहोर्न बाध्य भएको थियो । म त्यही संघारमा युद्धको महासमरमा होमिएको थिएँ । संगठनले अख्तियार गरेको '**युनिफाइड कमाण्ड**' को कार्यनीति अनुसार म पनि एक कर्मठ सिपाही बनेर युद्धक्षेत्रमा खटिएको थिएँ । काँधमा

राईफल, छातीमा ग्रीनेड र हत्केलामा अनिश्चत मृत्यु बोकेर युद्धमा पौंठजोरी खेल्न सिकाइएको थियो । नुनको सोझो गर्ने बाध्यताहरूसँग सम्झौता गर्दै कहिले वल्लो भेक त कहिले पल्लो भेक, कहिले वल्लो डाँडो त कहिले पल्लो डाँडो, कहिले वल्लो गाँउ त कहिले पल्लो शहर .....!

युद्धको मैदानमा कायरता प्रदर्शन गर्नु एउटा नाथे सिपाहीको लागि पटक्कै सुहाँदैनथ्यो, न त सुहाउँछ पनि । युद्धकालीन मोर्चाहरूमा कयौं रात अनिँदो, भोको र ड्राइफुडको भरमा अहोरात्र गस्ती खटिनुपर्दथ्यो । युद्धको विभीषिकाबाट प्रेम-पत्र लेख्नु चाहेर पनि सम्भव थिएन । त्यसैले म प्रेमपत्रमार्फत प्रेमको प्राथानार्थ निरन्तर आत्मिक उपस्थिति जनाउन सकिन । यसको लागि म विनम्र क्षमाप्रार्थी छु ।

विछोडको वियोगमा कहिलेकाहीँ त यस्तो लाग्थ्यो कि तिम्रो चोखो प्रेम र समर्पणका खातिर युद्धमैदानमा शाहदत प्राप्त गरूँ, प्रेमको नाममा प्रथम सहिद बनूँ !

देशमा जताततै युद्धको भयानक आगो सल्किरहेको थियो । यस्तो संकटकालीन परिस्थिति सृजित थियो कि नेपाल आमाको एउटै कोखका सन्तानहरू भएर पनि एकापसमा वर्गदुश्मनको नजरले हेर्दथे, एक राज्य पक्ष र अर्को विद्रोही पक्षको रूपमा । दुवै पक्षको जत्था यस्तो वैरीसमान थियो कि जसले जहाँ भेट्दथ्यो त्यहीँ ठाउँको ठाउँ सफाया गर्न सक्दथ्यो ।

युद्धको नियम नै त्यस्तै थियो- कठोर, भयानक र विभत्स । यद्यपि मैले पनि सुनेको थिँए प्रेम र युद्धमा सबथोक जायज हुन्छ । यो कुरा मैले युद्धको मैदानमा स्वयं अनुभव र अनुभूति गरैं, एउटा प्रत्यक्षदर्शी एवं प्रेमको भोक्ता भएर ।

मान्छे मर्नु र मार्नु ठूलो कुरो थिएन । मानौं यो एउटा सामान्य दैनिकी थियो । मान्छेको जिन्दगी कस्तो थियो भने अत्यन्त सस्तो थियो । कहाँसम्म भने मान्छेहरू जिउँदै अचानोमा राखेर गिँडिन्थे । टाउको एकातिर धड अर्कोतिर हुन्थ्यो । मुटु साट्नु भन्दा ढाँट्नु सजिलो थियो । ढाँटनुभन्दा मान्छे काट्नु सजिलो थियो । युद्धको दोहोरो मार तथा संघातिक आक्रमणमा परेर दिनदहाडै अकाल मृत्यु भोग्न अशिशप्त कयौं मानव लाशहरू भीरबाट खसालिएका हुन्थे । कयौं अङ्गभङ्ग भएका हुन्थे । घाइते मानिसहरूको चिच्याहट, रोदन र चित्कारले युद्धको भयानक निष्ठुरतालाई इंगित गरिरहेको हुन्थ्यो । त्यति मात्र होइन, कयौं लाशहरू बग्रेल्ती सडकमा छाडिएका हुन्थे, वेवारिसे अवस्थामा । ती लाशहरूमाथि भुस्या कुकुरले एक खुट्टा उचालेर आफ्नो औकात देखाउँथ्यो । एक हिसालबे कुकुर-मरणको जिन्दगी थियो मान्छेको । र, आज पनि उक्त युद्धको अवशेषको रूपमा कयौं निहत्था मानिस, अनाथ र अपाङ्ग र अवला

नारीहरूको चित्कार र शिरको सिउँदो उजाडिएरको छरपस्ट देख्न सकिन्छ।

शायद बुद्धको देश भएकोले पनि होला। समयको बदलावसँगै युद्धको चक्रव्यूह धेरै बेर टिक्न सकेन। रात परेपछि बिहानी आउँछ भने झैं युद्धले कोल्टे फेर्‍यो। लगत्तै देशले गणतन्त्रको महान उपलब्धि हासिल गर्‍यो। अहिले देश गणतन्त्रको छत्रछहारीमा रमाइरहेको छ। यो कुरा तिमीलाई अवगत नै छ।

**अन्त्यमा** !

आजकल कलियुगको बढ्दो प्रभावसँगै समाजमा केही नकरात्मक पक्ष हावी हुँदै गइरहेको छ। त्यसैले पनि तिमी केही कुरामा सचेत र चनाखो हुनु। आजकल सामाजिक सञ्जालको दुरूपयोग गरेर प्रेमिकाको चरित्र हत्या गर्ने कुत्सित मनसाय बोकेका कयौं छद्मभेषीहरू यत्रतत्र सर्वत्र घुमिरहेका छन् जसले क्षणभरमै पवित्र प्रेमको अस्तित्वलाई माटोमा मिलाइदिन सक्दछन्। लठैतहरू अर्काको कुभलोमा आफ्नो भलो, सफलता र सर्वोपरी ठान्दछन्। अर्काको अस्मिता लुट्न यहाँ कयौं असुर प्रवृत्तिका नक्कली विष्णुहरू जालन्धरको रूप धारण गरेर वृन्दाको सतित्व डगाउन लालायित छन्। एउटी प्रेमिकाको लागि उनको कौमार्यता, इज्जत र प्रतिष्ठाभन्दा ठूलो कुरा केही हुन सक्दैन। त्यस्तै एउटा प्रेमीको लागि त्याग र समर्पणभन्दा ठूलो कुरो अरू केही हुन सक्दैन। तसर्थ म तिम्रो लागि '**राधाकृष्ण**' को प्रेम जस्तो निश्चल र निष्कण्टक प्रेमको बलिवेदीमा समाहित हुन र आवश्यक परे जीवन नै प्रेमोत्सर्ग गर्न सकूँ। मेरो लागि यही नै पर्याप्त छ। आजलाई यति नै। बाँकी अर्को भेटमा ......!

**उही तिम्रो आजाद प्रेमी**
**प्रेमराज मिश्र "अभीष्ट"**

## गीत

✍ **राम कुमार पण्डित**



भन्छन् बुद्धलाई कोही एसियाको ज्योती
म त मान्छु बुद्ध मेरो ब्रह्माण्डको मोती

धेरै छन् गुरु यहाँ उपदेश दिने
आफ्नो गुरु आफैं बन यही उन्ले भने
ध्यान आनापान गर्ने उनकै हो देन
भित्र आफूलाई चिने मिलिहाल्छ चैन

धेरै मान्छे आए यहाँ संसार यो हेर्न
आफू राम्रो हुन थाले अरूलाई केर्न
धन मान पद ठूलो ठान्छ मान्छे हेर
ज्ञान ठूलो नबुझे त फर्किंदैन चेत

शान्ति मात्र हैन हेर, बुद्धको यो शान
जान्नु आफूलाई नै हो ठूलोठूलो ज्ञान
मैला जमेका छन् धेरै चित्त भित्रभित्र
ध्यान गरी कर्म फेरि हुन्छ सफा चित्त

निायात्रा

# केपकोड् निर्मल र निर्मल बस्तीको सेरोफेरो



✍ घनबहादुर थापा

पहिलो पटक अमेरिकाको यात्रामा निस्किएको एक हप्ता मात्र भएको थियो । त्यतिबेला म अमेरिकाको बोष्टनमा पुगेको थिएँ । सोही सिलसिलामा म्यासाचुसेट्स राज्यको केपकोड शहर जाने कार्यक्रम तय भयो । बोष्टनलाई नेपालमा हुँदा अमेरिकाको एक राज्य नै ठानिन्छ । तर होइन रहेछ, बोष्टन त म्यासाचुसेट्स राज्यको एउटा प्रमुख शहर मात्र रहेछ ।

सन् २०१४ जुलाई २२ तारिख अर्थात् वि.सं २०७१ साउन ६ गते मङ्गलबारको दिन दिउँसो सवा चार बजे केपकोडतर्फ प्रस्थान गरियो । बोष्टन निवासी अर्जुन गिरी, उहाँकी धर्मपत्नी शुभद्रा गिरी र मैले यात्रा शुरू गरेका थियौं । अर्जुनजीले गाडी हाँक्दै बाटोमा देखिएका नवीन ठाउँ र चिजवस्तुबारे जानकारी दिँदै जानुभएको थियो । फराकिला सडक, आ-आफ्नो लेनमा गाडीहरू दौडिरहेका थिए । गाडीहरूको लाइन कमिलाको ताँतीजस्तै देखिन्थ्यो । पृथ्वीभन्दा माथि कुनै अदृश्य बस्ती भए हाम्रा यी सवारी साधनलाई कमिलाको ताँती जस्तै खुजुरा मान्छेको ताती ठान्थे होला !

सडकमा एउटा अत्याधुनिक पुल देखा पर्‍यो । गाडीभित्रैबाट तस्बिर लिँदा पनि सुन्दर देखियो । जमिनमा मूल सडक, त्यसमाथि गाडी हिँड्ने अर्को पुल, त्यसमाथि घुमाउँदै अर्को पुल, ती पुलमाथि गाडीका लस्कर, आहा क्या रमाइलो दृश्य । नेपालमा हुँदा खोला वा नदीमाथि मात्रै मुस्किलले पुल देखेको म जमिनमाथि गाडी नै हिँड्ने पुल देख्दा दङ्ग परेँ । भर्खर अमेरिका पुगेको मलाई यी सबै दृश्य अनौठा लागिरहेका थिए । बाटोघाटो, पुलपुलेसा मात्र होइन, हरेक भौतिक संरचना र विकास अनि हरेक सिष्टममा अमेरिका वर्णन गरी साध्य नहुने अवस्था छ । राष्ट्रियता छोड्न सक्छस् ? भन्नेहरूलाई यी यहाँको आधुनिक परिवेशले बिर्साइदिन्छ ।

बोष्टनको प्रमुख बस्ती सकिएपछि बाटो वरिपरि प्रशस्त रूखहरू देखिए । व्यापक जङ्गलको बिचमा सडक रहेछ । सडक वरपर घर भए पनि जङ्गलमा जस्तै बाक्ला रूखहरू देखिन्थे । वातावरण स्वच्छ

राख्न सडक वा घर कम्पाउण्ड वरिपरि यस्ता रूख रोप्ने रहेछन् । व्यापारिक प्रयोजनका ठूला भवनबाहेक आवासीय घरहरू खासै अग्ला नहुने रहेछन् । एउटै मापदण्डका हुने रहेछन् । अर्जुनजीका नातेदार चितवनका निर्मल आचार्यको निवास हामी पुग्ने आजको गन्तव्य थियो ।

निर्मल निवासमा पुग्दा साँझको साढे छ बजेछ। करिब २ घण्टा १५ मिनेटको यात्रामा दृश्यावलोकन गर्दागर्दै कति छिटो पुगियो, पत्तै भएन । वरिपरि नियाल्दा घर जङ्गलको बिचमा रहेछ। सडक सबै पिच रहेछ। जङ्गल के भन्नु भित्रभित्रै पूरै बृहत् बस्तीभित्र नै रहेछ निवास । मान्छेको नाम निर्मल, बस्ती अनि बस्तीको वातावरण पनि निर्मल र परिवेश झन् निर्मल !

नेपालमा 'निर्मल निवास' भन्दा एउटा स्केच आउँछ, मान्छेले बुझ्छन् । काठमाडौंको निर्मल निवासको बाहिरी संरचनासँग परिचित भए पनि भित्री संरचना देख्न पाइएको छैन । तर केपकोडको निर्मल निवासको स्वरूप काठैकाठले बनेको सुन्दर रहेछ, जसलाई नजिकबाट नियाल्न पाइयो।

चितवनका निर्मल निकै फरासिला रहेछन् । बोलीरहनुपर्ने, हाँसी रहनुपर्ने । बोल्दा हँसाएर, जोक गरेरै बोल्ने रहेछन् । खाजा खाँदा पनि हँसाएरै ख्वाए । यस्तो वातावरणले हामी पाहुनालाई झन् खुसी तुल्यायो ।

खाजा खाएपछि समुद्र किनारातिर घुम्न निस्किइयो । निर्मलले गाडी हाँकेका थिए । अर्जुनजी अगाडिको सिटमा थिए । केही पर पुगेपछि निर्मलले अर्जुनजीलाई अनायासै आग्रह गरे, 'अर्जुन दाइसँग अलिकति पैसा छ ?'

'कति पैसा भाइ ?' अर्जुनजीले सशङ्कित हुँदै प्रतिप्रश्न गरे ।

'त्यस्तै दुई/चार सय !' निर्मलले गम्भीर जस्तै देखिएर भने । त्यहाँ सानो भए पनि यता नेपालमा ठुलै पैसा हो त्यो ।

'त्यति नगद त छैन नि ! किन र ?' अर्जुनले आश्चर्यभाव पोखे ।

'अगाडि बस्नेले सिटबेल्ट नबाँध्दा ट्राफिकले जरिवाना माग्छ कि भनेर !' अझै गम्भीर भएर निर्मल बोले ।

निर्मलले अभिनय गर्दैछन् भन्ने बल्ल अर्जुन दाइले बुझेछन् । मज्जाले हाँसे । निर्मल पनि हाँसे । अमेरिकामा गाडीको अगाडि बस्ने यात्रुले पनि अनिवार्य सिटवेल्ट बाँध्नुपर्छ । नेपालमा पनि बाँध्नुपर्छ भन्ने नियम त छ तर यहाँ पालना भएको खासै देखिँदैन । त्यहाँ भने कडाइकासाथ नियमको पालना हुन्छ । सिसीटिभीबाट देखिए पनि कारबाही हुने रहेछ । घरमै चिट आउने रहेछ । त्यही भएर सिटवेल्ट बाँध्न सम्झाउने निर्मलको यो तरिका अनौठो लाग्यो । हामी पनि

मुस्कायौं । अर्जुनजीले सिटवेल्ट बाँधे । गाडी आफ्नै रफ्तारमा अगाडि बढिरह्यो । केपकोड शहरलाई नक्सामा हेर्ने हो भने समुद्र छेउमा स-सानो भूभाग देखिन्छ । झट्ट हेर्दा सानो टापु फुतुक्क डुब्छ कि जस्तो ! तर भौतिक रूपमा उपस्थित हुँदा त्यस्तो कुनै सङ्केत देखिँदैन । फराकिलो जमिन, आँखाले ठम्माउन नसकिने निर्मल समुद्र, हेरिरहुँ जस्तो निकै मनमोहक सुन्दर दृश्यहरू ।

हामी पुग्दा समुद्र किनारामा मन्द-मन्द हावा चलिरहेको थियो । किनारामा छाल छचल्किएको थियो । देशी विदेशी मानिसहरू छालसँग उफ्रँदै रमाइरहेका थिए । कोही स्नान गर्दै थिए । बालबालिकादेखि वृद्धवृद्धासम्म स्नान गर्दै दिनभरिको पढाई र पट्यारलाग्दो समय बिर्सँदै थिए । कामबाट फर्केकाहरू थकान मेटाउँदै थिए सायद । छोटो कट्टुमा समुद्रको पानीमा डुबुल्की मार्दै निस्केर बालुवामा लम्पसार पर्दा मानिसको प्राकृतिक स्वरूप प्रस्ट झल्किन्थ्यो । हेर्दै काउकुती लाग्ने ! हाम्रा पुर्खा बाँदर नै हुन् कि के हो ? आशंकाका बादल मनमा मडारिन्थे ।

समुद्रको पानी चिसो थिएन । निर्मल र गाढा निलो देखिन्थ्यो । तै पनि हामीले भने स्नान गर्न सकिएन । बिहान काम, त्यसपछि लामो यात्रा गरी थकाइ महसुस भएकोले पनि हुन सक्छ, 'जाँगर' नचलेको ! घुँडासम्म पानी डुबाउँदै तस्बिर लिइयो । पश्चिमतर्फ घाम डुब्दै थिए । गोधुली साँझमा समुद्रको पानी मनमोहक लाग्थ्यो । केही क्षणको समुद्री रस्साकस्सीपछि हामी निस्कियौं ।

समुद्र नजिकै जोन एफ केनेडी पार्क रहेछ । अलिकति उचाइमा भए पनि समुद्रसँगै जोडिएको रहेछ । पार्क अति सुन्दर र फराकिलो रहेछ । 'यो पार्क पूरै घुम्न त भुसुक्कै समय मिलाउनुपर्छ !', निर्मलले यसको भौगोलिक स्वरूपको आँकलन जाहेर गरे । त्यो साँझको समयमा त्यहाँ पनि पर्यटकहरूको घुइँचो थियो । केनेडी अमेरिकाका पूर्व राष्ट्रपति हुन् । उनकै सम्झनामा पार्क बनाइएको रहेछ । केनेडीको सालिकनेर उभिएर तस्बिर लिइयो । चारैतिर अवलोकन गरियो । एउटा पूर्व राष्ट्रपतिको सम्झनामा यति बृहत्, मनमोहक र सुन्दर पार्क अनि त्यसभित्र उनकै सालिक लगायतका अमेरिकी कला संस्कृतिले सुसज्जित पूर्वाधारहरू देख्दा लाग्थ्यो अमेरिका आफ्ना महत्वपूर्ण व्यक्तिप्रति कति उत्तरदायी छ ।

हाम्रोमा तिनै महत्वपूर्ण व्यक्तिहरूको सालिक राजनैतिक आस्थाका खाँतिर आस्था विरोधीले कसरी भत्काए त्यो भनिरहनु पर्दैन । यति बृहत् स्थलको निर्माण, जर्गेना र बिस्तारको त कुरै छोडौं सामान्य शालिक उभिएको पनि

देखी सहँदैनन् । धन्य हाम्रो मानसिकता । यस्तै कुत्सित व्यवहारले राष्ट्रका गहनाको इतिहास कसरी बिर्सेर पूर्वाग्रह राखिन्छ, त्यो सबैसामु छर्लङ्ग छ । इतिहास भनेको इतिहास हो, त्यसको संरक्षण गरी नयाँ पुस्तालाई हस्तान्तरण गर्नु राम्रो हो भन्ने धारणा राख्छु म !

केनेडी पार्कको दृश्यावलोकन पछि नजर अर्को पट्टी घुमाइयो । नजिकै कोरिया वार (युद्ध) रिमेम्बर पार्क रहेछ । अर्थात् कोरिया युद्धको सम्झनामा निर्माण गरिएको पार्क । त्यस पार्कमा निकै सजाइएका रूखविरूवा देखिए । बस्न र घुम्नलाई प्रशस्त सुन्दर स्थान निर्माण गरिएको रहेछ । सबैतिरको दृश्य मनमोहक लाग्यो । युद्धका विम्बहरूलाई कलाकृतिद्वारा जीवन्त राख्ने प्रयास गरिएको रहेछ । युद्धमा मारिएका वीरहरूको कथाले मान्छेलाई भावुक बनाउँछ । आँसु चुहाउँछ । के हामी ती वीरहरूका परिवारका सदस्यहरूसँगै रून सक्छौं त ? अथवा उनीहरूको आँसु पुछ्न सक्छौं त ? प्रश्न अनुत्तरित भए पनि यो पार्कले युद्धमा सहादत प्राप्त ती वीर योद्धाहरूका परिवार र शुभचिन्तकहरूलाई आफै रित्तिने गरी माया र सम्मान दिने वातावरण यो पार्कले निर्माण गरेको अनुभूति भयो ।

दुवै पार्क घुम्दाघुम्दै निकै समय गएछ । दुवै पार्कका आ-आफ्नै विशेषता छन् । तिनलाई हामीले कुन रूपमा ग्रहण गरियो भन्ने मात्र अहिलेको चिन्तन मनन हो । भनिन्छ, अमेरिकी अर्थतन्त्र पनि जनताले आफ्नै लागि निर्माण गरेका हुन् । तहगत रूपमा अगाडि बढ्दै देश समृद्ध बनाएका हुन् । सडक, पार्क, समुद्र किनारमा निर्माण गरिएका केही अद्भुत संरचनाहरू देख्दा लाग्छ अमेरिकी जनता राष्ट्र निर्माणकै खाँतिर जन्मेका हुन् । उनीहरूलाई राष्ट्र निर्माणबाहेक अन्य कुनै मोह छैन ।

अमेरिकी सरकार र जनताका यिनै उपलब्धि नजर गर्दै गर्दा समय बितेको पत्तै भएन । फर्केर घरमा आउँदा रातको सवा नौ भएको थियो । साँझ साढे आठ उज्यालै थियो । त्यसपछि मात्र अँध्यारोले छोपेको हो । तर जताततै बिजुलीको झलमल उज्यालोको कारण रात परेजस्तै नहुने । बाटोघाटो, घर कतै पनि बिजुली बिहिन छैन । अँध्यारो भन्ने त देख्नै नपाइने । लोडसेडिङ भयो वा बिजुली गयो है भन्ने त कुनै गुञ्जायसै नहुने । कस्तो भौतिक संरचना, कस्तो राम्रो व्यवस्थापन, कस्तो परिपक्व प्रणाली । यही भएर होला अमेरिका सु-सम्पन्न राष्ट्र भएको !

निर्मलको घर झट्ट हेर्दा जङ्गलको बिचमा भएजस्तो देखिए पनि बीचबीचमा बाक्लो बस्ती रहेछ । रूखै रूखले भरिएको

ठाउँ भन्नु मात्रै रहेछ। वातावरण स्वच्छताको दृष्टिकोणले मात्र रूख रोपिएको रहेछ । बाटोघाटो घर परिवारका स-साना पार्क रहेछन् । फराकिला कोठा, वाथरूम, मोटर ग्यारेज साह्रै रहर लाग्दा रहेछन् । पानी, बिजुली, ग्याँस सबै पाइपलाइन प्रणालीबाट आउने रहेछ। यसको अभाव कहिल्यै नहुने रहेछ।

साँझको खाना भात र काउलीको तरकारी रहेछ । निर्मलकी श्रीमती नेपाल गएकी रहिछन् । साँझको खाना बनाउन शुभद्रा बहिनी र निर्मल खटिए । निकै फरासिला निर्मल अरूलाई काम लगाउन पनि निकै सिपालु रहेछन् । 'खाना त पाहुनाले बनाएको स्वादिष्ट हुन्छ रे !' उनले खाना बनाउन पाहुनालाई हौसाए । पाहुना आएका काठमाडौँ बालाजुका रामचन्द्र सुवेदीले ठट्टा गरे, 'पकाउन त पकाउनुस् ! खाने कसरी हामीले जानेका छौं ।' खाना कसले कसरी बनाउने भन्ने सन्दर्भमा उनले यस्तो ठट्यौली गरेका हुन् ।

काठमाडौँ बालाजुका मित्र ध्रुब थापाको पनि केपकोड मै बसाइँ रहेछ । उनी विदेश गएको भन्नेसम्म थाहा थियो तर त्यहीँ पुगेको भन्ने थाहा थिएन । निर्मलले नाम भनेपछि थाहा भो । जीवन यात्राको कुन मोडमा कोसँग कहाँ भेट हुन्छ के थाहा ? उनीसँग फोनमा कुराकानी भयो । भोलिपल्ट बिहान भेटघाट गर्ने कुरा भयो । तर दिउँसो १२ बजेतिर मात्र भेट हुन सक्यो । स-परिवार आएका थिए । अलि हतारमा देखिन्थे । मान्छे त्यहाँ भए पनि मन उडिरहेको अनुभूति हुन्थ्यो । १६/१७ वर्षपछि भेट भएको अवस्था हो हाम्रो । निकै नजिक भएर केही वर्ष सँगैसँगै जागीर खाइयो । फेरि हामी बगाले थापा पनि हौं । त्यसैले आत्मीयता त बढी हुन्छ नै । फेरि त्यति टाढा भेट हुँदा त झन् पृथक अनुभूति हुने नै भयो ।

छोटो भेटमा शुरूमा भेटघाट भएका दिनदेखि हालसम्मका सन्दर्भका कुराकानी भए । मेरो वास्तविकता, अमेरिका भ्रमण र नेपालको जागिरको सन्दर्भलाई मूल्याङ्कन गर्दै उतै बस्दा पनि नराम्रो नहुने सल्लाह दिए साथीले । उहाँ अलिक हतारमा भएको कारण केही क्षणमै भेटघाट छोट्याइयो । अमेरिकामा काम र समयको कति महत्व रहेछ भन्ने कुरा थप प्रमाणित भयो ।

केही क्षणको घुमघाम र त्यहाँ रहेका अन्य नेपालीसँगको भेटघाटपछि दिउँसो करिब दुई बजे बोष्टनका लागि हिँडियो । सवा चार बजे बोष्टन पुग्दा हाम्रो यात्राको समयले ठिक चौबिस घण्टा पूरा गरेको थियो । यो छोटो यात्राको चौबिस घण्टा अविष्मरणीय क्षण रहन पुग्यो ।

♦♦♦

# बुढ्यौली नियमित प्रक्रिया



✍ **बद्रीप्रसाद ढकाल**

हिँड्ने व्यक्ति र दौडिने घोडा कहिल्यै बुढो हुँदैन, कर्मको हिसाबले सधैँ सक्रिय भइराख्छन् । वास्तवमा उमेरका हिसाबले दौँड्दा दौँड्दै रोकिनु वा आराम गर्नु भनेकै बुढ्यौलीपन देखिनु हो । यौवन प्रकृतिको विलक्षण उपहार हो, जसलाई बुद्धिमान्ले सम्हाल्छ भने मुर्खले गुमाउँछ । बुढ्यौलीपन प्राकृतिक चक्र हो । शरीरलाई थकाई मार्दै साठी वर्ष काटिसकेपछि मानिस निष्क्रिय हुन्छ भन्ने तर्क नै गलत हो । अवकाशपछिको जीवन त पूर्ण रमाइलो जीवन हो । सही अर्थमा यसै उमेरमा मनुष्यको वास्तविक ज्ञानको विकास हुन्छ र जीवनबोधका सम्पूर्ण पक्षहरू उजागर हुन्छ । यही उमेरमा मनुष्यले वास्तविक अनुभव हासिल गरेको हुन्छ । असल-खराब छुट्याउन सक्षम हुन्छ । समयको गतिमा बालपन, यौवन र बुढ्यौली सापेक्ष कुरा हुन् । यसको विपरीत यस उमेरमा थकान वा बुढ्यौलीपनको कुरा सोचेर हात पाउ बाँधेर तथा साहसले मुख मोडेर रहनु चाहिँ मूर्खता हो । वास्तवमा उमेरको वृद्धिपन उपेक्षित होइन, अपेक्षित छ । यो उमेर त शक्ति, सौन्दर्य, सम्मान, समृद्धि र गरिमाको हो । यसको विपरीत जानु प्रकृतिको नियम भन्दा उल्टो हो । याद राखौं, सिद्धान्त, सत्य र सौन्दर्य कहिल्यै बुढो हुँदैन । फेरि यसमा विश्वास राख्ने व्यक्ति कसरी बुढो हुन्छ ? यसकारण आफूले राम्रो सोचेर आफ्नो मार्गमा अघि बढ्नुहोस् ।

मनुष्य मूलतः सामाजिक प्राणी हो जसको स्वभाव एवम् व्यक्तित्वको विकास आफ्नो मन अनुरूप विचारले मात्र होइन वातावरण, परम्परा, सङ्गती र बाह्य प्रभावले हुन्छ । उमेरभरि विद्यार्थी बनिरहने प्रवृत्ति विश्वको समस्त मानिसमा हुन्छ अर्थात् सिक्नुको अर्थ नै विकास हो । आश्चर्यको कुरा के हो भने हामी हल्लाको कुरालाई सत्य मान्छौँ तर वैज्ञानिकको निष्कर्षमा विश्वास गर्दैनौँ । त्यसैले भ्रममा फसिरहन्छौं । मायामोहको बन्धनबाट मुक्त हुनुको अपेक्षा त्यसकै दलदलमा डुबिरहन्छौं । साथै साहस छोडेर हरेक मोडमा सदा समर्पण गर्नको लागि तयार हुन्छौं । वास्तवमा मनलाई सधैँ क्रियात्मक

राख्ने व्यक्ति कहिल्यै बुढो हुँदैन। तर हामी यो कुरा सधैँ भुल्छौँ।

आशाले मनुष्यलाई सधैँ नौँ जवान राख्छ। शरीरमा कुनै किसिमको आँच आउन दिँदैन । मनको विचारको प्रभाव शरीर वा स्वास्थ्यमा मात्र होइन रुग्णावस्थामा पनि पर्छ । इच्छाशक्तिको अभावमा व्यक्ति चाँडै ठिक हुँदैन । यसकारण रोगी व्यक्तिलाई समुचित चिकित्सा र सत्संकल्पको आवश्यकता पर्छ। यस्तो शक्तिले जीवनशक्ति बढाउँछ। यस संसारमा कुकर्म तत्काल फलित हुँदैन जसरी धर्तीमा बीज रोपेपछि तत्काल वृक्ष हुँदैन। कुकर्म गर्ने व्यक्ति बिस्तारै बिस्तारै नष्ट हुँदै जान्छ । अधर्मी पहिले बढ्छ, फल्छ र फुल्छ एवम् धन-वैभवले सम्पन्न भई आफ्नो प्रतिद्वन्द्वी एवम् शत्रुलाई पनि पराजित गर्छ तर जब उसको कुकर्म फलित हुन्छ उसको जड समेत नष्ट हुन्छ। उमेरको बढ्ने क्रम उपेक्षित होइन, अपेक्षित छ। यो एक प्राकृतिक स्वभाविक प्रक्रिया हो जुन बढी सहजता, नचाहँदा-नचाहँदै, प्रयत्न नगरिकन आफै आफ्नो गतिले शरीरमा आधिपत्य जमाउँछ। नबोलाएको पाहुनाले जस्तै ढोका ढकढकाउँछ। त्यसैको नाम हो, बुढ्यौलीपन। यो सहज अवस्था हो अर्थात् बुढ्यौली सहजै प्राप्त हुन्छ । यसलाई न कसैले बोलाउँछ, न नजिकबाट हेर्न चाहन्छ, न यसको लागि कुनै प्रयत्न गर्नुपर्छ । यो थाहै नपाई सबैको सामु निश्चित रूपमा आउँछ । बुढ्यौलीपन इन्द्रियको शक्तिको सुस्ततापश्चात् आउँछ। शरीरको इन्द्रियको शक्ति बलवान् भई चरमोत्कर्षमा पुगे पछिको अवस्थालाई मानिस यौवन भनी पुकार्छन् । त्यसैको क्षीणता वा बढ्दै गएको जीर्णतालाई बुढ्यौलीपनको अवस्था भनिन्छ। जब किशोरावस्थाबाट प्रौढावस्थातिर बढ्दै गइन्छ तब व्यक्तिको शक्ति क्षीण हुँदै जान्छ।

वैज्ञानिकको मतानुसार सर्वप्रथम दश वर्षको उमेरदेखि आँखाको शक्ति कम हुन सुरु हुन्छ। उमेर ढल्केसँगै आँखाको शक्ति, कानको श्रवण शक्ति, रस र स्पर्शको शक्ति पनि क्षीण हुँदै जान्छ। ब्रह्मचर्यको शक्ति जति शीघ्रताले खण्डित हुँदै जान्छ त्यही रफ्तारमा शारीरिक शक्ति दुर्बल हुँदै जान्छ । यसप्रकार मनुष्य मन-मनै आफ्नो दुर्बलता स्वीकार गर्न थाल्छ । उसले उमेरको आक्रमण भइरहेको मान्छ। वास्तवमा व्यक्तिगत लापरबाहीको कारण बुढ्यौलीपनले मानिसलाई चाँडै गाँज्छ। साठी वर्षको उमेरमा पुगेपछि श्रवण शक्ति र सुँघ्ने शक्ति पनि कम हुन थाल्छ । हेर्ने वा देख्ने शक्ति कम हुन्छ। बोल्ने शक्तिमा कम्पनको गति प्रारम्भ हुन्छ। यो अवस्थामा आईपुगेपछि मानिसलाई सहयोगको खाँचो पर्छ र उसलाई भनेजस्तो सहयोग मिल्दैन। शरीरको ऊर्जामा रिक्तता, इन्द्रियको शक्तिमा

क्षीणता वृद्धपनको लक्षण हो । यस अवस्थामा व्यक्ति आग्रही र जिद्दी हुन थाल्छ । उसको स-साना कुरामा चिढिने स्वभाव बन्दै जान्छ । क्रोधी बन्छ । जहाँ अनाग्रहले वृद्धावस्थालाई रोक्छ, त्यही आग्रहले वृद्धावस्थालाई आमन्त्रित गर्छ । आग्रह भयले उत्पन्न हुन्छ जब मनुष्य आफूलाई असुरक्षित सम्झिन थाल्छ । उसलाई प्रेमको आवश्यकता पर्छ । तर जुनबेला मानिसलाई माया र सद्भावको आवश्यकता पर्दछ, उसलाई स्नेह प्राप्त हुँदैन । आग्रहहीन व्यक्ति सत्यको अन्वेषणको लागि आफ्नो द्वार खोल्छ, सक्रियतापूर्वक खोज गर्न थाल्दछ । जसमा नम्रता हुन्छ उसले जीवनलाई सहजताका साथ अघि बढ्दछ । मनुष्यको असंयमित इन्द्रियले वृद्धावस्थालाई चाँडो निकट बोलाउँछ । जब व्यक्तिले संयमित आहार गर्दैन तब उसले आफ्नो स्वास्थ्यलाई नष्ट गर्छ । उमेरको आक्रमणको कारण व्यक्ति तनावग्रस्त हुन थाल्छ । क्रोधको आवेश, एकाकीपनको आवेश, भयको आवेश, उपेक्षाको आवेशले वृद्ध व्यक्तिलाई शक्तिहीन एवम् सामर्थ्यहीन बनाउँछ । मानिस पच्चिस वर्षसम्म ज्ञानोपार्जन, फेरि पच्चिस वर्षसम्म गृहस्थ जीवनको जिम्मेवारीको निर्वाह, पचास वर्षको उमेर पछि ज्ञानप्रस्थ ततूपश्चात सन्यास लिई आध्यात्मतिर अग्रसर हुन्छ । उपेक्षाको वजनले उसलाई चिन्ताग्रस्त बनाउँछ ।

वृद्धावस्था अर्थात् बुढेसकालमा विभिन्न प्रकारको शारीरिक समस्या देखिन थाल्छ । विशेषज्ञको सुझावअनुसार बारम्बार शारीरिक तौलमा वृद्धि अथवा कमीको कारण उच्च रक्तचाप, क्यान्सर, मधुमेह तथा पक्षघात जस्तो भयानक रोगको सम्भावना रहन्छ किनकि शारीरिक तौलको अस्थिरताको कारण पेटमा बोसोको मात्रा बढ्छ । इन्सुलिन र ट्राइग्लिसराइडको मात्रा अधिक हुन्छ । नियमित व्यायामले शरीरमा आवश्यकताभन्दा बढी क्यालोरी घटाउन सक्छ । खानामा बोसोको मात्रा कम गरी क्यालोरी सुनियोजित गर्न सकिन्छ । जसले न त शरीरमा दुष्प्रभाव पर्छ न अस्थिरता नै हुन्छ । मानिसले वृद्धावस्था एक राम्रो अवस्था हो र एक पाकेको फल हो भन्ने बिर्सिन्छ । पाकेको फलको स्वाद निकै मिठो हुन्छ । जहाँ काँचो अमिलो हुन्छ त्यहाँ पाकेको मिठो हुन्छ । यसैगरी वृद्धावस्था त जीवनको मिठास हो जसलाई उपेक्षा गर्नु हुँदैन ।

आजको समाजमा वृद्धावस्था किन उपेक्षित भएको छ ? उनलाई लामो उमेरको वरदान सम्झिएर शिर झुकाइन्थ्यो । आशीर्वाद प्राप्त गरिन्थ्यो । अहिले कसरी अभिशाप बन्दै गइरहेका छन् ? अनुहारमा चिन्ताको गहिरो रेखा, सेता कपाल, कापेको हातमा लिएको लट्ठी, अनुभवि मस्तिष्कमा समस्याको

उलझन् लिएर हरक्षण साहाराको लागि पर्खिरहेका छन् ।

के जीवनको अन्तिम क्षणमा थाकेर बस्न चाहन्छन् ? के उनी मौन भई स्वयम् जिउँन चाहन्छन् ? के वास्तवमा उनको लागि जिन्दगी बोझ बनेको छ ? यी प्रश्नको उत्तर सरल लाग्छ, तर कसैसँग उत्तर दिने समय छैन । यही कारण वृद्धहरू केवल मृत्यु पर्खिएर निराश भई बसिरहेका छन् । आफ्नो घरमा अन्जान जिन्दगी जिउँनु विवश छन् । तर सबै वृद्ध निराश र हतास हुँदैनन् । उनमा सहनशीलता र आत्मविश्वासको दृढता देखेर कहिले काहीँ लाग्छ जब उनी दिनरात अथक परिश्रम गर्छन्, साहसले सङ्घर्ष गर्छन् । उनी समाजमा पुरानो दिनको सम्झना गर्दै निडरताले आफ्नो अधिकारको लागि लड्छन् । तर समर्पण गर्न चाहदैनन् । आज स्वार्थी र भौतिकवादी प्रवृत्तिले वृद्धहरूलाई आफ्नो स्वार्थको सिकार बनाएका छन् । आधुनिकता र विकासको दौडमा उनीहरूको सहारा बन्न सकेका छैनन् । उनीहरूलाई सुरक्षा दिन सकेका छैनन् । उनीहरूलाई थाहा छैन कि उमेरको आक्रमण उपेक्षित होइन, अपेक्षित हो । यो प्रकृति प्रदत्त अवस्था हो । ♦♦♦

कविता

# उन्नतिका निम्ति



✍ डा. बमबहादुर थापा 'जिताली'

आस्थारूपी आकाशको चङ्गा बनी आऊ
विश्वासको बगैंचामा गङ्गा बोकी आऊ ।
अठोट र सङ्कल्पको तारो ताकी आऊ
सदाचारी कर्मयोगी चक्र रची आऊ ।

गाउँघर, शहरमा महायुद्ध थालौं
रोगभोक, अशिक्षा र असुरक्षा फालौं ।
अशान्ति र विकृतिका विरुद्धमा जागौं
शान्ति-कान्ति अँगालेर उन्नतिमा लागौं ।

उपलब्ध औजारको उपयोग गरौं
जडीबुटी जङ्गल र जमिनमा भरौं ।
जन्मभूमि जोगाउन राष्ट्रियता खोजौं
एकताको मालासरि रणनीति रोजौं ।

थुन्नुपर्छ अभावका मेची-काली भेल
गरिबी र निराशका भत्काएर जेल ।
खाना, नाना, छाना सबै जुटाउनुपर्छ
नेपालीका दिनदशा छुटाउनुपर्छ ।

सुन्नुपर्छ दरबारले जनताका कुरा
जुटाएर घरबासमा युवाशक्ति पूरा ।
शक्तिशाली युवालाई पठाएर पर
उन्नतिका निम्ति बन्ने छैन घर ।
करमाथि थपेर कर
जनताले भोग्दैछन् कहर ॥

बालकथा

# खोइ मलाई माया



✍ डा. छायादत्त न्यौपाने

उविन कक्षा ४ मा पढ्थे । एक दिन उनी स्कुलबाट घर फर्कंदै थिए। उनले देखे एक जना आफू जत्रै बालकलाई चिया पसलेले खुब गाली गर्दै थियो । 'कति ढिलो काम गरेको ! खान्छ मात्रै । समयमा काम सक्दैन' भनेर हकारिरहेको थियो। 'हँ, यो पढ्ने, लेख्ने, खेल्ने र खाने उमेरको साथीलाई यस्तो हेला गरेको ?' यो दृश्यले उविनको मन दुःखी बनायो ।

त्यो दिन उविन उदास-उदास अनुहार लिएर घर पुगे । 'आज नाति किन एक्लै आए! अघिपछि त साथीहरू पनि हुन्थे।' हजुरआमा अँगालाको दाउरा बिसाएर नातिको कोठातिर लाग्नुभयो । उविन झोला पनि नबिसाई हजुरबाको तस्बिर हेरिरहेका थिए। ' नाति किन एकोहोरिएर हजुरबाको तस्बिर हेर्दै छन् ?' हजुरआमा सोच्दै हुनुहुन्थ्यो । उविन पछाडि फर्केर अनुहार नहेरी हजुरआमालाई झम्टिन पुगे। नातिलाई सुमसुम्याउँदै र 'किन बाबू के भो' भन्दै हजुरआमाले झोला उतारि दिनुभयो। उहाँले अँगालोमा लिएर खाटमा बस्दै 'किन यसरी उदास भएको, के भो तिमीलाई ?' हजुरआमाको हात छुटाउँदै केही नबोली उविन बाहिर निस्के। हँ, हजुरबाको याद आएछ कि भन्दै हजुरआमा पछिपछि निस्कनुभो।

उहाँले उविनलाई 'लुगा फेरेर हातगोडा धुन' भन्नुभो। उविनले हातगोडा धोएपछि पानी दिनुभयो । उविनले पानी खाए तर उनको अनुहार उजेलिएन । नाति चिन्तित देखेर हजुरआमालाई पनि दुःख लाग्यो । उहाँले 'बाबूलाई के भो किन नबोलेको ?' भनेर फेरि सोध्नुभो । हजुरआमाले कर गरेपछि बल्ल उविनले भने-'है नि हजुरआमा मलाई किन कसैले माया गर्दैन ? हजुरबाले माया गर्नुहुन्थ्यो उहाँ छाडेर गइहाल्नुभो ।' नातिको कुरा सुनेर हजुरआमाको गह भरियो । उहाँ आँसु लुकाउँदै 'हैन के भनेको तिमीले ? तिमीलाई तिम्रा आमाबुबा, मैले र अरूले पनि माया गर्छौं । कति धेरै माया गर्छौं ! कतै स्कुलमा गुरूहरूले गाली गर्नुभो कि ?' हजुरआमाले सम्झाउन खोज्नुभयो।

उनले 'होइन, स्कुलमा केही भएको छैन' भने। 'फेरि किन तिमीले माया गर्दैनन् भनेको त!' हजुरआमाले दुःखी हुनुको कारण जान्न बल गरेपछि 'हेर्नु न हजुरआमा

स्कुल जाने बेलामा नि छिटो भात खा, तेरो लुगा खै ? जुत्तामा पालिस गरेको छैन । किन ढिला गरेको ? मलाई कार्यालय जान ढिलो भो' भनेर बाबाआमा कराउनुहुन्छ । बस चढ्ने बेलामा सहचालक दाइ 'कति ढिलो गरेको छिटो आउनु पर्दैन ?' भनेर तर्साउनुहुन्छ । बसभित्र छिर्दै गर्दा गुरूमाले यता बस, त्यहाँ नबस भनेर निर्देशन गर्नुहुन्छ। स्कुल पुग्न पाछैन साथीहरूले 'झोला उता राख, मेरो छेउमा नबस भन्छन् ।' गुरूमाले 'यी अक्षर लेखेको भएन । कस्ता नराम्रा अक्षर !' भनेर कराउनुहुन्छ । उता नाच सिकाउने गुरूले त झन् चर्को स्वर निकालेर थर्काउनुहुन्छ। एक जना तपाईं हो तर तपाईं पनि 'नपोखिकन खाऊ, पोख्नुहुन्न । यति सबै खाऊ' भनेर करकर गर्नुहुन्छ । कस्तो अचम्म के हामी साना केटाकेटीलाई त सबैले निर्देशन मात्र गर्छन् । तपाईंले पनि अहिले बल्ल के छ बाबू के भो भनेर मायालु पारा देखाउनुभो । नत्र त 'यसो नगर उसो गर, यसरी होइन उसरी गर', आदेशमाथि आदेश अनि लाग्दैन दिक्क ?' यति मात्र पनि कहाँ हो र ! सबै चढ्ने बसमा पनि हामी केटाकेटीलाई बस्ने ठाउँ हुँदैन । खाली सिट देखेर बसिहाले कोही आएर उठाइहाल्छ । घरपरिवारका सदस्य बसेको ठाउँमा हामी बस्नै हुँदैन रे ! कस्तो अचम्मको चलन ? यो बालकहरू हेप्ने संस्कृति कसरी सुरू भए होला हकि हजुरआमा ? होइन तिमीलाई कसले के भन्यो ? आज यस्ता अनौठा कुरा गर्दैछौ ? केको अनौठा हजुरआमा हाम्रो चलनै यस्तै छ के यो राम्रो चलन हो त ?

नातिका कुरा सुनिरहनु भएकी हजुरआमालाई के गरूँ कसो गरूँ भो ! फेरि पनि 'हामीले गर्ने यी सबै कुरा तिम्रै भलाइको लागि हो नि । समयमा उठ, पढ, असल मान्छे बन भनेको । यसमा हामीलाई के फाइदा छ र ! हो, यिनै कुरा सजिलो र मायालु तरिकाले गर्न सकिन्छ नि । ठुल्ठुलो स्वरले हप्काउनु पर्दैन होइन र ? हामी केटाकेटीलाई स्नेहले विधि व्यवहार सिकाउन सकिन्छ । तपाईंहरूलाई थाहा छ केटकेटी अरूले गरेको देखेर सिक्छन् । उपदेशको भारी नबोकाए हुने । पल्लोघरका काकाकाकीले हजुरबाआमालाई किन थर्काका होलान् ? विचार गरौं त । साना छँदा उहाँहरूले काकालाई थर्काउनु हुन्थ्यो रे । काकाले त्यै सिक्नुभएछ । उहाँको पनि के दोष जे सिक्यो त्यै गर्नुभो ।'

ढोकाबाहिरैबाट नाति-हजुरआमाको संवाद सुनेका उविनका बाले -'होइन, छोरा कुरा त्यसो होइन हामी तिमीलाई धेरै माया गर्छौं । तिमीले बोलीचालीको कुरा गऱ्यौ । बोल्ने बानी त्यस्तो परेछ ।' तिम्रो खुसीको लागि हामी कति मिहिनेत गरेर पैसा कमाउन बल गर्छौं । 'बानी परेछ भनेर भएन बाबा ! माया मनमा भएर पुग्दैनरहेछ । न्यानो स्नेह व्यवहारमा झल्किनु पऱ्यो !' उविनको कुरा

सुनेर केहीबेर चुप.... लागेपछि।

'हो, तिमी ठिक भन्दैछौ हामीलाई माफ गर छोरा। हाम्रो मनसाय तिम्रो चित्त दुखाउनु होइन।' भइहाल्यो बाबा ! माफ नमाग्नुहोस्, तपाईंहरूले महसुस गर्नुभो। मलाई खुसी लाग्यो।' 'धन्यवाद तिमीलाई, मनमा लागेको कुरा प्रस्ट भनेर हामीलाई पुरानो स्वभाव परिवर्तन गर्न सघायौ।' कुरा गर्दा गर्दै आमा घाँसको भारी लिएर आइपुनुभयो। उविन हजुरआमाको काखमा लुटपुटिन थाले। बाबा गाईवस्तुलाई घाँसपानी दिन गोठतिर जानुभो। ♦♦♦

## मुक्तक



✍ **शशीश्री आचार्य**

म कवि हुँ भने तिमी मेरो कविता हौ
मनको दायाँ बायाँ केवल तिमी नै तिमी छौ
तिमी बिना म एक्लै निर्जीव झैँ हुन्छु माया
यो घायल मुटुलाई के गर्नुपर्छ तिमिनै गर लौ

कि चुनरी बुनेर राख
कि धागो चुनेर राख
यो मुटुमा तिमी छौ केवल
त्यसैले मन भित्र थुनेर राख

जब छाती चर्कन्छ तब आमा सम्झन्छु म
जब पीडा सर्कन्छ तब आमा सम्झन्छु म
विरहका भावहरू कति गाउँदै हिँड्नु
जब दुःख फर्कन्छ तब आमा सम्झन्छु म

उम्लिएर पोखियो जीवन अन्नको दाना खोज्ने निउमा
छाक टार्न मेसो खोज्दा झुत्रो पनि छैन जीउमा
यताउता लाछारिदै पौने माना जीवन बित्यो
मरे पछि आउँछ कात्रो जलेर जाने डाल्डा घिउमा

सँगै हिँड्ने साथीले घात गरेपछि
खेदो गर्ने बैरिसँग कुरा खात गरेपछि
काँध थापी छुरा हान्यो बरै पिठ्युमा
निष्कपट कालो रात परेपछि

# शैशवकालदेखि यौवनावस्थासम्मको संघर्ष



✍ श्रीहरि के.सी.

हरेक मान्छेले एउटा न एउटा लक्ष्य लिएको हुन्छ । लक्ष्य नै नभएको मान्छे त कोही पनि हुँदैनन् । लिएको लक्ष्य पूरा हुनु र पूरा नहुनु आ-आफ्ना ठाउँमा छ । कर्मलाई निरन्तर रूपमा अगाडि बढाउन सकियो भने लिएको लक्ष्य पूरा हुन्छ भन्ने सकारात्मक सोच मभित्र सानै उमेरदेखि आएको थियो । सानो उमेर छँदा स्कुलमा मैले सुनेको थिएँ- 'उद्देश्य के लिनु उडी छुनु चन्द्र एक ।' के भनेको होला जस्तो लाग्थ्यो पहिला पहिला । अलिक ठूलो भएपछि यसको रहस्य र अर्थ बुझेँ । हाम्रा महाकवि लक्ष्मीप्रसाद देवकोटाको यो सूक्तिले मेरो जीवनमा गहिरो सकारात्मक प्रभाव पारेको छ ।

साँच्चै नै कुनै कुनै कविताका लाइन वा कुनै शास्त्रमा कोरिएका वाक्यले मान्छेको जिन्दगीलाई नै सकारात्मक पहाडको उचाइमा पुऱ्याउँदा रहेछन् । सानो छँदा स्कुल तहमा 'मेरो जीवनको लक्ष्य' शीर्षकमा धेरै निबन्ध लेखेँ मैले । पास हुनकै लागि भए पनि सबैले यो शीर्षकमा निबन्ध लेखे । म चाहिँ जीवनको लक्ष्य शीर्षकको निबन्ध लेख्दा मनबाटै नढाँटी लेख्थेँ- म भविष्यमा राष्ट्रसेवक बन्छु । हुन त साना केटाकेटी कसैलाई तिमी के बन्छौ भनेर सोध्यो भने कसैले पनि भन्दैनन् म आर्मी/ प्रहरी बन्छु भनेर । केटाकेटीहरूको उत्तर हुन्छ–डाक्टर बन्छु, पाइलट बन्छु, इन्जिनियर बन्छु यस्तै यस्तै । खासमा किन भन्दैनन् विद्यार्थीले म आर्मी/प्रहरी बन्छु भनेर ? यो सोचनीय प्रश्न हो । त्यसपछि नेपाल प्रहरीमा जागिर खान्छु भन्ने लक्ष्य कुन्नि कसरी आयो मभित्र ? मलाई नै एकिन छैन । तर अहिले ठूलो छाती गरेर भन्न सक्छु- नेपाल प्रहरीमा प्रवेश गरेर मैले मेरो देश बुझेँ । संसार बुझेँ । दुःख बुझेँ । सुख बुझेँ । अनि बुझेँ प्रहरीभित्रका राम्रा पक्ष । जागिर वा पेशा नराम्रो भन्ने कुनै पनि हुन्न । नराम्रो त मान्छेको प्रवृत्तिले गर्दा हो । त्यही खराब प्रवृत्ति भएकाहरूले पदलाई पनि बदनाम गरेका हुन् ।

जुनसुकै क्षेत्रमा पनि विकृति छ । हरेक कुराको सबल पक्ष र दुर्वल पक्ष हुन्छ नै । सबै डाक्टर, शिक्षक, पत्रकार, लेखक, नेता सही हुँदैनन् र गलत पनि हुँदैनन् । मैले सानैमा बुझेको कुरा पनि यही हो एक

दुई वटाको गल्ती र खराब प्रवृत्तिलाई पूरै पद र पोस्ट र सङ्गठनसँग दाँज्न मिल्दैन । प्रहरीमा जागिर खानु मेरो रुचि र उद्देश्य नै थियो । सानैदेखि मलाई प्रहरी मन पर्थ्यो । अझ भनूँ प्रहरीले लगाएको बर्दी मन पर्थ्यो । निलो बर्दी लगाएर समाजसेवा र राष्ट्रसेवा गर्ने हुटहुटी मभित्र बालापनदेखि नै चलेको थियो । मेरो इच्छा र चाहना पनि राष्ट्रसेवा र मानवसेवाप्रति नै खिचिएको थियो । म सोच्थेँ- म पनि प्रहरी भएपछि पक्कै बर्दी लगाउँछु । नेपाली सभ्यताको परिचयलाई त्यहाँसम्म पुऱ्याउँछु जहाँसम्म बुद्धभूमिबाट विदेशका कुना काप्चामा म पुग्छु ।

लक्ष्यलाई केन्द्रमा राखेर मैले मेरो जीवनको म्याराथुन दौडलाई निरन्तर अगाडि बढाइरहेँ । शैशवकालदेखि नै पढ्नुपर्छ भन्ने भावनाको गोरेटोमा म डोहोरिइरहेँ । त्यसकै परिणाम भन्नु पर्दछ नेपाली माटोको सुवास र आमाको अनुहारलाई आँखामा राखेर थुप्रै देशहरूमा मैले पसिनाका धारा बगाउने मौका पाएँ । हुन त स्कुल पढ्दा पनि म निबन्धमा लेख्थेँ- "आँखामा मैले मेरो देश राखेको छु, मुटुमा देशकै माया छापेको छु ।" विभिन्न देशमा म पुग्दा मजस्तै अन्य देशका थुप्रै साथीको सङ्गत गर्न पाएँ । पराइको देशमा बस्दा घरदेशको सपना हामी सबैले देख्थ्यौँ । टाढै बसेर भए पनि आ-आफ्नो देश र माटोलाई माया गर्थ्यौँ । जिजीविषामा देशको आकृति कोरेर हिँडे पछि केही कुरा पनि असम्भव नहुँदो रहेछन् । आफू जन्मिएको माटोलाई माया गर्न नछोड्नु ठूलो कुरा हो जस्तो लाग्दछ मलाई । मेरो स्वभाव नै नदी बनेर बग्ने भयो, पोखरीझैँ जमेर बस्न सकिनँ म । नदी बनेर बगे पनि आफू उम्रिएको मुहान भने मैले कहिल्यै भुल्न सकिनँ । मेरा लागि देश र माटो नै मेरो पहिचान हो, जीवनदृष्टि हो । मनको सुख भन्ने कुरा विलासमा नहुने रहेछ सन्तोषमा हुने रहेछ । मैले चाहेको भए सुख सम्पत्तिको मालिक बनेर म नेपाल बाहिर नै विलासिताको जीवन बिताउन सक्थेँ । तर, म त्यो कदापि गर्न सक्दिनँ । मलाई मेरो माटोको माया छ, म खेलेको पाखाको माया छ । मेरी आमाले पसिना पोखेको बाटोको माया छ । जति नै विकराल परिस्थिति किन नआओस् मैले जीवनमा आशालाई कहिल्यै निभ्न दिइनँ । आशाको दियो विचार र मनमा बालेर हिँडेपछि कोलम्बस बाँच्न सकिँदो रहेछ । सफलभन्दा पनि मूल्यसहितको मान्छे बन्ने चाहना हो मेरो ।

त्यसैले म सङ्घर्षको पर्याय नै बन्न प्रयास गरिरहेँ । सङ्घर्ष गर्न छाडेको दिन मान्छे मरेतुल्य हुन्छ भन्ने मेरो विचार हो । यतिबेला मैले जीवनको लगभग आधा उमेर बाँचिसकेको छु । यसरी सन्तोषका साथ बाँच्नुको कारण छ-मैले जीवनलाई सधैँ क्रियाशील बनाउन सकेँ । चुनौतीहरूलाई परास्त गर्न सकेँ ।

हरेक परिस्थितिलाई वस्तुवादी भएर हेर्न सकेँ र विचार पनि दरिलो बनाउन सकेँ ।

मैले वि.सं. २०५६ सालमा श्री चाँगुनारायण माध्यमिक विद्यालयबाट एसएलसी प्रथम श्रेणीमा पास गरेँ । जुन बेला सरकारी विद्यालयबाट प्रथम श्रेणीमा पास हुनेको सङ्ख्या ज्यादै न्यून हुन्थ्यो । त्यतिबेला हामी एसएलसी दिनेको सङ्ख्या करिब सयको हाराहारीमा थियो ।

एसएलसी सकेपछि आदर्श बहुमुखी क्याम्पस सानोठिमीमा म व्यवस्थापन सङ्कायको विद्यार्थी भएँ । आइकम पढ्दा बिहानको क्लास हुन्थ्यो । आफ्नो खुट्टामा आफैँ उभिनुपर्छ भन्ने मेरो मान्यता थियो । त्यही भएर कक्षा सकेपछि म श्री नवीन बोर्डिङ स्कुलमा पढाउथेँ पनि । मैले पढाउने नवीन बोर्डिङ स्कुल चाँगुनारायण स्कुलको पछाडि थियो ।

आइ.कम.सकेपछि भक्तपुर बहुमुखी क्याम्पसमा बि.बि.एस.का लागि भर्ना भएँ । भक्तपुर बहुमुखी क्याम्पसमा मेरा माइँला दाइ शिवहरि के.सी पनि सक्रिय रूपमा राजनीति गर्नुहुन्थ्यो । मेरा बुबा र जेठा दाइ जागिरका सिलसिलामा बाहिर हुँदा घरको सम्पूर्ण जिम्मा माइँला दाइले लिनु भएको थियो । बि.बि.एस पढ्दा पनि नवीन बोर्डिङ स्कुलमा पढाउने काम छोडेको थिइनँ मैले । त्यतिबेला म अङ्ग्रेजी, ग्रामर, सामाजिकलगायत अन्य विषय पढाउँथे । पढाउने काम मेरो पढाइ खर्चका लागि थियो ।

आर्थिक स्थिति कमजोर र विपन्न वर्गका परिवारका छोराछोरीलाई छात्रवृत्तिमा पढाउनका लागि उक्त स्कुलका सर अनिश न्यौपानेले ठूलो पहल गर्नु भएको थियो । उहाँको पहलबाट धेरै विद्यार्थीले निःशुल्क अध्ययन गर्न पाएका थिए । उक्त समयमा मैले पनि अनिश सर र अष्ट्रेलीयन भोलुन्टरियन टिचरलाई अनुरोध गरेर पुजन कार्की नाम गरेका विद्यार्थीलाई कक्षा १ देखि कक्षा १० सम्मको अध्ययनमा छात्रवृत्ति उपलब्ध गराएको थिएँ । शिक्षक भएर काम गरे पनि म जसरी भए पनि राष्ट्रसेवक हुन्छु भन्ने लक्ष्यलाई परिवर्तन गरेको थिइनँ ।

बि.बि.एस. दोस्रो वर्षमा पढ्दापढ्दै नेपाल प्रहरीमा विज्ञापन खुलेको थाहा पाएँ मैले । साथै नेपाल आर्मीको लेफ्टिनेन्ट पदका लागि पनि दरखास्त खुलेको रहेछ । मेरा लागि यी अवसर थिए राष्ट्रसेवक बन्ने । नेपाल प्रहरीमा फारम भरूँ कि आर्मीमा ? म अलमलमा परेँ । तर मैले दुवैमा फारम भर्ने निर्णय गरेँ र भारम भरेँ पनि । यो समय २०५९/६० को थियो । देशमा द्वन्द्वकाल थियो । बन्द, हड्ताल कति हुन्थ्यो हुन्थ्यो ।

बन्द, हड्तालका कारण ज्यादै सकसपूर्ण थियो त्यो समय । मान्छे

मर्नु र मार्नु सामान्य भएको थियो । अहिले भएको मान्छे एकैछिनमा नहुने समय थियो । मान्छे मान्छेबाट नै त्रसित हुनुपर्ने समय थियो । प्रहरीमा जागिर खाने मेरो कुरा सुनेपछि आमा र हजुरआमाले राम्रो मान्नु भएन । उहाँहरूको चाहना आर्मी वा प्रहरीमा म नगए हुन्थ्यो भन्ने थियो । उहाँहरूले आर्मी/ प्रहरीमा मलाई जान रोक्नुको कारण पनि देशमा चलेको द्वन्द्व नै थियो । साँच्चै नै त्यो डरलाग्दो समयमा कोही पनि आमाबाबा एवम् आफन्तले आफ्ना सन्तानलाई सेनामा जागिर खान प्रेरित गर्ने अवस्था पनि थिएन । मैले आमा र हजुरआमाको आग्रहलाई अस्वीकार गरेँ । बन्द हड्तालका कारणले म भक्तपुरको मान्छे तर परीक्षा दिनकै लागि गोल्फुटार बसेको थिएँ । नेपाल प्रहरीको र आर्मीको एकै दिन एउटै समयमा लिखित परीक्षा परेको थियो ।

यस अगाडि दुवैतर्फको शारीरिक तन्दुरुस्ती र मेडिकलको परीक्षामा म पास भएको थिएँ । म अलमलमा परेको थिएँ कुनको चाहिँ परीक्षा दिने भनेर । कहिले काहीँ साँच्चै नै कति अप्ठ्यारो परिस्थिति आउँछ । म अन्योलमा परेँ । प्रहरीको लिखित परीक्षा शिवपुरी मा.वि. मा रहेको थियो भने आर्मीको परीक्षा चाइना टाउनको अपोजिट आर्मी हेडक्वाटरभित्र थियो । कहिलेकाहीँ मान्छे विवश हुनुपर्दो रहेछ । चाहेको कुरा पनि आफूबाट टाढा हुँदो रहेछ । नचाहेरै मैले आर्मीतिरको परीक्षालाई छोड्नु पऱ्यो । हुन त दुइटै राष्ट्रसेवक सङ्गठन नै हुन् । मलाई कता कता आर्मीको परीक्षा दिन नपाएकोमा ग्लानि भयो ।

मैले नेपाल प्रहरीको परीक्षा दिएँ । शिवपुरीमा परीक्षाका क्रममा एकजना मजस्तै परीक्षार्थी, मेरो छिमेकी दाइ पर्नेले मेरो उत्तर पुस्तिका हेरेर सारे । उनले मलाई परीक्षाका बेला फकाएका थिए । मैले उनलाई सार्न त दिएँ तर उनले सारेको एक जना प्रहरी निरीक्षकले देख्नुभयो । उहाँ अहिले रिटायर्ड-प्रहरी अतिरिक्त महानिरीक्षक हुनुहुन्छ । उहाँले नेपाल प्रहरीको जागिर खान आएर यस्तो गर्ने ? तँ प्रहरीको जागिर खान योग्य छैनस् । बाहिर गइहाल् भन्दै उनलाई परीक्षा केन्द्रबाटै निकालिदिनुभयो । उहाँ नेपाल प्रहरीमा अलिक कडा स्वभावको प्रहरी अधिकृत हुनुहुन्थ्यो । कुनै विवादमा नपरी उहाँ रिटायर्ड हुनुभयो ।

प्रहरीमा लिखित परीक्षा दिने अन्दाजी १५०० माथि थिए । परीक्षा दिएपछि मलाई लागेको थियो पक्कै पनि मेरो नाम निस्किन्छ लिखितमा । लिखित परीक्षाको नतिजा आयो । अन्दाजी ३८२ को नाम निस्किएको थियो । खुसीको कुरा ३८२ मा मेरो नाम परेको थियो । वर्णानुक्रम अनुसार मेरो नाम अन्तिमतिर थियो ।

सुरूमा नाम नदेख्दा मेरो नाम निस्किएन भनेर म डराएको थिएँ । लिखितमा नाम निस्किएपछि फेरि मेडिकल चेकको लागि महाराजगञ्जको नेपाल प्रहरीको हस्पिटलमा जानुपऱ्यो । आँखाको कलर भिजन चेकअप हुँदा त मलाई सामान्य नै लाग्यो तर लिखितमा नाम निस्केपछि फेरि शरीर नाङ्गै बनाएर चेकअप हुँदा भने ज्यादै अप्ठ्यारो लागेको थियो । शरीरका विभिन्न अङ्गमा केही भएको छ कि ? दाग वा केही समस्या छ कि भनेर जाँच हुन्थ्यो । सेन्डो र पेन्टीमात्रै लगाएर भित्र पस्दा अप्ठ्यारो लागेको थियो । भित्र पसिसकेपछि त सेन्डो र पेन्टी पनि खोलेर नाङ्गै हुनुपर्ने रहेछ । मेडिकलमा पास भएपछि बल्ल अन्तर्वार्ताको लागि नाम प्रकाशन भयो । त्यसमा म परेँ । मलाई लाग्यो, मैले एउटा जीवनको कठिन परीक्षालाई पास गरेँ ।

अन्तर्वार्ताको मिति तोकियो । अन्तर्वार्ता पनि पास गर्छु भन्ने कुरामा म ढुक्क थिएँ । मेरो अन्तर्वार्ता प्रहरी प्रधान कार्यालय नक्साल परिसरमा तोकिएको थियो । म दह्रो मन लिएर अन्तर्वार्ताका लागि गएँ । मेरो अन्तर्वार्ता लिने लोकसेवा आयोगका प्रतिनिधि, प्रशासन विभागका डिआइजी, प्रहरी प्रधान कार्यालय भर्ना छनौटका प्रतिनिधि, प्रहरी महानिरीक्षक, गृह मन्त्रालयका प्रतिनिधिलगायत अन्य थिए । मैले दिएँ अन्तर्वार्ता । अन्तर्वार्तामा मलाई समसामयिक विषयमा प्रश्नहरू पालै पालो गरेर सोधियो । तपाईँले प्रहरी नै किन रोज्नुभयो ? द्वन्द्वकालको स्थितिमा किन प्रहरीमा नै होमिनु पऱ्यो ? अन्तर्वार्ताका लागि कोठाभित्र छिर्नुभन्दा अगाडि जुन डर मभित्र जागेको थियो तर कोठाभित्र छिरे पछि त्यो डर सबै साहसमा परिणत भयो । मैले मनलाई दरो पारेर जवाफ दिएँ, 'म त सङ्घर्ष र आँटमा विश्वास गर्ने मान्छे हुँ । कर्मले नै मान्छे सफल बन्छ भन्ने विचार मेरो हो । आफूलाई योग्यता, सिप, तालिम र क्षमताको वृद्धि विकास गर्न र जिन्दगी चलाउन मैले प्रहरी रोजेको हुँ । परिस्थिति सधैँ प्रतिकूल मात्रै रहँदैन । अहिले द्वन्द्वकाल छ भनेर मेरो चाहनालाई म मार्न सक्दिनँ । म त सकारात्मक सोचको मान्छे हुँ । आज सकारात्मक कर्म गरे भोलि पक्कै सकारात्मक फल पाइन्छ ।

त्यसैले मैले द्वन्द्वकालमा पनि प्रहरी रोजेँ ।' अन्तर्वार्ताका क्रममा एकजनाले ठट्टा गर्दै सोध्नुभयो, 'तपाईँ त घरजग्गा प्रशस्त भएको भएको मान्छे, किन जागिर खानुपऱ्यो?' मैले जवाफ दिएँ, 'राष्ट्रसेवा मेरा लागि चाहनाको गन्तव्य हो । बाल्यकालदेखिको निलो बर्दीप्रतिको आकर्षणलाई मैले त्याग्न सकिनँ । जिन्दगी भनेको सम्पत्ति मात्रै होइन । जिन्दगी आफ्नो रोजाइअनुसारले बाँच्न पाउनुपर्छ । हातमुख जोड्न र एक सरो लगाउन र आफ्नो शिर

लुकाउन बासस्थान थियो । तर, यति मात्रै जिन्दगी होइन ।' प्रकृति पनि विचित्रको छ । एउटै बगैँचामा फुलेका फूलहरू कहिले पनि एकअर्कासँग प्रतिस्पर्धा गर्दैनन् । त्यस्तै लाग्छ मलाई मेरो जीवन पनि । कुनै पनि नयाँ ठाउँ र देशविदेश घुम्न पाए मलाई भोक पनि लाग्दैन र अन्य सुख सुविधा पनि चाहिँदैन । प्रहरी सेवामा प्रवेश गरेकोमा मलाई एकक्षण, एकपल पनि हिनताबोध र पश्चाताप छैन र हुँदा पनि हुँदैन । यस पवित्र एवम् गौरवशाली सङ्गठनमा सेवा गर्दै जाँदा राष्ट्रिय र अन्तर्राष्ट्रिय कामका अनुभव बटुल्ने मौका पाएको छु । यसै क्रममा युएन पिसकिपिङ मिसन हाइटी र डाफर सुडानमा शान्तिसेना/शान्ति दूत र पुलिस एडभाइजर भएर काम गर्ने सुनौलो अवसर पाएँ । साथै जागिरे र निजी भ्रमणमा विभिन्न राष्ट्रहरू क्यानडा, डोमिनिकन रिपब्लिका, अमेरिका, युरोप स्विट्जरल्यान्ड, स्पेन, फ्रान्स, एन्डोरा बेलायत, इङ्ल्याण्ड, स्कटल्याण्ड, वेल्स, चाइना, इन्डिया, सिंगापुर, मलेसिया, थाइल्याण्ड, हाइटी, सुडानलगायत अन्य देशको भ्रमण गर्ने मौका पाएँ । प्रहरी सेवा जागिर मात्र नभएर यो उच्च त्याग, तपस्या, समर्पण र पूजा हो भन्ने मेरो अनुभव र ज्ञान मलाई हासिल भएको छ । राष्ट्रसेवक बन्ने मेरा सपना पूरा भयो र मैले बोध गरे-जिन्दगी बाटो हो, हिँडेर कहिल्यै सकिँदैन । जिन्दगी माटो हो अनेक कुराहरू उम्रिरहन्छन् । अनि जिन्दगी भन्नै पर्दा एउटा पाठशाला हो जसलाई पढेर कहिल्यै सकिँदैन । लक्ष्य केन्द्रित यात्रालाई नरोकी मेहेनत गरे देखेको सपना पूरा हुने रहेछ । सबैभन्दा ठूलो कुरा आफूलाई चिन्नु रहेछ । आफूलाई चिन्न सकियो भने समस्याहरूसँग लड्न सकिँदो रहेछ । समस्यासँग भाग्ने मान्छे आफैँसँग भाग्दो रहेछ । आफू पुग्ने ठाउँ र गर्ने कामको हेक्का राखेर सङ्घर्ष गरियो भने जितको आयाम भेट्न सकिने रहेछ । ♦

## गीति कविता



**✍ उर्मिला पन्त पाण्डेय**

मेरो मनको चौतारीमा, सेतो सगरमाथा
मेरो मनको आगँनीमा, लालीगुराँस राता

सगरमाथाको सिउँदोमा, लालीगुराँस फूल
मेरो मनको मझेरीमा, डाँफे चरीका हुल

उषा-लालीमा सिँगारिएको, सुन्दर बिहानी
स्वर्ग जस्तै लाग्ने यो, नेपालको मूल निशानी

श्रीपेच हो विश्वकै उच्च, हाम्रो सगरमाथा
फैलिएका छन् विश्वभर, सुन्दर अमरगाथा

हिम शिखरको सिउँदोमा, रङ्गिएको सिन्दुर
स्वर्गैजस्तो लाग्ने यो, विश्व-मन्दिरको गजुर

आँगन एउटै धराको, सगरको एउटै छाता
विश्व मै प्रख्यात छ, हाम्रो उच्च सगरमाथा

निबन्ध

# वान स्टेप ब्याक



✍ **डा. प्रेमराज सिलवाल**

द्वितीय विश्व युद्धका क्रममा अमेरिकाले जापानको हिरोसिमा र नागासाकीमा भीषण घातक अणुबमको प्रहार गरेपछि जापान युद्धबाट पछि हट्यो । जापानले तत्कालै हार स्विकार गऱ्यो। उसले आफ्नो संविधानको धारा ९ मा अब युद्ध र हमला नगर्ने कुरा प्रस्ट बोल्यो । सुरक्षा मामिलामा अमेरिकी आदेशबमोजिम चल्ने कबुल गऱ्यो । त्यसपछि जापानको ध्यान विकास, समृद्धि र प्रविधिको अनुसन्धानमा गयो । जापानको विकास तीव्र गतिमा हुनुमा उसले अपनाएको 'वान स्टेप ब्याक' हुने कला प्रमुख रह्यो । केवल प्रत्येक जित आफैँमा वास्तविक जित होइनन् । जसरी पनि जित्ने कुरा टिक्दैन । त्यस्ता जित खासमा हार मात्र हुन् । सोच र दृष्टिसहित फैसला गरिएका हारमा पनि जित लुकेका हुन्छन् । त्यो आफैँमा एउटा अदभूत कला, ज्ञान तथा सिर्जनशीलताको विधि हो । हारको सिर्जनशीलता र कला जान्नेहरू हरेक क्षेत्रमा सफल हुन्छन् । त्यस्ता कलापूर्ण योजनाद्वारा गरिएका 'ब्याक' भित्र 'फरवार्ड' लुकेको हुन्छ ।

'ब्याक' हुने कला दिगो जितको अभ्यास हो । हिन्दीमा भनाइ छ-'हार कभी नहीँ होताहै, कि जित होता कि सिख होता है ।' युद्ध र क्रान्तिमा समेत हार्नु एउटा उत्कृष्ट सिर्जनशील कला हो । जहिल्यै जितको सोचले कहिल्यै नजितिने अवस्थामा पुऱ्याउदछ । रुसी क्रान्तिका नेता भ्दादिमिर लेलिनले 'टु स्टेप फरवार्ड, वान स्टेप ब्याक' भने । एककदम पछि हटेपछि थप शक्ति प्राप्त हुने अवस्था बन्दछ । त्यसले अघि बढ्ने नयाँ उर्जा प्रदान गर्ने लेलिनको दृष्टिकोण रह्यो । अघि बढ्न एक कदम पछि हट्न जान्नुपर्ने उनको मत थियो ।

धेरै मानिस हार्न जान्दैनन् । हारे पछि सकिन्छ भन्ने साँघुरो सोच हुन्छ । 'ब्याक' हुँदा आफूँ सानो भइने भ्रम र घमन्ड हुन्छ । धेरैलाई हार्ने कलाको ज्ञान रहेन । हार्ने कला नजान्नुले जीवनमा सफलता प्राप्त गर्न सकिँदैन । जीवन जितैजितको श्रृङ्खला होइन । जित र हारको सम्मिश्रण हो । मौसम पनि जाडैजाडोको हुँदैन । गर्मी नै गर्मी पनि हुँदैन । बर्खापछि हिउँद

आउँदछ। रातपछि दिन हुन्छ। अध्यारोपछि उज्यालो हुन्छ। बिहानपछि साँझ आउँदछ। प्रकृति विज्ञान भन्दा ठूलो विश्वविद्यालय अर्को छैन।

मानव जीवन प्रकृतिको सुन्दर सिर्जना हो । जीवनमा जित मात्रको सोचले कहिल्यै उठ्न नसक्ने गरी हार्ने ठाउँमा पुऱ्याउँदछ। मानिसले हार्न जान्यो भने समाजका आधा द्वन्द्व, झगडा र विवादहरूको अन्त्य हुन्छन् । मानिसमा भएको मूर्ख प्रवृत्ति, सोच र शैलीले उसलाई सङ्कटमा धकेल्दैछ । हार्न जान्ने कलाका कारण विश्वमा धेरै मानिस सफलताको शिखरमा पुगेका छन् । हार्ने कला घरदेखि नै सुरु हुन्छ । परिवारमा, श्रीमान-श्रीमतीमा, दाजुभाइमा, छरछिमेकमा, सामाजिक तथा सार्वजनिक जीवनमा दैनिक हार्ने कलाको आवश्यकता पर्दछ। हार्न जान्ने नै सफल हो। जसले हार्न जान्यो ऊ अघि बढ्यो । जस्तोसुकै अवस्थामा जहाँसुकै जित्न खोज्ने प्रवृत्ति र सोचले मानिसलाई अप्ठेरो र सङ्कटपूर्ण अवस्थामा पुऱ्याउँदछ।

हार्ने कला, सिप र संस्कृतिको विकास युवामा बढी हुनु आवश्यक छ । युवाले हार्न नजान्दा अनेकौं झगडा, द्वन्द्व र कानुनी झमेलामा उनीहरू आफैँ फस्दैछन्। सडक वा सार्वजनिक स्थानमा हेर्ने हो भने आफूलाई कसैले तल नपारोस् भन्ने सोच धेरैमा देखिन्छ । सवारी साधन चलाउने क्रममा जित मात्र देख्ने व्यक्ति कुनै पनि बेला भयानक दुर्घटनाको शिकार बन्न सक्दछ। सामान्य वादविवाद वा द्वन्द्वमा हार्न नजान्ने, बढी आक्रोस पोख्ने, अर्कोलाई हेप्ने, शारीरिक हमलामा उत्रने र जित्नै पर्ने सोचका कारण धेरै मानिस प्रहरीको खोरमा पुगेका छन् । 'सरी' भन्ने शब्दको प्रयोग गर्दा हारिन्छ जस्तो सोच भएका मानिसले जहाँ पनि आफू ठूलो भएको र जित्नै पर्ने चाहना राखेका हुन्छन् । यही कारण समस्या पैदा हुन पुग्दछ । कुनै सार्वजनिक अड्डामा लाइन लागेको वा मिचेको कुरामा विवाद भयो । ठिक छ । त्यहाँ अक्सर हार्नेले नै जित्दछ। एकपटक 'सरी' भन्दा हारिने होइन। अर्कोलाई दमन गरेर, चर्को बोलेर कोही ठूलो हुने पनि होइन । सानोतिनो विवाद र विषयलाई बहाना बनाएर बबाल गर्न खोज्ने र जित्नै पर्ने सोचले नसोचेको समस्याको सिर्जना गर्न सक्दछ। सामान्य मानिस तथा साधारण विषयमा मात्र होइन ठूलाठूला शासक र देशले समेत हार्न नजान्दा भयानक युद्ध एवम् द्वन्द्व भएका हुन्।

युक्रेनले रुससँग हार्न जानेन । 'रुसभन्दा आफू के कम' भन्ने घमन्ड र विदेशी उक्साहटले त्यो मुलुकका सबैजसो भौतिक संरचना र विकासका पूर्वाधार ध्वस्त भइसकेका छन्। शासकको

सनकले देशै तहसनहस भएका उदाहरण धेरै छन् । सिरियाका पूर्व राष्ट्रपति बसर अल असदले कहिल्यै हार्न जानेनन् । उनले मानिस मार्ने कामलाई मात्र आफ्नो जित र सफलता सोचे । त्यही सूत्रले आफू अजय हुने साँघुरो दृष्टि बनाए । यसर्थ उनी कहिल्यै देश फर्कन नसक्ने गरी हार्न पुगे । लाखौँलाखको हत्या गरियो । त्यसले पनि उनलाई दिगो जित दिलाउन सकेन । उनी देशबाट भागे । हार्न नजान्दा यस्ता खतरा निम्तन्छन् ।

हार्ने कलामा जीवनको चौतर्फी सफलता लुकेको हुन्छ । हार्न नजान्ने मान्छेले प्रगति गर्न कठिन हुन्छ । मानव जीवनको यथार्थ भनेको समाजसँगको अन्तरक्रिया भइरहनु हो । समाजले नचाहेको वस्तु धेरै टिक्दैन । जो बद्लिन चाहेन त्यसको आयु अर्को नयाँ नआउन्जेलसम्म मात्र हो । बद्लिन नजानेर नोकिया मोबाइल बजारबाट 'आउट' भयो । समय, समाज र आवश्यकता अनुसार बद्लिनु भनेको हार्ने कला जान्नु हो । आफू बद्लिनु हो । बद्लिन जानिएन भने हारिन्छ ।

राजनीतिक दर्शनले पनि हार्नु जान्नु पर्दछ । मार्क्सको दर्शनमा मुलुक र समाज अनुसार सिर्जनात्मक प्रयोग गर्नेहरू टिके । आफूलाई बदल्न सक्नेहरू सफल बने । चीनले पनि आफूलाई समय र आवश्यकता अनुसार बदल्यो । देङस्यायो पिङले विचार सहित कार्यशैली बदलिदिए । जसले देशलाई बदल्यो । समृद्ध बनायो । हार्ने कलाको अद्भूत नमुना हो यो । उही विचार, उही सिद्धान्त, उही सोच र पुरानै कार्यशैलीबाट अघि बढ्नेले सिर्जनशीलता जान्दैन । पुरानोभित्र नयाँ खोज्नुपर्दछ । धार लगाएपछि पुरानै हतियारले पनि मार हान्न सक्दछ । सिर्जनात्मक प्रयोग तथा धार बिनाको नयाँ हतियारमा पनि खिया लाग्ने सम्भावना बढी हुन्छ । धार लगाउनु भनेको 'वान स्टेप ब्याक' हुनु हो । आफूलाई 'अपडेट' गर्नु भनेको हो । 'अपडेट'ले गति र तीव्रता दिन्छ । पुरानो गतिले नयाँ लक्ष्य प्राप्ति हुँदैन । पुरानोमा जे छ त्यही ठिक हो भन्ने सोच र शैली हारको कला नजान्ने दिमाग हो । हारमा अन्तरनिहीत जित हुन्छ भन्ने जान्नु नै सफलताको सूत्र जान्नु हो । हारबाट प्राप्त भएका जित दिगो हुन्छन् ।

जुनै पनि स्थान र विषयमा जित मात्र देख्ने आँखा तथा दिमागमा कमजोरी लुकेको हुन्छ । हार्न नजान्ने घमन्डी र मूर्ख सोचका मान्छे हुन् । विश्वमा जति पनि युद्ध, द्वन्द्व र सङ्घर्ष भएका छन् तिनमा हार्ने कलाको कमिले भएका हुन् । जहिले र जहाँसुकै तथा जोसँग पनि जिन्नुपर्दछ भन्ने हुँदैन । प्रकृतिमा पनि हार्न जान्नेहरू बढी बाँचेका छन् । सिंहसँग भागेर 'वान स्टेप ब्याक' हुने कला सिकेका हरिण-मृगको संख्या विश्वमा बाघभन्दा बढी छ ।

हार्ने कला प्रत्येक सफलताको सिर्जनशील पक्ष हो। यसको गहिरो अर्थ छ। हार्ने कला मानव समाज, पृथ्वी र प्रकृतिबाट सिक्न सकियो भने जित कसैले रोक्न सक्दैन। 'टु स्टेप फरवार्ड'को लागि 'वान स्टेप ब्याक' हुनु बुद्धिमानी हो। 'ब्याक' हुनु फेल हुनु होइन। सफलता पाउन 'ब्याक' हुने कला आवश्यक हुन्छ। जसले 'टु स्टेप फरवार्ड', 'वान स्टेप ब्याक' को अर्थ जान्यो र सिर्जनशीलता अपनायो ऊ सफल बन्यो। सफलताको एउटा सुन्दर सिर्जना 'वान स्टेप ब्याक' हुन जान्नु हो। ♦♦♦

लघुकथा

# कुहिएको फल



✍ **गंगा खड्का**

"छिः छि! कस्तो गनाउने स्याम्पुले कपाल नुहाएकी होला, छेउमा गयो कि गुहु गन्हाए झैँ गनाउँछ।" सबिताले नाक थुन्दै निशालाई भनी।

निशा केही नबोलीकन चिया पकाउन थाली। चिया पाकेपछि अत्यन्तै सौहार्दपूर्ण तरिकाले सबितालाई दिई।

चियाको पहिलो चुस्कीमै अनुहार बिगार्दै सबिताले भनी," होइन, तिमीलाई चिया पकाउन नि आउँदैन कि क्या हो ? चियापति धेरै भएर खाइसक्नु छैन।" निशा केही नबोलिकन सबिताकै छेउमा बसेर चिया पिउन थाली।

"तिमीलाई, आफूभन्दा ठुलासँग टाँसिएर बस्न अलिकति अप्ठ्यारो नि लाग्दैन। यस्ता कुरा माइतीमा कसैले सिकाएनन् कि क्या हो ?" निशा यसपटक पनि केही बोलिन।

नजिकैको मेचमा बसेर चिया पिउँदै गरेकी राममायालाई सबिताका कटु बोली पच्न सकेन। उनले सबितालाई झपार्दै भनिन्," होइन ए सबिता, भर्खरकी नयाँ देवरानीलाई अह्राइसिकाइ गर्नु त कता हो कता, उल्टै दसथरी भनेर किन निराश टोकस्छ्यौ हँ ?"

"अनि तिमी चाहिँ जसले जे भने नि किन चुप लाग्छ्यौ हँ ?" निशाको पनि झाँको झार्न बाँकी राखिनन्।

"आमा ! चुप लागेको होइन, कुहिएको फललाई कसैले झार्नै पर्दैन, बोटबाट आफैँ झर्छ भन्ने कुरा बुझेर सहेकी मात्रै हुँ।" निशाले बडो विनयशील भएर भनी।

# मानिसहरू किन हेल्मेट लगाउँदैनन् ?



✍ प्र.व.ना.नि.बिष्णु थापा

विकासको आधार बाटो भए तापनि कुनै अध्ययन अनुसन्धान बिना जथाभावी खनिएका सडक, समस्याका कारक बन्दैछन् । फलस्वरूप सडक मार्फत सहज यात्रा मात्रै गाउँ गाउँ पुगेको छैन अनगिन्ती जोखिम पनि पुगेको छ । हरेक वर्ष बढ्दै गइरहेको सवारी दुर्घटनाको संख्या, दुर्घटनामा संलग्न सवारी साधनको संख्यासँगै त्यसबाट हुने मानवीय तथा भौतिक क्षतिको कुनै वस्तुगत मूल्याङ्कन नै छैन । दुर्घटनाबाट हुने सबभन्दा ठूलो क्षति मानवीय क्षति नै हो । आफन्त गुमाउनु पर्दा पारिवारका अन्य सदस्य र आश्रितहरूले सहनु पर्ने पीडा अकल्पनीय हुन्छ । सवारी दुर्घटनाले अक्सर आर्थिक क्रियाकलापमा संलग्न जनशक्तिलाई असर पार्ने भएकाले दिनानुदिन राज्यले उत्पादनशील नागरिक गुमाइरहेको वा उनीहरूलाई क्षमताविहीन बनाइरहेको अवस्था छ ।

नेपालमा भएका सवारी दुर्घटनाको

हाम्रा सडकमा एकैछिन उभिएर हेर्ने हो भने आफ्नै सुरक्षाका लागि आफैले सहजै प्रयोग गर्न सकिने अथवा भनौ आफ्नो, आफ्नो परिवार तथा अन्य सडक प्रयोगकर्ताको जीवनमा समेत क्षति पुऱ्याउन सक्ने कुरालाई पूर्णतया वेवास्था गर्दै आफ्नै रफ्तारमा हुइँकिरहेका सवारी साधनहरू बग्रेल्ती देख्न सकिन्छ ।

ट्राफिक संकेत तथा इशाराको उल्लङ्घन, घरबाट निस्कन हतार नगर्ने तर सडकमा पुगेपछि भने हतारिने प्रवृत्ति, ट्राफिक संकेतको रातो बत्तिमा रोकिएर हरियो बल्दा स्टप लाईनमा रोकिएका र अगाडि बढ्ने क्रममा केही सेकेण्ड मात्र पनि ढिला गर्ने सवारीको विरूद्ध पछाडिको सवारी चालकले हर्न बजाएर गर्ने विरोध तथा जथाभावी उछिन्न खोज्ने कार्य, त्यसै गरी 'ब्रेक नभए बरू खासै फरक नपर्ने तर हर्न अनिवार्य' भन्ने मानसिकता, सिट बेल्ट तथा हेल्मेट ट्राफिक प्रहरीको कारबाहीबाट बच्नका लागि प्रयोग गर्ने साधन हो भन्ने गलत बुझाई र व्यवहार, अस्वस्थ प्रतिष्पर्धा, चाडपर्व वा रमाइलोको नाममा मादक पदार्थ/लागु पदार्थ सेवन गरी सवारी साधन चलाउने लगायतका कारणले गर्दा दिनानुदिन सवारी दुर्घटना बढिरहेको छ ।

तथ्यांकलाई विश्लेषण गर्ने हो भने सबैभन्दा धेरै दुर्घटना हुने साधनमा दुई पाङ्ग्रे सवारी साधन विशेषतः मोटरसाइकल/स्कुटर अग्रस्थानमा छ । नेपाल प्रहरी प्रधान कार्यालय, राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन महाशाखा नक्सालको तथ्यांक अनुसार गत आ.व.२०८०/०८१ मा २२ हजार ८ सय ७३ वटा सवारी दुर्घटना भएकोमा, दुर्घटनामा ३५ हजार ४ सय ४ वटा सवारी साधन संलग्न थिए । दुर्घटनामा संलग्न ती सवारी साधन मध्ये मोटरसाइकलको मात्रै हिस्सा ५६ प्रतिशत भन्दा बढी अर्थात् १९ हजार ९ सय ८४ वटा दुई पाङ्ग्रे रहेको थियो । चालु आ.व.को चैत्र मसान्तसम्मको तथ्यांकलाई हेर्ने हो भने पनि यस अवधिमा १९ हजार ८ सय ११ वटा सवारी दुर्घटना र यसमा संलग्न २९ हजार ७ सय ९३ वटा सवारी साधन मध्ये मोटरसाइकलको मात्रै संख्या १७ हजार ७ सय ७ वटा रहेको छ । यस तथ्यबाट के बुझ्न सकिन्छ भने नेपालको सन्दर्भमा सबै भन्दा धेरै दुर्घटनामा संलग्न सवारी साधन भनेको दुइ पाङ्ग्रे सवारी साधन नै हो ।

सडकमा गुड्ने संख्याका आधारमा होस् अथवा सडकमा हुने सवारी दुर्घटनामा संलग्न सवारी साधनको संख्यात्मक रूपमा नै किन नहोस् यी दुवैमा दुई पाङ्ग्रे अग्रपंक्तिमा छ । यद्यपि यी सवारी साधनमा यात्राका बखत जुन रूपमा हामी संवेदनशील र गम्भीर बन्नु पर्ने हो सो अनुरूप नबन्दा वा सुरक्षा प्रतिको वेवास्ताका कारण दुर्घटनामा संलग्न सवारी साधनका आधारमा अग्रपंक्तिमा रहेको हो । चालु आ.व.को चैत्र मसान्त सम्ममा ५ सय ८२ जना मोटरसाइकल चालक तथा पछाडि सवार २ सय २२ जना गरी ८ सय ४ जनाले ज्यान गुमाई सकेका साथै मोटरसाइकलको ठक्करबाट अन्य १ सय ८४ जनाको अनाहकमा ज्यान गइसकेको अवस्था एकातिर छ भने अर्कोतिर मोटरसाइल चालक, पछाडि सवार र मोटरसाइकलले ठक्कर दिँदा २० हजार ४ सय ४९ जना यात्रु घाइते भएका छन् ।

तपाईँ हाम्रो अधिकांशको यात्राको सहयात्री भनेको मोटरसाइकल/स्कुटर नै हो भन्दा सायद अत्युक्ति नहोला । चित्ताकर्षक डिजाईन, उच्चतम गति, मूल्य तथा प्रविधिको कारणले गर्दा पनि यी मोटरसाइकल/स्कुटर तपाईँ हाम्रा लागि लोकप्रिय बनेका हुन् । यसको बनावट र तीव्र गतिमा गुड्न सक्ने क्षमता भएको कारणले इन्जिन भएका दुई पाङ्ग्रे सबै भन्दा असुरक्षित यातायातको साधन मानिन्छ । सडकको अवस्था नाजुक भएका स्थानहरूमा मोटरसाइकलको यात्रा अझै उच्च जोखिमयुक्त हुन्छ । हुन पनि सडकमा बालुवा, गिटी, पानी वा तेल पोखिएको वा खाल्डा खुल्डी परेको अवस्थामा वा हिउँ

जम्ने चिसो ठाउँमा मोटरसाइकल दुर्घटना धेरै भेटिन्छ। त्यस्तै, स-साना कारणले पनि मोटरसाइकल दुर्घटना गराउन सक्छन् ।

नेपालमा सार्वजनिक यातायातको अवस्था त्यति राम्रो र भरपर्दो नभएका अर्थात् नाजुक भएका कारण धेरै मानिसहरू यसको प्रयोग गर्न विवश छन् । मोटरसाइकलमा चालक वा पछाडि बस्ने यात्रुलाई सुरक्षित राख्न कुनै रक्षात्मक संरचना हुँदैन । कदाचित दुर्घटनामा परिहाल्यो भने पनि चालक वा यात्रुलाई गम्भीर घाइते हुने गरी चोट पटक लाग्ने वा मृत्यु हुने उच्च सम्भावना रहन्छ । खासगरी टाउकोमा लाग्ने चोटका कारण घाइतेको अवस्था उच्च जोखिममा रहन्छ। दुर्घटना हुँदा टाउको कुनै वस्तु वा सडकमा ठोक्किएर देखिने गरी घाउ हुने वा टाउको बेगले हल्लिएका कारणले बाहिरबाट नदेखिए पनि दिमागमा चोट लाग्छ। टाउको सडक वा कुनै वस्तुमा ठोक्किने क्रममा एक्कासि हल्लिएर पनि दिमागमा चोट लाग्छ। टाउको वा दिमागमा चोट लागेका धेरै मानिसहरू सद्धे देखिए पनि तिनले कुनै न कुनै क्षमता नफर्कने गरी गुमाएका हुन्छन् भने कतिको मानसिक अवस्था र व्यवहारमा पनि परिवर्तन आएको पाइन्छ। यसको असरले उनीहरूको आर्थिक तथा सामाजिक जीवनको गुणस्तरमा ह्रास आउँछ । त्यसैले मोटरसाइकल चलाउँदा वा पछाडि बसेर यात्रा गर्दा सदैव गुणस्तरीय हेल्मेटको अनिवार्य प्रयोग गरेमा पनि टाउको वा स्पाइनमा लाग्ने चोटहरूबाट धेरै हदसम्म बच्न/बचाउन सकिन्छ।

त्यस्तै, सडक पूर्वाधार वा सडक संरचनामा व्यापक सुधार गर्न सकियो भने दुर्घटना स्वतः घटेर जान्छ । सार्वजनिक यातायातलाई सर्वसुलभ र सहज बनाउन सकेमा पनि मानिसले मोटरसाइकल प्रयोग नै गर्नु पर्दैन। त्यसकारण मानिसलाई मोटरसाइकल प्रयोगको जोखिमबाट बचाउन सकिन्छ। तर यस्ता कामहरू खर्चिला वा र बढी लागत पर्ने हुन सक्छन् । तर केही प्रयत्त र व्यवहारमा परिवर्तन गरेर पनि धेरै हदसम्म दुर्घटना घटाउन सकिन्छ। जस्तो कि मानिसको बस्ती भएर जाने विभिन्न सडक र गल्लीहरूमा अधिकतम् गति सीमा निर्धारण गरेर मोटरसाइकल लगायत अन्य साधनहरूलाई तीव्र गतिमा चल्नबाट नियन्त्रण गर्न सकिन्छ । सामान्यतया दुई पाङ्ग्रेका लागि ३०-४० किमी प्रतिघण्टाको गतिलाई सुरक्षित मानिन्छ । आधुनिक प्रविधिको (ANPR System, Lidar Gun) प्रयोग गरेर गति सीमा सम्बन्धी नियम उल्लङ्घन गर्नेहरूलाई नियन्त्रणमा लिएर वा यातायात व्यवस्था कार्यालयसँगको सहकार्यमा कारबाही गर्ने उपाय पनि अपनाउन सकिन्छ।

त्यसैगरी चालक स्वयंले यात्रामा

दिमागको चोट र शरीरका अन्य अंगमा लाग्ने चोट निको हुने प्रणालीमा फरक छ। मोटरसाइकलमा दुई जना सवार छन् र दुर्घटना भयो भने पछाडि बसेको मानिस पहिले उछिट्टिएर झर्छ । टाउको ठोक्किएर लागेको अप्रत्यासित झड्कालाई टाउकोले थेग्न नसकेको फलस्वरूप दिमागमा चोट पर्ने हो । त्यसैले यसमा चोट पर्न नदिनु वा दिमागमा चोटपटक लाग्नबाट रोकथामका लागि गुणस्तरीय हेल्मेटको प्रयोग गर्नु बुद्धिमानी हो। त्यसैले यस प्रकारका ठूला-ठूला झड्कालाई थेग्न सक्ने गरी बनाइएको गुणस्तरीय हेल्मेटले टाउकोमा लाग्ने सबै खालका चोट-पटकबाट बचाउँछ।

विश्व स्वास्थ्य संगठनले सडक सुरक्षा नीति-निर्माताहरूका लागि तयार पारेको हेल्मेट सम्बन्धी पुस्तिकामा दिइएका विभिन्न अध्ययनका नतिजा अनुसार गुणस्तरीय हेल्मेटको सही प्रयोग गर्नाले मृत्यु हुनबाट जोगाउने सम्भावना २८ देखि ६४ प्रतिशतसम्म, टाउकाको चोटबाट बचाउने ५८ देखि ६० प्रतिशतसम्म, दिमागको चोटबाट बचाउने ४७ देखि ७४ प्रतिशतसम्म, अनुहारको चोटबाट बचाउने १४ देखि ६३ प्रतिशतसम्म गर्धनको चोटबाट बचाउने १४ देखि ४८ प्रतिशतसम्म देखिएको छ । यदि हेल्मेट टाउकोमा राखेको छ, तर चिउँडोमा फित्ताले राम्रोसँग बाँधिएको छैन निस्कनु अगाडि मोटरसाइकल/स्कुटरको अवस्था जस्तै ब्रेक, टायर र हावाको अवस्था, लुकिङ्ग ग्लास, साईडलाईट, हेड लाईट, न्युट्रल लाईट, बीम लाईट, स्पीडोमिटर, विभिन्न नट तथा बोल्टहरू, क्लच तथा क्लच तार लगायत यान्त्रिक अवस्था पनि चेक-जाँच गरेर मात्रै यात्रा सुरू गर्नु सुरक्षित हुन्छ। यसैगरी मादक पदार्थ वा लागु पदार्थ सेवन गरी मोटरसाइकल चलाउनेलाई कडा कारबाही गर्ने अर्को उपाय हो।

नेपाल प्रहरीले २०६७ सालदेखि निरन्तर मादक पदार्थ सेवन गरी सवारी साधन चलाउने चालक विरूद्ध कारबाही गरिरहेको छ। मादक पदार्थ सेवन (मापसे) गरी सवारी साधन चलाउने चालक विरूद्धको व्यापक र निरन्तरको कारबाही अभियान पश्चात चालकहरू पछिल्लो समयमा लागु पदार्थ सेवन (लापसे) गरी सवारी चलाउने प्रवृत्ति तर्फ मोडिएको देखिएको छ। उक्त प्रवृत्तिलाई समेत निरूत्साहन गर्न चालकहरूले लागु औषध सेवन गरी सवारी साधन चलाए नचलाएको सम्बन्धमा नेपाल प्रहरी अस्पताल महाराजगञ्जको प्राविधिक टोली सहित टि.एच.सि. (Tetra hydro cannabinol) किटको प्रयोग गरी २०७९ साउन ९ गतेबाट चेकजाँच अभियान शुरू गरेको अवस्था छ। यद्यपि यो अभियानलाई अझै तीव्रता दिनुपर्ने आवश्यकता देखिएको छ।

भने मोटरसाइकल दुर्घटनामा पर्ने बेलामा टाउकोमा लागेको झड्काको कारण सबैभन्दा पहिले हेल्मेट नै झर्छ र टाउको खाली भई झन् ठूलो चोट लाग्ने सम्भावना रहन्छ ।

यी सबै उपायहरू दुर्घटना रोकथाम केन्द्रित हुन् भने कदाचित दुर्घटना भइहालेमा टाउकोको बचाउका लागि गुणस्तरीय हेल्मेटको सही किसिमले प्रयोग गरेर क्षति कम गर्न सकिन्छ । ठूलो मूल्य तिरेर मोटरसाइकल खरिद गर्ने तर हेल्मेट चाहिँ सस्तो र गुणस्तरहिन रोज्ने र त्यसमाथि पनि हेल्मेटको फित्ता राम्रोसँग नबाँध्ने प्रवृत्तिले पनि क्षति बढ्दो छ । त्यसैगरी, मानिसहरू किन हेल्मेट लगाउँदैनन् ? भन्ने कुरा पत्ता लगाई तिनको निराकरण गर्दै हेल्मेट प्रयोग नियम कार्यान्वयन भएपछि टाउकाको चोटबाट मृत्यु तथा घाइते हुनेको संख्यामा देखिएको कमी र अन्य फाइदालाई व्यापक रूपमा प्रचार-प्रसार गर्न सकेमा पक्कै पनि हेल्मेट प्रयोगबारे सकारात्मक धारणा बन्दै जानेछ ।

जसरी हुन्छ दुर्घटनाबाट हुने जनधनको क्षति कम गर्नु राज्यको प्रमुख दायित्व हो भने राज्यले तर्जुमा गरेका ऐन नियम, नीति तथा निर्देशिकाको पालना गर्नु नागरिकको पनि नैतिक दायित्व हो । दुर्घटनाको कारण पहिचान भइसकेको अवस्थामा सडक यात्रालाई सुरक्षित र भरपर्दो बनाउन एकातिर राज्यले जुनसुकै कदम चाल्न पनि चुक्नु हुँदैन भने अर्कोतिर सडक सुरक्षाका निम्ति हामी नागरिक पनि उत्तिकै जिम्मेवार हुन आवश्यक छ । त्यसैले मोटरसाइकल/स्कुटर मार्फत यात्रा अनि गन्तव्य तय गर्दा सदैव गुणस्तरीय हेल्मेटको अनिवार्य प्रयोग गर्ने र गराउने बानीको विकास गरौं । ट्राफिक नियम जानौ पनि, मानौ पनि । ◆◆◆

कविता

## आफैं बनौ मोती !



✍ **जयश्वर रिमाल**

मनले रोज्छ बाटो, विवेकले देख्छ राह,
अरुको डरले चल्दैन, टिक्दैन पनि त्यो चाह ।
आफैंभित्रको शक्ति जागोस्, जलोस् ज्ञानको ज्योति,
पर निर्भरता तोडौं हजुर, आफैं बनौं मोती ॥

डरको छायामा लपेटिँदा, हराउँछ सोच गहिरो,
बुझाइले नै बन्छ जीवन, रचनाको धरातल थिरो ।
नियम पालना गर्दै जाँदा, मानिस हुन्छ ज्ञानी,
ज्ञानले दिन्छ सभ्यताको आधार, हामी हुन्छौं नामी ॥

डरले होइन, चेतनाले खोलौं मनको ढोका,
अन्तर्मन जागेपछि, हट्छन् ज्ञानका भोका ।
सद्बुद्धिको बाटो खुलोस्, सत्यको होस अभ्यास,
नियममा बाँधौं सबलाई, मेटौं अनुशासनको प्यास ॥

नियात्रा

# संसारको पहिलो तीर्थस्थल मानिने बराहक्षेत्र पुग्दा



✍ मुरारीराज मिश्र

मलाई लाग्छ, यात्रा भनेको केवल घुम्ने, खाने-पिउने र रमाउने क्रियाकलाप मात्रै होइन, यथार्थताको अनुभूति, फरक अनुभव, ज्ञान र आनन्दको प्राप्ति गर्ने माध्यम पनि हो । हजार शब्द पढेर, सुनेर बुझ्न नसकेको कुरा एकै हेराइमा स्पष्ट बुझिन्छ र यो अमूल्य अनुभव नै यात्राको उपलब्धि हो ।

कुनै नपुगेको ठाउँमा पुग्नुअघि त्यहाँको बारेमा मनले एक प्रकारको दृश्य कल्पना गरिरहेको हुन्छ। त्यहाँ यस्तो होला, उस्तो होला, पुगेर यसो गर्नुपर्ला, यसरी जाने होला ! तर त्यस ठाउँमा पुगेपछि मनमा बनेको काल्पनिक दृश्य अनायास फेरिन्छ। सोचाइ र वास्तविकतामा आकाश जमिनको फरक भेटिन्छ। यो रोचकता पनि यात्राको आनन्द हो ।

केही वर्ष अगाडि म भारतीय राज्य अरूणाचल प्रदेशमा पर्ने प्रख्यात तीर्थस्थल परशुराम कुण्ड पुगेको थिएँ । जानुअघि मेरो मनले त्यो कुण्ड सायद हाम्रै गोसाई कुण्डहरू जस्तै खालको वा त्यो भन्दा पनि विशाल होला भन्ने सोचेको थियो । यो सोचाइमा रम्दै त्यहाँ पुगेको मलाई, आफ्नो परिकल्पना भन्दा नितान्त बेग्लै एउटा सानो कुवाजस्तो कुण्ड देख्दा एकछिन अनौठो र खिन्नताको महसुस भएको थियो । हुन त, भौतिकरूपमा ठूलो सानो हुनुभन्दा पनि त्यसप्रतिको आस्था र विश्वास महत्वपूर्ण हो तर मनले सोचेको भन्दा निकै फरक दृश्य देख्दा पत्याउनै मानिरहेको थिएन । हो, यस्तै अनौठोपन पनि यात्राले दिने एकप्रकारको बेग्लै खाले मजा हो ।

अयोध्या, वृन्दावन र नैमिषारण्यको तेह्रदिने धार्मिक यात्राको अवधिभर म, अञ्जन कट्टेल र वसन्त पाण्डे हरेक दिन एकै कोठाका सहयात्री बनेका थियौं । यसै क्रममा हामीबीच यो यात्रापछि बराहक्षेत्रको भ्रमणमा जाने योजना बनेको थियो । यसै योजनालाई मूर्तरूप दिने क्रममा २०८१ पौष १३ गते बिहानै हामी आन्तरिक पर्यटकको रूपमा घरबाट निस्कियौं । यात्राको योजनाकार मध्येका एक वसन्त दाइ भने घरायसी कारणले जान सक्नुभएन ।

हामी निस्किएको केही बेरमा

ललितपुरबाट शिवप्रसाद ढुंगाना, सविता ढुंगाना, शिरोमणि रिसाल र सरस्वती रिसाल चढेको बस लिएर यात्रा व्यवस्थापक मोहनप्रसाद अधिकारीदाइ कुमारीगाल आइपुग्नु भयो । चालक सरोज खड्का तथा सहयोगी नवीन शाही ठकुरी र प्रशान्त रोक्का भाइहरूले हाम्रो सामान बसमा मिलाएर राख्नमा मद्दत गरे ।

बालुवाटारबाट सुनिल पोखरेल, विश्वनाथ पोखरेल र मिथिला पोखरेल यसअघि नै यता आइसक्नुभएको थियो । उहाँहरू सहित सुशीला आचार्य, रमेशप्रसाद लामिछाने, पद्मा लामिछाने, अञ्जन कट्टेल, मीना कट्टेल, कल्पना मिश्र र पंक्तिकार मुरारीराज मिश्र यहाँबाट बसमा चढ्यौं । बिहानको झिसमिसेमै हामी चढेको बस पूर्वी क्षेत्रको चार दिने यात्राको लागि गौरीघाट, गौशाला, सिनामंगल, कोटेश्वर, बनेपा, धुलिखेल चोक, भकुण्डेबेसी हुँदै अघि बढ्यो ।

गतः वर्ष आएको बाढीले यहाँ जताततै वितण्डा मच्चाएको रहेछ । विनाशका अवशेष यत्रतत्र देखिन्थे । बगाएका र भासिएर बाटो, पुल, घर, पसल, पेट्रोल पम्प, रेष्टुरेन्ट आदिका कारूणीक दृश्यले मन चसक्क बिझाउँथ्यो । भत्किएका संरचना वर्षौंसम्म पनि बन्न नसक्ने सहजै अनुमान गर्न सकिन्थ्यो । अवस्था देख्दा आगामी वर्षात्मा वीपी राजमार्गको यो खण्डमा यातायात बन्द हुने निश्चितप्रायः लाग्यो ।

मानवले जतिसुकै भौतिक प्रगति र सम्पन्नता हासिल गरे पनि प्रकृतिका सामु मानव सदैव निरीह छ भन्ने कुरा हामी सबैलाई थाहा छ । तैपनि हामी जानीजानी प्रकृतिसँग पौंठेजोरी खेल्छौँ । खोला, बगर मिचेर संरचना बनाउँछौँ । क्षणिक फाइदाका लागि गहन अनुसन्धान बेगर डोजर कुदाउँदै डाँडापाखा फोरेर अनावश्यक बाटो बनाउँछौं । विनाशका यी दर्दनाक अवशेष देख्दा धेरैजसो व्यक्तिगत क्षति यस्तै कारणले भएको ठम्याउन कठिनाइ पर्दैनथ्यो ।

प्रसिद्ध तीर्थस्थल कुशेश्वर महादेवको मन्दिर परिसर बाहेक सबै बगाएको रहेछ । यत्रतत्र बाढीले बगाएर थुपारेका ढुंगा र पाँगो हुनाले झट्ट हेर्दा बगर हो कि भन्ने भान हुन्थ्यो । त्यहाँबाट मुल्कोट, खाल्टे हुँदै खुर्कोट पुगेर बिहानको खानाको लागि बस रोकियो । त्यो दिन इटहरीमा पुगेर रात बिताइयो ।

हाम्रो आन्तरिक यात्राको एउटा मुख्य कठिनाइ भनेको बाटोमा शौच लाग्दा कुनाकाप्चा वा झाडीमा छिर्नुको विकल्प नहुनु हो । पाइला पाइलामा रमणीय प्राकृतिक स्थान र धार्मिकस्थल छ भनेर गर्व गर्ने देशका स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा कम्तीमा पनि सुविधाजनक

शौचालयको व्यवस्था त गर्न सक्नुपर्ने हो ! सामान्य सुविधा पनि नदिए पछि कसरी हुन्छ पर्यटन प्रवर्द्धन ? यस्ता कुराहरू सम्बन्धित निकायको प्राथमिकतामा कहिले पर्ने होलान् खै !

हाम्रो यात्राको मुख्य उद्देश्य विष्णुपादुका र बराहक्षेत्रमा पितृमुक्ति हेतु श्राद्ध र वरिपरिका मठमन्दिरको दर्शन थियो । भोलिपल्ट बिहान श्राद्धका लागि पिण्डेश्वर क्याम्पसमा अध्यापनरत पण्डित गोविन्द भट्टराई गुरूलाई लिएर गाडीमा विष्णुपादुका तर्फ लाग्यौं । धरान बजार कटेपछि कच्ची बाटो थियो तर माथिसम्म नै गाडी जाने रहेछ । विभिन्न जातका रूखले सुसज्जित डाँडाका हरियाली हेर्दै जाँदा बाटो काटेको पत्तै पाइएन । हामी बिष्णुपादुका पुग्दा भोलिपल्ट परेको पौषे औंशीको अवसरमा लाग्ने मेलाको तरखर हुँदै थियो ।

धरान देखि ४ किलोमिटर उत्तर पश्चिममा पर्ने कोकाहा नदीको किनारको माथिल्लो भागमा रहेको विष्णुपादुका क्षेत्र प्राकृतिक दृष्टिले निकै रमणीय स्थानमा अवस्थित छ । यो सुनसरी जिल्लाको प्रख्यात धार्मिक स्थल हो । प्रत्येक वर्षको पौष शुक्ल औंशीका दिन आफ्ना पितृहरूको श्राद्ध र तर्पणका लागि ठूलो संख्यामा हिन्दू धर्मावलम्वीहरू यहाँ आउने गर्दछन् ।

बिष्णुपादुका मन्दिरको दर्शनको क्रममा त्यहाँका पुजारी ७३ वर्षे इमान सिंह तामाङसँग गफगाफ भयो । उनका चौथो पुस्ता अघिदेखिका पूर्वजले त्यहाँ पूजाआजा गर्दै आएका रहेछन् । उनले जानकारी दिए अनुसार "बराह अवतारको काम सकिएपछि यसै ठाउँमा भगवान् विष्णुले, मोक्ष प्राप्त गर्न नसकेका आफ्ना पितृलाई तर्पण र पहिलो पटक श्राद्ध गरी श्राद्ध परम्पराको थालनी गरेका थिए रे ! त्यसै कारण, जसले यहाँ श्राद्ध गर्छ उसले भारतको काशी र गया गएर श्राद्ध गर्नु पर्दैन" भन्ने परम्परागत मान्यता रहेछ ।

श्राद्ध पश्चात् कोकाहा नदीको जल लगेर पिण्डेश्वर महादेवलाई चढाउनु पर्ने परम्परा भएकाले, हामीले पनि चलिआएको त्यो परम्परागत तोड्ने कुरै भएन । साँझ पिण्डेश्वरमा जल अर्पण र दन्तकाली लगायतका मन्दिर दर्शन गरि धरान, चतरा बजारको होटेलमा पुगेर बास बसियो ।

भोलिपल्ट पौषे औंशी, त्यसमाथि सोमबार । सोमबारे औंशीका दिन बिहान कसैसँग नबोली नुहाउनु पर्छ भनेर सुन्दै र देख्दै आएको हो मैले । यसरी नबोली नुहाउनुको अर्थ वा फाइदा के हुन्छ भन्ने चाहिँ मलाई थाहा छैन । जे होस्, हामी मध्ये केहीले होटेलमै नबोली नुहाएर "अरूसँग

दानव हिरण्याक्षले हरण गरेर रसातालमा पुऱ्याएको पृथ्वीलाई भगवान् बिष्णुले वराह अवतारको माध्यमबाट उद्धार गरि यथास्थानमा स्थापित गरेपछि वराह भगवान्को पूजाआजा सुरू भएकाले सुनसरी जिल्लामा पर्ने बराह क्षेत्रलाई संसारकै पहिलो तीर्थस्थल मान्ने गरिन्छ।

ब्रह्मपुराण, हिमवत्खण्ड पुराण, वराहपुराण, पद्मपुराण, श्रीमद्भागवतपुराण लगायतका अन्य पुराण तथा धार्मिक ग्रन्थहरूमा पनि यहाँको महत्वका बारेमा उल्लेख गरिएका छन् । वराह क्षेत्र आसपासमा आदिवराह स्थान, सूर्यकुण्ड, चन्द्रकुण्ड, कुब्जाम्र, कोटिवट, धेनुवट, विष्णुपादुका र लोहार्गल लगायतका करिब तीन दर्जनजति उपतीर्थहरू रहेका छन् । भनिन्छ, हिन्दू पौराणिक कथाका चार प्रमुख धार्मिक क्षेत्रहरूमध्ये धर्म क्षेत्र र कुरू क्षेत्र भारतमा तथा बराह क्षेत्र र मुक्ति (नाथ) क्षेत्र नेपालमा रहेका छन् ।

श्राद्धादि कार्य सकेर बराह भगवान्को दर्शन गरियो । सवारीको निकै चापले बाटो अवरूद्ध थियो । सडकजाम भएकाले हामीलाई लिन बस आउन सकेन, पैदलै अघि बढ्नुको विकल्प रहेन । गाडी भएको ठाउँमा पुग्दा ३ बज्नै लागेको थियो । आजको बसाइँ गाईघाटमा हुने कार्यक्रम भएको हुँदा फटाफट खाना खाएर बस चढ्यौं । बाटोमा चियापान र बोल्ने बाटो फुकायौं" भने केहीले "नदीमै नुहाएर मात्र बोली फुकाउने" भए ।

बिहान सबेरै गाडी लिएर बराहक्षेत्र पुगियो । यात्रुको भीडभाडले कोशीको बगर भरिइसकेको देखिन्थ्यो ।

वातावरण हल्का धुम्मिएको र हावा पनि चलिरहेकोले चिसो थियो । वरिपरिका डाँडाकाँडा, नदी, वनजङ्गलका दृश्यले मन लोभ्याउँथे । नदीको कलकल र चराचुरूङ्गीको चिरविर आवाज भने मन्दिरमा बजेको स्पीकर र मानिसको हल्लाखल्लाको आवाजमा दविएको भान हुन्थ्यो ।

कोकाहा र कोशीको सङ्गममा स्नान गरेर नदी किनारामा श्राद्धको लागि आसन जमायौं । अघिल्लो दिनदेखि हामीसँगै रहनुभएका गोविन्द गुरूले विधिपूर्वक श्राद्धादि कर्म गराउनुभयो । पितृमुक्तिहेतु पुत्रकर्तव्य पूरा गर्न पाएकोमा सन्तोषको अनुभव भयो ।

कोकाहा खोला र कोशी नदीको दोभानमा रहेको वराह क्षेत्र, वाग्मती नदी तटमा अवस्थित पाशुपत् क्षेत्र, काली गण्डकी नदी र कागवेनी खोलाको शिरोभाग मुक्ति क्षेत्र तथा गुल्मी, पाल्पा र स्याङ्जा जिल्लाको सङ्गम एवम् कालीगण्डकी र गण्डकीको तिरमा रहेको रिडी वा रूरू क्षेत्रलाई नेपालका चारधाम भनेर मानिदै आइएको छ ।

"बरमझियाको बाजेको असली पेडा" किन्ने काम भयो ।

भोलिपल्ट बिहान ५ बजे चिया खाएर गाईघाटबाट प्रस्थान गरेका हामी खुर्कोट पुगेर खानाको लागि रोकियौं । केहीले सिन्धुलीको जुनार, फर्सी र आलु किने । खानापछि कुशेश्वर दर्शन गरेर मंगलटार, भकुण्डेबेसी, धुलिखेल, बनेपा हुँदै घर फर्केर चारदिने धार्मिक यात्राको समापन गऱ्यौं ।♦♦♦

लघुकथा

# सुशासन



✍ **लीलाराज दाहाल**

साधना चुनाव गराउन खटिएकी थिइन् ! शहर भन्दा केही पर गाउँमा ! हाकिम भएर खटिन पाउनु उनको सौभाग्य थियो ! हाकिम भैहाल्ने उनमा क्षमता थिएन ! कहाँ, कहिले, कसरी बोल्ने उनलाई केही थाहा हुँदैनथ्यो ! परिस्थितिले उनलाई हाकिमै बनायो ! चाहिने सङ्ख्या भन्दा उनको दर्जाका कर्मचारी कम थिए ! त्यसैले संयोगले उनलाई यो पद जुरेको थियो ! उनी काम जान्दैन थिइन् र आफ्नो असक्षमता मातहतका कर्मचारीलाई गाली गरेर ढाकछोप गर्थिन् ! कार्यालयका लागि एउटा सामान चाहिए पनि उनी दुईवटा किन्थिन् ! एउटा निर्वाचनको लागि, अर्को आफ्नो घरको लागि ! कहिलेकाहीँ लेखा र स्टोरका कर्मचारीले प्रतिवाद गर्थे ! त्यसबखत उनी रिसाउँथिन् र मुखै खोलेर भन्थिन्, "निर्वाचनको पैसा त हो ! मैले जे गरे नि हुन्छ ! म हाकिम हुँ !"

बिजुली, पानी, मसलन्द, ईन्धन, मर्मत संभार, कार्यक्रम खर्च शीर्षकमा आउने रकम खर्चै नगरी आफ्नै गोजीमा हाल्ने उपाय खोजेर बस्थिन् ! निर्वाचनको लागि घर, आवास र सवारी साधन, ईन्धन स्थानीय गाउँ पालिकाले उपलब्ध गराएको थियो ! घर भाडा शीर्षकमा आएको रकम किर्ते घरबेटी खडा गरेर आफ्नै गोजीमा हालिन् ! सबै कर्मचारी चुनावमा असर होला भनेर सहेर बसेका थिए ! कोही पनि केही बोल्दैनथे ! महिला हाकिम भएकाले पनि विवाद गर्न चाहँदैन थिए कोही ! रातदिन खट्दा पनि कर्मचारीहरूले भने यथोचित सुविधा पाएका थिएनन् ! यति हुँदा नि सबैले सहयोग नै गरे ! निर्वाचन सम्पन्न भयो ! सोचे भन्दा शान्त वातावरणमा चुनाव भयो ! चुनावमा जितेका उम्मेदवारहरूलाई प्रमाणपत्र वितरण कार्यक्रममा मन्तव्य राख्ने क्रममा उनले भनिन्, "मैले मितव्ययिताका साथ काम गरें ! तपाईं जनप्रतिनिधिहरूले पनि भ्रष्टाचार नगर्नु होला ! सुशासन कायम गर्नु होला !"

संस्मरण

# भावुक बनाउने ती दिन



✍ **डम्बर रसिक भारती**

"सर भएर पनि धोती लाउने ?" पहिलो पटक गणेश सरलाई देख्दा जिज्ञासा उठ्यो । मैले त सर्ट पाइन्टमा सजिएका सरहरू मात्रै देखिरहेको । सिन्धुपाल्चोकको पुरानो र चर्चित स्कुल- ऐँसेलुखर्क मा.वि. । माध्यमिक तहको अध्ययनका लागि त्यता लागेको म । कक्षा आठमा भर्ना भएदेखि नै अनौठो पात्रको रूपमा लिएँ उहाँलाई । कति दिन त उहाँ पढाउन आउनु भएन । हाम्रो कक्षामा विषय परेनछ । म भने उहाँको बोली सुन्न इच्छुक । हाफटाइममा अरू साथीहरू खेल्न लाग्थे । म उहाँको वरिवरि झुमिरहन्थेँ । एकनासले चुनासुर्ती मोल्दै चेसमा दृष्टि पुर्‍याउनुहुन्थ्यो । आधी घन्टा कुर्दा एक-दुई पटक केही बोलेको सुनिन्थ्यो, केही नबुझिने ।

हाम्रो गाउँ कुञ्चोकबाट अढाई घन्टा लाग्थ्यो ऐँसेलुखर्क पुग्न । आठ-दस जना साथी हुन्थ्यौं त्यहाँ पढ्न जाने । नौ, दस कक्षाका साथीहरू स्कुल र सरहरूका विशेषता तथा थेगोका बारे बाटाभरि गफ गर्थे । हेडसर श्यामानन्द मिश्रको 'फलतः' भन्ने थेगो छ भन्थे । गणेश सर (गणेश मिश्र) चाहिँ विज्ञान, गणित, अङ्ग्रेजी, नेपालीलगायत सबै विषय पढाउन सक्ने । र, अर्को कुरा कुनै पनि विषय पढाउन किताब नचाहिने । पढाउन थाल्दा 'उफ' भन्दै हात टाउकामाथि पुर्‍याएर पाखुर सुर्कने । चौधरी सर (उमेशचन्द्र चौधरी) चाहिँ पहिले 'चोट्टा' भन्नुहन्थ्यो रे विद्यार्थीलाई । विद्यार्थीहरूको संगठित विरोधपछि त्यसो भन्न छाडेको भन्ने सुनेँ, मैले यो शब्द सुन्न पाइनँ ।

ऐँसेलुखर्क साँच्चै सुन्दर ठाउँ । डाँडोलाई कोपेर सय बाइ पचास मिटरको चौर बनाइएको थियो । ठूल्ठूला विद्यालय भवन । सँगै रणनैनेश्वर मन्दिर र धर्मशाला पनि । लप्सीको ठूलो रूख । विद्यालयको पुरानो भवननजिकै बूढो स्याउको रूख । नवलपुरबाट सल्लाघारी छिचोल्दै विद्यालय पुग्न लाग्दा ढक्क मन फुल्थ्यो । काँडा उम्रे जस्तो हुन्थ्यो शरीरमा । सायद बिरानो ठाउँ अनि साँघुरो विद्यालय परिसरबाट त्यस्तो ठाउँमा पुग्नु परेकाले त्यसो भएको होला ।

कक्षा आठमा असीको सङ्ख्यामा विद्यार्थी । त्यहाँ होमवर्क चेक

गर्ने वा एक-एकलाई सोधेर पाठ पढाउने भन्ने त कुरै थिएन । हाजिर गर्दा पनि एकदम तयार भएर बस्नुपर्ने बोल्नलाई, नत्र छुटिहाल्ने । पाँच वटा विद्यालयबाट निमावि अध्ययन सकेर आउने विद्यार्थीहरूको भेटघाट भएको त्यहाँ । सरहरूले चिन्ने कुरै थिएन । साथीहरूबीच बिस्तारै चिनजान हुन थाल्यो ।

आठ कक्षाको रिजल्ट भएछ । 'तँ थर्ड भइछस्' भनेर साथीहरूले सुनाए । पत्याउन सकिनँ । पाँच ठाउँबाट आउने त फस्टब्वाइ मात्र छन् । म त महेन्द्र निमाविबाट सेकेन्ड भएर गएको विद्यार्थी, कसरी थर्ड भएँ होला र ? त्यति विश्वास लागेन । तर कुरो साँचो हो रहेछ, थर्ड नै भएको रहेछु । लागर्चेबाट आउने मिनबहादुर कटुवाल फस्ट, ऐँसेलुकै खेवाङसिङ्गे लामा सेकेन्ड भएछन् । फस्ट हुने नम्बर भएर पनि हाम्रो विद्यालयबाट फस्ट भएर जाने दिनेश अधिकारीलाई नेपाली विषय लागेर उनी पछि परेछन् ।

म नौ कक्षाको थर्डब्वाइ । ठूलो विद्यालय, ठूलै कक्षा र ठूलै स्थान । मन ढक्क फुल्थ्यो । धेरैले चिने । सरहरूले पनि चिन्न थाल्नुभयो । मलाई भने कोर्सबुक पटक्कै पढ्न मन नलाग्ने । सामान्यज्ञान पढ्थेँ हाजिरजवाफमा जित्न । कविता, कथा, उपन्यास पढ्थेँ रमाइलाका लागि । समस्या के पऱ्यो भने सरहरूले उभ्याएर सोधिदिने । बेइज्जत नै हुने अवस्था भयो । अंकगणित सजिलै लाग्थ्यो । बीजगणित र ज्यामिति भनेपछि पट्यार लाग्ने । बीजगणितको सूत्र हेर्दा नै दिक्क लाग्थ्यो । यो सूत्र जिन्दगीको कुन ठाउँमा प्रयोग हुने होला भनेर सोच्थेँ ।

बिहीबार र शुक्रबार ज्यामितिको पालो । बिहीबार पढाउने र शुक्रबार सोध्ने । पढाउने उनै गणेश सर । "अरे, भारती बता त" भन्दै उहाँ मलाई साध्य (थिअरम) प्रमाणित गर्न लगाउने । सबैको अगाडि आएर ब्ल्याकबोर्डमा लेखेर साध्य प्रमाणित गर्नुपर्ने । ओहो कति कठिन काम ! साथीहरू सामु लज्जित हुनु थिएन, फत्ते गर्थें काम । गणेश सरको थिअरम प्रमाणित गर्ने तरिका नै फरक, किताबको जस्तो होइन । ध्यान दिएमा छिट्टै टिप्न सकिन्थ्यो ।

आठ कक्षा पढ्दै गर्दाको कुरो हो । कोही साथीले खबर ल्यायो, "गणेश सरले बोलाउनु भएको छ" भनेर । कुरो सुने पछि शरीरमा भय तरङ्गित भयो । "केही गल्ती गरेजस्तो त लाग्दैन, किन बोलाउनु भएको होला ?" यस्तो सोच्दै लुरूलुरू उहाँसमक्ष पुगेँ ।

'अरे, डम्बर भारती भनेको तिमी हौ ?' उहाँको बोली पनि गर्जन भयो, डरले होला । "हजुर सर, मै हुँ ।" घोसे मुन्टो लगाएरै भनेँ ।

'सूचनापाटीमा तिम्रो शुभकामना कविता हेरेँ, राम्रो लाग्यो । 'सुन्दर' शब्दमा

चाहिँ पातलो स प्रयोग गर ।' सरले यति भनेको मात्र याद भयो । मुन्टो हल्लाएर हिँडे । 'सुन्दर' लेख्दा मोटो श प्रयोग गरेको रहेछु । त्यसलाई पातलो स बनाएँ । सजाय भोग्न गएको मान्छे, ठूलो पुरस्कार मिले झैं भयो । छाती फुलेर नाङ्लो जत्रो भयो । दसैंको बिदा हुने समय थियो, सबैलाई दसैंको शुभकामना दिन लेखेको कविता विद्यालयको सूचनापाटीमा टाँसेको थिएँ ।

गणेश सरले कि हामीलाई विज्ञान पढाउनु भयो कि गणित । तर उहाँ भाषामा पनि उत्तिकै ख्याल गर्ने । खासमा उहाँ भारतीय नागरिक हुनुहुँदो रहेछ । हामी पढ्न जाँदै त्यहाँ डेढ दशक पढाइसक्नुभएको थियो । पढाउँदा कहिल्यै किताब लिनुभएन । गणितको अभ्यास र विज्ञानको सबै पाठ कण्ठ । उदाहरणबाट सिकाउनुहुन्थ्यो । अनि गाऱ्हो लागेको हिसाब सोध्ने वा विज्ञानका पाठ सोध्थ्यौं ।

यतिखेर धेरै सरहरूलाई सम्झिराखेको छु । राजेन्द्र कोइराला सरको पातलो र अग्लो ज्यान त आकर्षक थियो नै उहाँको वाक्कला उत्तिकै मनमोहक । इतिहास पढाउनु भयो कक्षा आठमा । पाठ यति जीवन्त तरिकाले पढाउनुहुन्थ्यो कि लाग्थ्यो, इतिहासको घटना उहाँले नै हिजो हेरेर आउनुभएको हो र आज हामीलाई सुनाउँदै हुनुहुन्छ । त्यो शैलीकै कारण मैले इतिहासमा चाख राखें र डिप्लोमासम्म विषय अध्ययन छुटाइनँ ।

नरेन्द्र झा सरले अतिरिक्त क्रियाकलापको संयोजन गर्नुहुन्थ्यो । प्रत्येक शुक्रबार हाजिरजवाफ, वादविवाद, वक्तृत्वकला, हिज्जे प्रतियोगिता गराएर विद्यार्थीको प्रतिभालाई तिखार्न लागिपर्नु भयो । त्यसमा हामीले प्रत्यक्ष सहयोग पुऱ्यायौं । बोल्ने कलामा मनग्गे प्रगति भयो हाम्रो । पढाइबाहेक अरू विषयमा चासो राख्नुपर्ने कुरामा पनि सचेत भयौं । विद्यालयबाट हामीले जिल्लास्तरीय हाजिरीजवाफ, हिज्जे तथा निबन्ध-लेखनमा प्रथम स्थान हासिल गर्न सक्यौं ।

पढ्नु भनेको किताबको कखरा मात्र होइन रहेछ । जीवन, जगत् सबै अध्ययनमा अटाउन जरूरी रहेछ भन्ने बुझ्न सक्यौं । त्यस्ता विषयज्ञान गराउने सरहरूलाई सम्झदा श्रद्धा जाग्छ । ओहो, अहिले त ती समय पनि कहाँ पुगिसक्यो ! सरहरू पनि कता-कता पुगिसक्नुभयो । राजेन्द्र सरलाई यदाकदा भेटिन्छ । नमस्कार गर्न पाउँदा पनि धेरै दिनसम्म चित्त शान्ति भएको महसुस हुन्छ ।

पंक्षीले वेग हानेजस्तै रहेछ मानव जीवन । चाराको खोजीमा भौतारिनुपर्ने । के-के न बितिरहेझैं हिँडिरहनुपर्ने गन्तव्य थाहा नभएरै पनि । अनि निरन्तर काममा जोतिनु नै जिन्दगीको परिभाषाजस्तो, कसैलाई केही समय निकालेर बोल्न पनि

समय नपुगेझैं । जे होस् ती पल सम्झदा अहिले पनि मन उल्लसित हुन्छ । एउटा गीतको भाव सम्झन्छु- कसैले केही माग भने, म माग्थें बालापन....। ◆◆◆

लघुकथा

# उपहार



✍ **रन्जना पराजुली लम्साल**

किरिर-किरिर मोबाइलमा घण्टी बज्यो । सिर्जनाको रहेछ । आत्तिएको स्वरमा हडबडाउदै, "ओइ पुजा, तँ अफिस नगई सिधैं टिचिङ्ग आइज त !" "किन ? कसलाई के भयो र ?" मैले सोधैं, "मन्जुले सुसाइट गरिछे । फेसबुक हेरेकी छैनस् ?" "छैन नि !" "ल छिटो गरेर आइज ।" फोन काटेर अतालिँदै पुजाले आमालाई भनिन्, "आमा म खाना खान्न है, टिचिङ्ग जानुपर्यो । मन्जुले सुसाइट गरिछे ।" "राम..राम..राम के भन्छे यो ?" मन्जुलाई नजिकै बाट चिन्नु हुने मेरी आमा चिन्तित हुनुभो । हस्याङ्ग-फस्याङ्ग गर्दै टिचिङ्ग पुगे । मन्जुकी आमा बेहोस र दाइ अँध्यारो अनुहारमा हुनुहुन्थ्यो ।

पोस्ट्मार्टम सकाएर आर्यघाट पुग्दा तीन बजेछ । हामी सबै निस्तब्ध रातको जुन जस्तै शून्य थियौ । हिजो राती मात्रै मन्जुले फोनमा गरेको कुराहरू गुन्जिन थाल्यो । "पुजा, मलाई मर्न मन छ" "के भन्छे" "हो, साच्चै, तँलाई थाहा छैन म एउटालाई मन पराउछु । असाध्य माया गर्छु ।" "उसले तँलाई पनि माया गर्छ त ?" "थाहा छैन ।" "भेटेकी छस् ?" "एकचोटि" "अनि, कुरा ?" "फोनमा मात्र" "उसको प्रतिक्रिया ?" "ऊ अर्कैलाई माया गर्छ ।" "धत्, छोड्दे यस्ता वाइयात कुरा ।" "होइन पुजा, म उसलाई भुल्न सक्दिन ।" "सुत्, भोलिपर्सी बिदामा भेटेर कुरा गरौंला ।" "पुजा, सुन्न मैले उसलाई भन्देको छु ।" "के भन्दिस् ?" "म बाहेक कसैलाई अङ्गाल्यौ भने मर्दिन्छु । मेरो लासमा एउटा फुल फ्याक्न आउनु ।" "कसरी थाहा पाउछ त ! तँ मरेको उसले ?" "सञ्जाल र सञ्चार माध्यमबाट थाहा पाइहाल्छ नि !"

मन्जुलाई सम्झदा सम्झदै मेरो आँखाबाट आँसु बगेछ । डाटा खोलेर हेरे साच्चै नै मन्जुको तस्बिर राखी "हार्दिक श्रद्धाञ्जली" आएको रहेछ । लास जलाउने तयारी भइसकेको थियो । मान्छेको भिड चिर्दै अचानक लास माथि एउटा ठूलो फूलको गुच्छा आयो । मरुन कलरको ज्याकेट लगाएको मान्छे अनुहार नदेखाई लमक लमक गर्दै अर्को पटि लाग्यो । हिँडाइले चिने । स्तब्ध भए । त्यही ज्याकेट हो जुन मैले अस्ति मात्र उसलाई जन्म दिनको उपहार दिएकी थिए ।

# अन्त्य नहुने अनन्त र हाम्रो संस्कार



✍ **अच्युतप्रसाद पौडेल 'चिन्तन'**

हामी नेपाली धर्मभीरू छौँ र संसार धर्मले नै चलेकोमा विश्वस्त छौँ र त हरेक बिहानी हाम्रा शब्दहरू ओइरिएर बहन्छन्, सबैजसो सञ्चारका साधनमा मात्र होइन, हाम्रा मन मस्तिष्कमा पनि र गाउँछौँ, भन्छौँ **'अनन्तश्री विभूषित पिता हुन् परमेश्वर । नित्य हाम्रो अनुष्ठानमा दर्शन देऊ परात्पर'** ॥

पंक्तिकारले हरेकजसो सञ्चार च्यानलहरूमा हरेक दिन जसो भन्ने गरेको शब्द हो यो । समाज नैतिक, धार्मिक भए राज्यले आपराधिक कर्मलाई निरूत्साहित गर्न ठूलो रकम खर्च गर्नु पर्दैन र बचेको रकम विकासमा लगाउन सक्छ । परात्पर, अखिलेश्वर, अनन्त ब्रह्माण्डका नायक, सर्वेश्वर, सर्व अन्तर्यामी, अकारण करूणा, वरूणालय, भक्तवान्छाकल्पतरू, पिताम्बर धारी, सच्चिदानन्द, परब्रह्म परमात्माप्रति मन अर्पण गर्दै आम पाठक सामु सबैको अन्तर हिर्दय निबासी परमात्मा प्रतिको स्नेह रहोस् भन्ने मनसायले परमेश्वर अनन्तको चर्चा गर्ने प्रयास गरेको छु ।

हामी जीव संसारका यात्री हौँ, हाम्रो आवागमन भइरहन्छ, हाम्रो आदि छ अन्त्य पनि । जसको अन्त्य छैन उसको नाम अनन्त हो, यस अर्थमा अनन्त भन्नाले सम्पूर्ण यो संसार जसको अधिनमा छ, त्यो सर्वेश्वरको नाम भन्ने स्पष्ट हुन्छ । भाद्र शुक्लचतुर्दशीलाई हामी अनन्त चतुर्दशीका रूपमा मान्छौँ । श्रावण शुक्लमा ऋषितर्पणी, जनै, रक्षा धागो बाँध्न नसक्नेले यसै दिन त्यो परम्परालाई धान्ने गर्छन् भने यसै दिन अनन्तको दीक्षा लिएर वेदाध्यायी हुने पनि गरिन्छ । काठमाडौँ हनुमाढोकामा अनन्त श्रवण, कुमारी जात्रा, दहचोकमा इन्द्रजात्रा पर्व त छँदैछ । यस दिन १४ गाँठो सहितको अनन्तको डोरा बाँध्ने, अनन्तको व्रत गर्ने, कथा श्रवण गर्ने हाम्रो चलन छ । आयु, आरोग्य, ऐश्वर्य, मनमा शान्ति प्राप्तिका लागि र दुःख एवं कष्ट निवारणका लागि भाद्र शुक्ल चतुर्दशीमा भगवान् अनन्तको विशेष पूजा गरिन्छ । सर्व प्रथम सरस्वतीको आवाहन गरी प्रार्थना गरिन्छ । हे देवी, हे यमुने व्रत पूर्तिका लागि मेरा अगाडि आऊ भनी आवाहन गरिन्छ । शिवका पाउमा रहने, सबै लोकको हित गर्ने, पाप

र कष्ट हटाउने हे देवी तिमीलाई नमस्कार भनिन्छ। आवाहन पछि अंग पूजा गरिन्छ। मूर्तिलाई प्राण प्रतिष्ठा गरी पाउमा चञ्चला, घुँडामा चपला, कम्मरमा बत्सला, नाभिमा हरा, गुह्यमा मन्मथवासिनी, हृदयमा भद्रा, हातमा अभहन्त्री, घाँटीमा र क्तकण्ठा, मुखमा भवहंगी, आँखामा गौरी, ललाटमा भागीरथी, शिरमा यमुना, सम्पूर्ण अंगमा सरस्वती देवीको पूजा गरिन्छ। त्यस्तै नाम पूजामा यमुना, सीता, कमला, उत्पला, अभिष्टप्रदा, धामी, हरि वररूपिणी, गंगा, नर्मदा, गौरी, भागीरथी, तुंगा, भद्रा, कृष्णावेणी, सरस्वती, कावेरी, सिंधु, गौतमी, गोमती, गायत्री, गरूडा, गिरीजा, चन्द्रचूडा, सर्वेश्वरी, महालक्ष्मीलाई स्मरण गरिन्छ। सर्वपाप हटाइदेउ, सबै उपद्रवहरू नास गर , हे यमुने संगती देऊ भनिन्छ।

त्यसपछि भगवान् अनन्त कोटी ब्रह्माण्ड नायक, विश्वरूपको चिन्तन गरिन्छ- अनन्त भगवानको विशेष पूजा पछि अनन्त ग्रन्थीको पूजा हुन्छ- ग्रन्थीमा मोहिनी, पद्मिनी, महावला, अजा, मंगला, वरदा, शुभा, जया, विजया, जयन्ती, पाप नाशिनि, विश्वरूपा, सर्वमंगला, १४ देवीहरूको विशेष स्मरण गरिन्छ। अंग पूजामा मत्स्य, कुर्म, वराह, नृसिंह, वामन, राम, परशुराम, कृष्ण र सम्पूर्णमा अनन्तको पूजा गरिन्छ। त्यस्तै वृद्ध, उल्का, महाउल्का, शत उल्का, सहश्र उल्का, दया, वासुदेव, संकर्षण, प्रद्युम्न, नारायण, माधव, गोविन्द, मधुसूदन, त्रिविक्रम, वामन, श्रीधर, ऋषिकेश, पद्मनाभ, दामोदर, आदि नामहरूबाट पूजा गरिन्छ। दिशा पूजा गर्ने क्रममा सबै दिशामा अनन्त भगवानका अंग अंग नामले विशेष पूजा गरिन्छ। फेरि प्रार्थना गर्दैः **नमस्ते देव देवेश, नमस्ते गरूडध्वजः । नमस्ते कमलाकान्त अनन्ताय नमो नमः ॥ अनन्त संसार महा समुद्रमग्नं समभ्युदर वासुदेव । अनन्नतरूपे विनियोजयस्व ह्यनन्तसुत्राय नमो नमस्ते ॥**

अनन्तव्रत कथा यस्तो छ।सुतजीले शौनकलाई र व्यासजीले सूतजीलाई अनि कृष्णले युधिष्ठरलाई बताउनु भएको हो। जरासन्धको अत्याचारबाट दिक्क भएका पाण्डवहरू युधिष्ठिरको नेतृत्वमा राजसूय यज्ञ गर्दै थिए। भव्य यज्ञशाला तयार थियो। धेरै राजा महाराजाहरू आउने क्रममा दूर्योधन पनि त्यहीँ आउँदा भ्रमले जलमा स्थल र स्थलमा जल देखेछ। पानी नभएका ठाउँमा कपडा सारेर हिँडेको देख्दा द्रौपदीले भनिछन्- अन्धाको छोरो हो अन्धै छ। बस् क्रोधी दुर्योधनलाई यतिले काम पुगिहाल्यो। दुर्योधनको छल जुवाको प्रपन्चबाट सारा वैभव गुमाउन पुगेका पाण्डवहरू वनतिर लागेछन्। त्यसैबेला कृष्णसाथ पाएका युधिष्ठिरले सोधेछन्, हे कृष्ण दुःख पो पाइयो, श्रीकृष्णले भन्नु भएछ- अनन्तको व्रत गर सबै ठिक हुन्छ।

स्त्री, पुरूष सबैको इच्छा पूरा गर्ने, पाप हर्ने, कल्याण गर्ने अनन्तको व्रत गर। अनन्तलाई देवताका आत्मा भनिन्छ, जसलाई समय/काल पनि भनिन्छ। निमेष, कला, मुर्हुत्त, ३० मुर्हुत्त १ आहोरात्र, १५ दिनको पक्ष, २ पक्षको महिना, २ महिनाको ऋतु, ६ ऋतुको वर्ष, यसैलाई अनन्त भनिन्छ। त्यही अनन्त भूमारको क्रममा कृष्णवतार लिनु हुन्छ। महाकाल स्वरूप विश्वरूप जसको अर्को नाम हो। अर्जुनको मोह नास गऱ्यो जसले।

कथाको क्रममा पहिले मर्त्यमण्डलमा वशिष्ठ गोत्रका सुमन्तु ब्राह्मण थिए। भुगु पुत्री दीक्षासँग उनको बिहे भयो, दम्पतीबाट पुत्री रत्न जन्मिइन् 'शीला' उनको नाम थियो। एक पटक दीक्षा बिरामी परिन् ज्वरोले सतायो र मुत्यु भइहाल्यो ! अर्की पत्नी 'कर्कशा' सँग बिहे गरे सुमन्तुले। कर्कशा नाम, काम पनि कर्कश नै थियो ! 'शीला' छोरी भने घरदैलो गर्दा पनि रँगिन चित्र बनाई स्वस्तिक चिह्न बनाउने त्यसैमा खेल्ने, रमाउने, खाली भित्ताहरूमा पनि शंख, चक्र, पद्यको चित्र कोर्थिन्। पूजा गर्थिन् नित्य। मंगल चिह्न सधैँ बाबुका घर वरिपरि देखिन्थ्यो। शीलाको बिहे भयो 'कौडिन्य' नामका ऋषिसँग। ज्वाइँलाई उपहार तयार गर भनी सुमन्तुले कर्कशालाई भनेछन्। कर्कशाले भए भरको सम्पत्ति आफूले लिएर ढुङ्गाको भारी पठाइदिइछन्, बिरक्तिएर सुमन्तुले घर छोडेर बाहिर यमुना नदीका तिरमा स्त्रीहरूले पूजा गर्दै रहेको स्थानमा पुगेछन्। छोरी शीला पनि यमुनाका तिरमा पुगेकी रहिछन्, धनी बन्ने इच्छाले त्यहाँ अनन्तको डोरो हातको दायाँ भागमा बाँधिछन्। खुसी मनले पतिका घरमा बसेकी शीलाले पटक पटक भाद्रमा अनन्तको विशेष आरधाना गरिछन्। बिस्तारै घरमा धन सम्पत्ति, चौपाया, अतिथि, सौभाग्य बढ्दै गएछ उनको। सावित्रीझैं पतिव्रता थिइन् उनी। दुई दम्पतीको प्रेमालाप बडो राम्रो रहेछ।

एक दिन पाखुरामा डोरो देखेर पतिले सोधेछन्, यो के हो ? उनले अनन्तको डोरो हो। यसले हाम्रो स्वास्थ्यको रक्षा गर्छ, धन वृद्धि गर्छ भनिछन्। पतिदेवलाई झोक चलेछ र धागो चुँडालेर फाल्न लगाएछन्। उनले दूधमा डोरो फालिछन्। नराम्रो कर्म फलले गर्दा सम्पत्ति चोरी भएछ, वस्तुभाउ बिरामी परेछन्। बन्धुबान्धवको विछोड भएछ, दरिद्रता बढेछ। दुःख निकै पाएपछि पत्नीलाई सोधेछन् कोडिन्यले अब के गर्ने ? तिमी जान्दछ्यौ कि धनी हुने उपाय ? पत्नीले भनिछन् अनन्तको व्रत गर्दा राम्रो हुन्छ कि ? पति कौडिन्य दुःखले भौतारिँदै चार दिशा हिँड्न थालेछन्।

बाटामा उनले फलफूलको लटरम्म रूख देखेछन् तर पन्क्षी भने शून्य।

केही पर ठूलो आँपको रूख देखेछन्, अनि अलि पर बाच्छो सहितको गाई देखेछन् । अलि पर पुग्दा ठूलो साँढे, अनि दुई पोखरी पनि देखेछन्, अलि पर गए पछि एक गधा र हात्तीलाई देखेछन् । ती देखे जति सबलाई उनले सोधेछन् । भगवान् अनन्तलाई तिमीहरूले देखेका छौं ? तर सबैले भनेछन् अहँ देखेनौं हामीले त । यसरी तड्पिएपछि, भौतारिए पछि, भगवान् अनन्तले दर्शन दिनुभएछ । ऐश्वर्यका मदले बुद्धि ढालिएका कौडिन्यले अनन्त भगवानको दर्शन पाएर खुसी भएछन्, घर फर्क भन्नु भएछ भगवानले, १४ वर्षसम्म अनन्तको पूजा गर भन्नुभएछ । कौडिन्यले त्यसै गरेछन् । जीवनमा सारा पापहरू डढेर धनी भएछन् उनी ।

अनन्त व्रत कथा सुनेपछि, श्रेष्ठ पुरूष भएछन् ती । अघि बाटामा भट्किदा देखिएका वस्तुहरूको अर्थ बताइदिनुस् भनी सोधेछन् भगवानसँग आँपको रूख भनेको के हो, गाई को हुन्, साँढे के हो ? मनै हर्ने जंगलमा दुई पोखरी के होलान्, गधा के होला, हात्ती के होला ? वृद्ध ब्राह्मण को होलान् ? अनन्त भगवानसँग कौडिन्यले यसरी प्रश्न गर्दा भगवानले एक एक तिनका प्रत्यक्ष रूप बताइदिनु भएछ । तिमीले आँपको रूख जे देख्यौ, उहीले तिनी वेद विद्या जान्ने दक्ष र निपुण ब्राह्मण थिए, तर तिनले वेद विद्या अरूलाई दिएनन्, पछि ती रूख भएर जन्मिए, तिनै हुन् आँपको रूख । अनि तिमीले बाच्छो सहित जुन गाई देख्यौ ती पृथ्वी हुन् । साँढे तिमीले देख्यौ, त्यो धर्म हो । २ पोखरी भनेको धर्म र अधर्मको २ रूप हो, पहिले ती दुई दिदी बहिनी ब्राह्मणी थिए । धर्मभन्दा अधर्मको ठूलो वहस गर्थे, भिक्षा पनि नदिने, कुकर्मी, पाप कर्मले गर्दा तरंग र छाल भई तिनीहरू अहिले पोखरीमा बसेका छन्, बाटामा देखेको गधा भनेको क्रोधको रूप हो । क्रोधपछि आवेग र तनावले मानिसलाई सताइरहन्छ, भगवत प्रेम नभएसम्म यस्तै हुन्छ । हात्ती चाहिँ घमण्ड हो, मद हो । बाटामा जुन ब्राह्मण देखियो त्यो मै हुँ, जसलाई अनन्त भनिन्छ । बाटोमा देखिएको गुफा चाहिँ संसार हो, यो ओढार जस्तै छ ।

यसरी परोक्ष र प्रत्यक्ष अर्थ लगाइदिनुभएछ कौडिन्यलाई भगवान अनन्तले । कौडिन्य घर आई १४ वर्षसम्म अनन्त व्रत आराधना गरेछन् र धन धान्य, ऐश्वर्यले पूर्ण भएछन् । अन्तमा मुक्ति पनि मिलेछ । युधिष्ठिरलाई भगवान श्रीकृष्ण भन्नुहुन्छ, अनन्त चतुर्दशीका दिन तपाईँ पनि व्रत गर्नुस् । १४ वर्षको अनुष्ठानको फल तपाईँले एकै वर्षमा पाउनुहुन्छ । त्रिभुवनपति अनन्तको महिमा सर्वव्यापक छ । जसले भगवानको आरधाना गर्छ ऊ पापदेखि रहित भई जीवन सुखमय बिताउन सक्छ, कष्ठ पनि मेटिन्छ । ♦♦

संस्मरण

# फूलबारीका हामी फूलहरू



✍ **गङ्गा कर्माचार्य पौडेल**

हावाको गतिसँगै मेरो उमेरले मलाई पनि वृद्धावस्थातिर धकेलिरहेको महसुस भएको छ यतीखेर । तापनि घरिघरि मानसपटलमा टम्म भरिएर रहेका ती स्कुले जीवनका रमाइला घटनाहरू बेला बेलामा फुत्तफुत्त बाहिर निस्केर रोमाञ्चित बनाउने गरेको छ। तिनै रमाइला क्षणका सम्झनाले अहिलेको तनावपूर्ण जिन्दगीमा पनि औंशीको रातका जुनकिरीले झैं पिलिक पिलिक बत्ती बालेर मार्ग दर्शन गरिरहेको मैले अनुभूत गरेकी छु।

यतिबेला म आज भन्दा झण्डै छ दशक पहिलेका संस्मरणलाई लिपिवद्य गर्ने प्रयासमा छु। जतिबेला अभिभावकले छोरी चेलीलाई अर्काको घरमा जाने जात भनेर पढाउन चाहँदैनथे । एकाध घरका छोरीहरूलाई स्कुल भर्ना गरेको भए पनि पाँच कक्षा नाघ्न नपाई ८/१० वर्षमै विवाह गरि पठाउँथे । किनभने रजस्वला नहुँदै कन्यादान गरे पुण्य मिल्छ भन्ने मान्यता व्याप्त थियो त्यो बेलाको समाजमा। मेरो

आहा ! कति रमाइला थिए ती दिनहरू । खानु, खेल्नु र पढ्नुबाहेक घर व्यवहारको जिम्मेवारी लिनु नपर्ने । अभिभावकले आफ्ना सन्तानलाई कसरी लालन पालन गरेर हुर्काबढाई बडो मेहनत परिश्रम गरि आर्जेको सम्पत्तिबाट खर्च गरी छोराछोरीको उज्ज्वल भविष्यका लागि पढाईमा लगानी गर्नुहुन्थ्यो मलाई चासो थिएन उबेला । गुरुहरूले विद्यार्थीलाई शिक्षित गराई देशको असल नागरिक बनाउन कति पसिना बगाउनु हुन्थ्यो ? सही मार्गमा ल्याउन कति दिमाग खियाउनु हुन्थ्यो मलाई थाहा थिएन । तर, जब म आमा भएँ बल्ल अभिभावक के हुन् र को हुन् ? भन्ने थाहा पाएँ।

जब म स्कुलकी शिक्षिका बने अनि बालबालिकाको भविष्य निर्माणमा शिक्षकको भूमिकाको महत्व कति हुन्छ ? भनेर थाहा पाएँ। त्यतिबेलासम्म धेरै अबेर भइसकेको हुँदो रहेछ । किनभने जुन अनुभूति पछि भयो । त्यो पहिले नै भइदिएको भए अभिभावलाई दुःख दिने थिइन होला । गुरुको अगाडि म ज्ञानी शिष्य बन्थैं होला। समयले नपर्खिने रहेछ। खोला बग्न नरोकिने रहेछ। हावा पनि आफ्नै गतिमा चल्ने रहेछ। त्यही समय, खोला र

जन्म २०११ साल भदौ २० गते भएको थियो । जन्मिएको तीन वर्षमा पोलीयोका कारण देब्रे गोडा कमजोर हुन गई हिँडडुल गर्न कठिन पर्दथ्यो । त्यसकारण विवाह योग्य नभएकोले खुरुखुरु पढ्न पाएँ र दहथुम नि.मा.वि. बाट २०२५ सालको कक्षा ८को वार्षिक परीक्षामा उत्तिर्ण भएँ। त्यसपछिको पढाइका लागि वरपर मा.वि थिएन । कि त सतौं भन्ने ठाउँमा पुग्नु पर्दथ्यो । कि त भुम्रेमा जानु पर्दथ्यो । यी दुबै स्कुल टाढा भएकोले एकदिनमा स्कुल जाउआउ गर्न सकिने स्थिति थिएन । यसै त छोरी मान्छे त्यसमा पनि गोडा कमजोर भएकी मलाई बुबा आमाले घरदेखि टाढा गएर डेरामा बसेर पढ्न अनुमति दिनु भएन। बरू घरैमा पढाउने शिक्षक व्यवस्था गरिदिनु भयो बुबाले।

त्यहीबेला आँधीखोला पारीका बुद्धिप्रसाद रेग्मी काठमाडौंबाट आएर दहथुम स्कुलमा पढाइरहनु भएको थियो । बुबाले उहाँलाइनै स्कुलबाट फर्किदा हाम्रो घरमा आएर मलाई पढाउन अनुरोध गर्नु भयो । एकजना शिक्षकले सबै विषय पढाएको मलाई चित्त बुझेको थिएन । त्यसमा पनि म्याथ त उहाँको विषय होइन भनेर पढाउनुनै भएन । त्यै पनि छ महिना पछि बुद्धि सर काठमाडौं फर्किनु भयो । म पढ्न नपाएर पिरोलिएँ । बुबाआमासँग कतै पढ्न पठाइदिनुहोस् भनेर अनुरोध गरेँ। सुनुवाइ भएन अनि भुइँमा लडीबुडी गरेर रोएँ। खान पनि छोडेँ। यस्तो क्रियाकलाप उहाँहरूलाई मेरो कुरा मान्न बाध्य पार्ने गतिलो हतियार बनेको थियो। बच्चादेखिनै मैले भनेको भएन भने त्यसै गर्थे पहिला पनि । त्यसपछि उहाँहरूले आपसमा सल्लाह गरेर भुम्रेमा घर हुनुभएकी माइली दिदी भगवतीको घरमा बसेर पढ्ने कुरा भयो। तर, दिदी संयुक्त परिवारमा भएकोले मलाई अफ्ठेरो लाग्यो । त्यसकारण मैले मेरो भिनाजु सत्यनायण श्रेष्ठलाई म त डेरामै बस्छु । त्यतै स्कुल वरपर कसैको घरमा भए पनि बस्छु भनेर रोएपछि उहाँले स्कुल नजिकै दरबारे बाजेको घरमा डेरा खोजेर त्यहीँ बस्ने बन्दोबस्त मिलाईदिनु भयो।

**दरबारे बाजे र उहाँको परिवारः** दरबारे बाजेको घर स्कुल नजिकै थियो । उहाँको नाम के थियो कहिल्यै सोधिएन । सबै जनाले दरबारे बाजे भन्थे । उहाँ त्यही नामले चिनिनु भएको थियो। उहाँका तीन भाइ छोराहरू थिए । घर पनि जेठो, माइलो, कान्छो र आफ्नो गरि चारवटा एकै ठाउँमा थिए । कान्छो छोरा इण्डियन आर्मीमा हुनुहुन्थ्यो। म बाजेको जेठा छोराको घरमा पाली गाँसेर बनाएको कोठामा बसेँ । त्यहाँ म भन्दा अघिल्लो ब्याजको चापाकोटका कृष्ण श्रेष्ठ बसेका रहेछन् । पढाइ सकेर उनी नेपाल प्रहरीमा भर्ना भई एआइजीसम्म

बनेर देशको सेवा गरे । केही दिनपछि त्यहाँबाट मलाई बाजेको घरमा सारियो । कारण मैले खाना बनाउँदाको दुःख देखेर उहाँहरूलाई माया लागेछ । म खासै खाना बनाउन जान्दैनथेँ पनि । किनभने त्यसभन्दा पहिले घर छोडेर टाढा गएकी थिइन । घरमा आमा दिदीहरूले खाना बनाउनु हुन्थ्यो । मलाई सिक्नुपर्ने आवश्यक परेन । अब भने स्टोभ, ग्यास, बिजुली नभएको बेलामा दाउरा बालेर आफै खाना पकाउन पर्दा साँझ बिहान धेरै समय चुलोमै अलमल हुन्थ्यो।

बाजेको घरमा बजैले खाना बनाइदिनु भयो । त्यसपछि पूरा समय पढाइमा लगाउन पाएँ । बाजेबजै मलाई औधी माया गर्नुहुन्थ्यो । मेरो छोरी थिएन। भगवानले मेरो छोरीको रुपमा नानीलाई पठाएका हुन् भन्नुहुन्थ्यो । म बस्ने घरमा तीनवटा माहुरीका घार थिए । बेलाबेलामा ती घारबाट मह काढ्नुहुन्थ्यो बाजेले । मह काढेको दिन ठूलो चरेसको थालभरि महका चाका राखेर मलाई दिँदै भन्नुहुन्थ्यो, "पहिला नानी अघाउञ्जेल खानु। अनिबल्ल अरूलाई बाँडौंला ।" बाजेको जेठा छोराको छ जना छोराछोरी, माइलाका चारजना कान्छाका तीनजना गरि तेह्र जना नाती नातिना थिए । ती केटाकेटीहरू पनि मलाई साह्रै मन पराउँथे। उनीहरू सबैजना मलाई स्कुले नानी भन्थे अनि मेरो वरिपरि झुम्मिन रुचाउँथे । म छुट्टीमा घर गएर आएको बेला स्कुले नानी आउनु भयो भन्दै पर बाटोसम्म लिन पुग्थे । जेठी भाउजु खुबै बोलैया हुनुहुन्थ्यो । समय मिल्नासाथ मसँग गफ गर्न मन पराउनुहुन्थ्यो । पढ्ने मान्छेलाई मैले भुलाएँ जानु जानु नानी पढ्नु पनि भन्नुहुन्थ्यो घरिघरि । माइली भाउजु दमको बिरामी हुनुहुन्थ्यो । बेलाबेलामा गाह्रो पार्थ्यो दमले । कान्छी भाउजुको उमेर कलिलै भएकोले साथीजस्तै हुनुहुन्थ्यो । ती तीनैवटा घरमा मिठोचोखो पाकेको बे ला स्कुले नानीलाई भनेर मेरो भाग छुट्याएको हुन्थ्यो।

उहाँहरूको घरमा शुभ कार्य हुँदा मलाई नि आफ्नो परिवार सरह कन्या पूजा गरेर टिका लाएर दक्षिणा सहित नानी धेरै पढ्नु ठूलो मान्छे बन्नु भनेर आशिर्वाद दिनुहुन्थ्यो । उहाँहरूको माया, ममता स्नेह र आत्मियतामा चुर्लुम्मै डुबेर आफ्नो घर प्रतिको मोह पनि कम भएको महसुस हुन्थ्यो मलाई अनि १/२ दिनको बिदामा म घरै जान्थेँ । उहाँहरू त्यति धेरै माया, आशिर्वाद पाएर नै आज म यो स्थानसम्म आउन सफल भएँ । त्यसकारण मेरो भविष्य निर्माणमा उहाँहरूको महत्वपूर्ण भूमिका रहेको छ । दरबारे बाजेबजै अहिले यस धरतीमा हुनुहुन्न तापनि उहाँहरूको सम्झना मेरा मानसपटलमा ताजै छ र सदा रहिरहने छ । त्यसकारण उहाँ र उहाँको परिवारको विषयमा नलेख्ने हो भने यो लेख अधुरो रहने ठहर गरि मैले पहिला उहाँहरूप्रतिको

श्रद्धा, सम्झना यहाँ प्रस्तुत गर्न चाहेँ ।

**पूर्णामृत भवानी हाइस्कुलमा भर्ना:** म २०२६ साल असौजमा भुम्रे स्थित पूर्णामृत भवानी हाइस्कुलको कक्षा ९ मा भर्ना भएकी थिएँ । त्यतिबेला १-८ सम्म पढाई हुने स्कुललाई मिडिल स्कुल र १० सम्म पढाइ हुने स्कुललाई हाइस्कुल भनिन्थ्यो । अधिकांश शिक्षकलाई गुरु भनिन्थ्यो । म पहिलो पटक नयाँ स्कुलमा प्रवेश गरेकी भए पनि असजिलो अफ्ठेरो महसुस भएन । सरहरूलाई देख्दा पनि पहिले नै देखे भेटेको जस्तो लाग्यो र खुलेर बोल्न सकेँ । त्यतिबेला त्यो वर्षको शैक्षिक सत्रको अन्त्य तिर भए पनि मलाई स्कुल भर्ना गरियो । त्यो मेरो अहोभाग्य मान्दछु । किनभने स्कुल भर्ना भएको अढाइ महिना पछि मंसिरमा नौ कक्षाको वार्षिक परीक्षा सुरु भयो । मलाई भने नौ कक्षामा राम्ररी पढ्न नपाएका कारण परीक्षा कसरी दिनु ? भएको थियो । बरु थप एक वर्ष नौ मै पढुँ जस्तो पनि नलागेको होइन तर पनि सरहरूले परीक्षामा सामेल हुनुपर्छ भनेर हौसला दिनु भयो । म त फेल हुन्छु होला भन्ने लागेको थियो । पास भएको रिजल्ट आउँदा छक्कै परेँ । म पास भएको होइन । पास गराइएको हो भन्ने लागिरहँदा हेडसर दिनेश कोइराला सरले मलाई अफिसमा बोलाएर भन्नुभयो, "हामी सबैजना शिक्षकहरूले छलफल गरेर तिमी मेहनेती र नि.मा.वि.मा राम्रो विद्यार्थी भएका कारण नौ कक्षामा नरोक्ने भनेर निर्णय गरियो । यो तिम्रो लागि एउटा ठूलो अवसर हो । खुब मेहनेत गरेर पढ्नु । एसएलसी पास गर्नुपर्छ बुझ्यौ ?" मैले उहाँप्रति कृतज्ञता जाहेर गर्दै हस् भनेर टाउको हल्लाएँ । पछि कक्षा १० मा नियमित अध्ययन गरे पनि अरू विषयमा भन्दा म्याथमा कमजोर थिएँ । किनभने नौ कक्षाको पढाई पूरा पढ्न पाएको थिइन ।

त्यसकारण म्याथ शिक्षक ओ.पि. श्रेष्ठ सर (उहाँ हाम्रो भिनाजुको साइँलो दाइ हुनुहुन्थ्यो) सँग अतिरिक्त समय मिलाएर हिसाब सिकाई माग्थेँ । अङ्ग्रेजी हेडसर आफै पढाउनुहुन्थ्यो । विज्ञान विषय कमल ढुङ्गाना र नेपाली विषय गुरुप्रसाद गुरुले पढाउनु हुन्थ्यो । १० कक्षामा केही दिन म एक्ली छात्रा थिएँ । पछि बानेथोककी कौशिला अधिकारी, काठमाडौँकी कमला आचार्य पनि भर्ना भए । कौशिला दहथुम स्कुलमा कक्षा छ र सातसँगै पढेका थियौँ । पछि उनी चितवनको भरतपुर गएकी थिइन् । कमला वालिङ् स्वास्थ्य चौकीका अहेव हरिहर आचार्यकी सुपुत्री थिइन् । उनी काठमाडौँमा पढेकी भए पनि एसएलसी दिनको लागि पूर्णामृतमा भर्ना हुन आएकी थिइन् । कक्षामा हामी २५ जना जति छात्र ३ जना छात्रा थियौं । अफिस भवन बाहेक हामी विद्यार्थी पढ्ने भवन बाँसले बनाएको खरको छानो थियो । आँप र लिचिका

बोटहरू छपक्कै भएकाले स्कुल रहेको ठाउँ हरियाली, प्राकृतिक सौन्दर्यले भरिपूर्ण, शीतल र आनन्ददायी थियो। पूर्णमृत भवानी जसको नाममा स्कुलको स्थापना भएको थियो । उहाँहरूको दरबार भत्किसकेकाले इँटाहरूका थुप्रो मात्र थियो । स्कुलको पूर्वतिर अग्लो गह्रौसुरको डाँडा पश्चिमतिर भुम्रे बजार र नजिकै सललल बगिरहेको सङ्लो आँधीखोला त्यसको पारीतिर हरियो डाँडा, उत्तरतिर घ्याङ्लीङ्, दक्षिणतिर पाठे खोलासम्म देख्न सकिन्थ्यो। स्कुल रहेको भूभाग अलि अग्लो ठाउँमा भएको र हरिया रुखहरूले सुशोभित हुँदा बडो रमाइलो लाग्थ्यो मलाई। मोटरबाटो देखि अलि माथि उचाई भए पनि धेरै उकालो हिँड्नु पर्ने थिएन । त्यसमा पनि मेरो डेरा स्कुल नजिकै दर बारे बाजेको घरमा भएकाले स्कुलमा घण्टी लागेपछि गए पनि भ्याइन्थ्यो । दहथुम स्कुलमा जस्तो यहाँ उकालो ओरालो हिँड्न नपर्दा मलाई सजिलो पनि लागेको थियो।

**बाल बिज्याइँः** त्यतिखेर कला गैह्रे, कल्पना गैह्रे (म भन्दा सिनियर) एस.एल.सी. दिएर गइसकेका र सरोजा गैह्रे, गौरी तुलसा म भन्दा एक कक्षा जुनियर छात्राहरू खुब रमाइलो गर्नुपर्ने खालका थिए। मलाई खुबै माया पनि गर्थे । एक पटक स्कुलका सबै छात्राहरू त्यस्तै १२ जना जति थियौ होला मिलेर स्कुलकै कम्पाउण्डमा शनिबार पिकनिकको आयोजना गऱ्यौ र केही उट्पट्याङ केटीहरूको लहैमा लागेर खाना खाएको टपरी अफिसको पेटीमा र मासु खान काटेका कुखुराका प्याँखहरू अफिसको ढोकामा घुसारेर छोड्यौं। भोलिपल्ट सरहरू आएपछि हामी सबैलाई अफिसमा बोलाइयो। हेडसर दिनेश कोइराला बरू हामीलाई हेरेर मुसुमुसु हाँस्नु भयो मात्र तर जोग्राफी पढाउने यज्ञ गैह्रे सर (उहाँ कला र सरोजाको दाइ हुनुहुन्थ्यो) रिसाएर "तिम्लाई बदमासहरू ! त्यस्तो नचाहिने काम गर्ने हो ?" भनेर बेस्सरी झपार्नु भयो। यज्ञ सर खाई लाग्दो जीउडाल भएको, भुँडी ठूलो, जूँगा पालेको ज्याङ्गो हुनुहुन्थ्यो । अघिपछि पनि उहाँलाई सोझै हेर्न सक्ने हिम्मत थिएन मेरो।

त्यस दिन ठूलो स्वरले हप्काउँदा म त डरले थुरथुर भएर सरोजाको पछाडि लुँके । सरोजा अलि हक्की स्वभावकी दह्री, बलिइ र अग्ली पनि थिइ। त्यसकारण सुरक्षा खोज्दै उसको पछाडि पुगेँ । यज्ञ सरले "अबदेखि गल्ती गर्दैनौ भनेर कान समाओ" भन्नुभयो । उहाँको सामुन्नेमा परेका हामी सबै जनाले आ-आफ्नो कान समात्यौं। त्यसपछि मैले जीवनमा कहिल्यै पनि त्यस्ता अनुशाासन हिन कार्य गरिन।

हाम्रो पालामा पैसा तिरेर ट्युसन पढ्ने चलन थिएन। कमजोर विषयमा सरहरू आफै समय मिलाएर स्कुलमा पढाइ दिनुहुन्थ्यो। कमजोर विद्यार्थीले नजानेका कुरा

जतिबेला सोधे पनि कत्ति झर्को नमानी सिकाउनु हुन्थ्यो । त्यतिखेर स्कुलको वार्षिक परीक्षा मङ्सिरमा, एस.एल. सी.को प्रिटेष्ट पुसमा, फाइनल परीक्षा माघ महिनामा हुन्थ्यो । एस.एल.सि. सेन्टर पाल्पामा र स्याङ्जा जिल्लाको मातृभूमि हाइस्कुल सतौमा थियो । त्यसकारण टेष्ट पास भएपछि म फेरि डेरा खोज्न सतौंमा गएँ ।

कौशिला र कमाला जैसीडाँडा शोभा कान्तको घरमा बसे । म काइँला बुबाको साथीको घर सतौंमै बसेँ । त्यो घरकी छोरी कमला श्रेष्ठ म भन्दा सिनियर थिइन् उनले मलाई परीक्षमा धेरै सहयोग गरिन । त्यस सेन्टरबाट पर्वत भोक्सीङ्का विद्यार्थीहरू १५ जना छात्र ३ जना छात्रा, मातृभूमिका हाइस्कुलका ३० जना जति छात्र २ छात्रा, त्रिभुवन आदर्श हाइस्कुल स्याङ्जाका २० जना जति छात्र १ जना छात्रा, पूर्णमृत भवानी हाइस्कुलका हामी २५ जना जति छात्र ३ छात्राहरू २०२७ सालको एस.एल.सी परीक्षमा सामेल भएका थियौ । छात्रहरू कति जना उत्तिर्ण भए मलाई थाहा भएन । छात्राहरू चाहिँ चार ओटा हाइस्कुलका हामी नौ जनामध्ये म एकजना मात्र थर्ड डिभिजनमा उत्तिर्ण भएकी थिएँ ।

**साहित्यिक कार्यक्रमः** दहथुम निमाविमा कक्षा छमा पढ्दै गर्दा पाठ्य पुस्तकमा भएको कवि शिरोमणि लेखनाथ पौड्यालको पिँजडाको सुगा शीर्षकको कविताले मेरो ध्यान तानेको थियो । त्यो कविता मलाई असाध्य मन पर्थ्यो । त्यसकारण अर्थ नबुझे पनि घोकेर कण्ठ पारेकी थिएँ । स्वर तानी तानी गीत गाएजस्तो गरि गाउँथेँ "बालक बबुरो द्विज सुकनामा हूँम परेको छु पिँजडामा...." । त्यसपछि म पनि यस्तै कविता लेख्छु भनेर नजाने पनि कविता कोर्न थालेँ । त्यस्तो त के हुन्थ्यो र ? अहिले त लेख्न सकेकी छैन । जेहोस् त्यो कविताले म भित्रको कविभाव जगाएको थियो । मैले लेखेका कविता स्कुलमा हरेक हप्ता शुक्रबार हाफछुट्टी पछि हुने साहित्य कार्यक्रममा सुनाउथेँ । कसैले नलेखेको त्यो बेलामा अलि अलि अन्त्यानुप्रास मिलाए पनि कविता भनिन्थ्यो अनि ए ल राम्रो लेखिछौ भनेर नेपाली पढाउने गुरु, साथीभाइले हौस्याउँथे ।

पूर्णामृत हाइस्कुलमा आएपछि पनि साहित्यप्रतिको मेरो रुचि घटेको थिएन । यहाँ पनि हरेक हप्ता शुक्रबार अतिरिक्त क्रियाकलाप अन्तर्गत साहित्यलाई नै रोजेँ । साहित्य कार्यक्रम सञ्चालनका लागि विद्यार्थीहरूको एउटा समिति पनि बनेको थियो । म त्यसमा सचिव भएर काम गरे । त्यहीबेला केही साथीहरूले राम्रो कविता लेख्थे । कथा, नाटक पनि लेख्थे त्यसमध्ये भुम्रेका दुर्गा श्रेष्ठ राम्रो कविता लेख्ने मध्येका एक थिए । दहथुम स्कुलमा राम्रो विद्यार्थीमा गनिनु हुने श्याम अर्यालका

ह्याण्ड राईटिङ् अब्बल थियो र साहित्यमा पनि राम्रो रचना गर्नुहुन्थ्यो। दहथुम निमावि भएकाले ८ कक्षा पछि कता पढ्न जानुभयो थाहा थिएन मलाई । पछि म पूर्णमृतमा भर्ना हुँदा सबैजना नयाँ नौलोएको ठाउँमा श्यामजीलाई देख्दा एकजना भए पनि चिनेको भेटियो जस्तो लागेको थियो । त्यतिबेला  गुरुप्रसाद गुरुको संयोजकत्वमा केही विद्यार्थीका रचना समेटेर पोखराको प्रेसमा लगि फुलबारी पत्रिका प्रकाशित गरिएको थियो। त्यो पत्रिकामा मेरो रचना नसमेटिएकोमा गुरुसँग खुबै चित्त दुखाएकी थिएँ। अनि मैले एउटा किताब निकाली छाड्ने अठोट गरेकी थिएँ । मेरो लागि त्यो साहित्यिक प्रेरणा बन्न पुग्यो । फल स्वरूप अहिले ३९ ओटा किताब प्रकाशित भइसकेका छन्। १० ओटा पाण्डुलिपि तयार छन् र पनि अझ लेखिरहन मन लागिरहेको छ । मेरा हरेक पुस्तकमा पूर्णमृत भवानी हाइस्कुल लेख्न बिर्सेकी छैन।

त्यसरी पूर्णामृत भवानी हाइस्कुलमा सिकेको साहित्यिक साङ्गठनिक जिम्मेवारी र साहित्यिक लेखनले गर्दा यस क्षेत्रमा आफ्नो पहिचान बनाउन सफल भएकी छु। शिक्षकहरूको माया ममता स्नेह र असल शिक्षा र  मार्ग निर्देशनका कारण यो देशको एउटा जिम्मेवार नागरिक बन्न सकेकी छु। पढे अनुसार स्वआर्जन गरि आत्म निर्भर भएकी छु । पूर्णमृत भवानी हाइस्कुल (फूलबारी) मा अध्ययन गरेका म मात्र होइन, हामी सबै विद्यार्थीहरू एक प्रकारको फूल हौं। अहिले देशविदेश भनौ संसार भरि फैलिएर फुलिरहेका छौं, फक्रिरहेका छौं । यसका लागि पूर्णामृत भवानी हाइस्कुल र हेडसर दिनेश कोइराला सरसहित सम्पूर्ण विद्यालय परिवारप्रति हार्दिक आभार व्यक्त गर्दछु । दिवङ्गत हुनुभएका शिक्षकहरू, मलाई माया गर्नुहुने माहानुभावमा हृदयदेखि भावपूर्ण श्रद्धासुमान अर्पण गर्दछु।

**अन्तमा**ः मलाई रचना पठाउन सूचना गर्नुहुने पूर्णामृत भवानी मा.वि.का पूर्व प्राचार्य आदरणीय यमकान्त खनालज्यूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । मैले उहाँलाई २०७४ सालमा विद्यालय मै भेटेकी थिएँ। त्यतिबेला म मेरो श्रीमान कलाकार तथा चराविज्ञ हेम पौड्यालसँगै गण्डकी प्रदेशका नेवारको इतिहास लेखको सिलसिलामा अनुसन्धानका लागि विभिन्न जिल्ला घुम्दै त्यहाँका नेवारलाई भेट्ने गरेकी थिएँ । त्यसदिन गल्याङ्का नेवारहरूलाई भेटेर फर्किदा स्कुलमा पनि जान मन लाग्यो। त्यहाँ पुग्दा मेरो पहिलेका याद ताजा भए। मनमा खुबै आनन्दानुभूति भइरहेको बेला प्र.अ.आदरणीय यमकान्त खनालसँगको भेट, उहाँको विनम्रता, पहिलो पटक भेटेको भए पनि चिरपरिचत लाग्ने उहाँको हामीप्रतिको आत्मीयता, सहयोगी भाव र सुमधुर व्यहारले थप आनन्द प्राप्त

भयो । समयको अन्तरालसँगै स्कुलको भौतिक संरचनामा धेरै परिवर्तन देखेँ । बाँसको कच्ची छाप्रोको सट्टा पक्की सुविधा सम्पन्न स्कुल भवन बनेको देखेर औधी खुसी लाग्यो । मैले आफूले लेखका केही थान बालसाहित्यका पुस्तकहरू बालबालिकाको लागि हस्तान्तरण गरेँ । त्यहीबेला मेरो श्रीमानले त्यहाँको सुन्दर दृश्य देखेर कुनै दिन यही ठाउँमा आफ्ना चित्रकला प्रदर्शनी गर्ने इच्छा पनि व्यक्त गर्नुभएको थियो । वर्ष दिन जति पछि सातौं वालिङ् महोत्सवमा (२०७५/१०/२८ देखि फागुन ८ गतेसम्म) यमकान्तजीकै संयोजकत्व र श्याम ढुङ्गाना, अमृत डुम्रेजी लगायत स्थानीय प्रबुद्ध व्यक्तिहरूको साथसहयोगमा हामीले मेरो श्रीमान कलाकार तथा चराविज्ञ हेम पौड्यालको वातावरण र चराहरू शीर्षककमा एकल चित्रकला प्रदर्शनी गरेका थियौं । उहाँहरूले लाउनु भएको त्यो गुन जीवनभर सम्भिmरहने छु । ◆◆

कविता

# यो बाटो तिम्रो घरसम्म पुग्दा



✍ **विवेक दुलाल क्षेत्री 'दमक'**

धर्तीमा झरेको पानी बिलिनेछ
आकाशबाट पानी बर्सन छोड्ने छैन
हिउँद आएर रुख नाङ्गो हुनेछ
फेरि रुखमा पात पलाउनेछ
तुजुकको कोलाहल पर पर सुनिन्छ
छेवैमा मित्रवत व्यवहार अभाव हुने छैन

ठूला ठूला सपनाका प्रयोजनहरू
बिलुप्त छन् समयको गर्भमा
मुखमण्डलमा हासोको दीप नबलेको
कैयौ दिन भै सक्यो
प्रविधिमैत्री भएर स्वतन्त्रता कैदी भएको
दशकौ भयो तिमी रहरको कखरामा भुलिरहेछौ

बाटोमा आलिशान खुट्टाहरू हिँडिरहेछन्
बाटोमा भाइरल कारहरू गुडिरहेछन्
बाटोमा तिमी बाहेक अरुको पदचाप छ
यसो भनौ बाटोमा तिमी छैनौ
यो ठूलो कुरा होइन मित्र !

धैर्य गर,
दिन र रातको महत्वपूर्ण पल खोसेर
आफ्नो कर्मको खेतबारी पजनी गर
आफ्नो आत्म विश्वासलाई
हमेशा जगाइ राख
त्यसले जिन्दगीको रुखमा पात हाल्नेछ

जसरी घाम तिम्रो आँगनसम्म आइ पुग्छ
जसरी हावा आएर तिम्रो केशलाई मुसार्छ
त्यसरी नै एकदिन, तिमीलाई गन्दै नगन्ने
तिमीलाई आफ्नो नै नठान्ने
यो बाटो तिम्रो घरसम्म आइपुग्छ ।

# गाउँ रित्तो छ !



✍ **प्र.स.नि.सुर्यध्वज तामाङ**

कुनैबेला १५ जनासम्म अटेको घरमा माइला बा एक्लै टोलाएर बसिरहनुभएको थियो । धेरैअघि पनि होइन आजभन्दा ५ वर्ष अघिसम्म पनि उहाँको घरभरि मान्छे थिए । छोराछोरी र नातीनातिनाहरू भएको उहाँको घर सधैं चाडबाडमा पाहुना आएजस्तो भरिभराउ हुन्थ्यो । तर अहिले धेरै समयपछि उहाँको घरमा पुग्दा पूरै सन्नाटा, घर वरिपरि झाडी नै झाडी, वरिपरिको खेतबारी सबै बाँझो देख्दा कताकता नराम्रो लाग्यो । जेठो छोरा विदेशिए भने माइलो र कान्छो छोरा काठमाडौँमा आ-आफ्नो परिवारसहित बसेका छन् । उहाँका छोरीहरू पहिले नै बिहे गरेर श्रीमानको घर लागिहाले । माइला बाले मलाई देख्नेबित्तिकै आँखाभरि आँसु पार्नुभयो । पिँडीमा बस्न अनुरोध गर्नुभयो र गोजीबाट सुर्ती झिकेर माड्न थाल्नुभयो । म एकछिन उहाँको दुखेसो सुनेर बसेँ । आँखाभरि आँसु पारेर उहाँले विगत सम्झिनुभयो । उहाँको चाउरी परेको अनुहार, ७८ पुगेको उमेर र विरक्त लाग्दो गाउँ देखेर काठमाडौँ फर्किएको कतिसम्म पनि मन दुखिरह्यो । अहिले पनि गाउँ सम्झिँदा नराम्रो लाग्छ ।

आजभन्दा १० वर्षअघिको गाउँ फिर्ता ल्याउन पाए पनि हुने लागिरहन्छ । हुन त गाउँ त्यस्तै त भएको छ । न त्यो समय छ, न ती साथी, न ती मान्छे । राजधानीबाट नजिकैको गाउँ भए पनि हाम्रो गाउँमा पानीको अभाव थियो । गाउँमा कसैको बिहे हुँदा एक गाग्री पानी लिएर जाने, दाउरा काटेर ल्याउने र बारीको पाटामा बसेर भोज खाएको पनि एक दशक पुगेको छैन । तर आज गाउँमा न मान्छे छन्, न यसरी काम हुन्छ । वसन्त ऋतु आउँदा रमाइलो लाग्ने पहाडका डाँडाहरू अचेल झाडी नै झाडीले उराठ बनेका छन् । केवल मृत्युको पर्खाइमा रहेका बुढाबुढीहरू गाउँ कुरेर बसेका छन् । यो देख्दा अचेल पटकपटक मन दुखिरहन्छ । गाउँ पुग्दा बचपनमा मसित खेल्ने मेरा उमेरका मभन्दा साना-ठूला कोही साथीहरू पनि गाउँमा भेटिएनन् । अधिकांश त विदेश गइसकेका छन् भने स्वदेशमा बस्नेहरू पनि शहरमा छन् । गाउँमा बसिरहँदा लुकीडुम, दौड र फुटबल, खेलेका हरेक ठाउँहरू

पुनर्ताजगी भए। ठाउँ त त्यस्तै नै छ अलिकति बढी विकास पुगेको मात्रै हो । तर ती मान्छे, ती साथी, त्यो भावनात्मक सम्बन्ध भएका व्यक्तिहरू कोही छैनन् । त्यतिका वर्षसम्म आफू खेलेको, हुर्केको, पढेको गाउँमा कोही नभएपछि लाग्यो-भौतिक विकासमा पनि भावना जोडिनुपर्ने रहेछ, भावना नजोडिएको विकास खासै अर्थपूर्ण नहुने रैछ।

अर्कोतर्फ, गाउँमा मनाइने धेरै संस्कृति र संस्कारहरू पनि लोप हुँदै गएका छन् । अचेल दसैँ तिहारमा गाउँमा पिङ हाल्ने चलन हटिसकेको छ भने हालेको ठाउँमा पनि पिङ खाली हुन थालेको छ । अर्कोतर्फ गाउँमा बिहेवारी हुँदा गाउँभरिका मानिस जुटेर विवाह सम्पन्न गर्ने चलन हराइसकेको छ । मोडर्न पार्टी प्यालेस र शहरको बसाइले गाउँमा गरिने धेरै संस्कार लोप भइसकेका छन् । गाउँमा मान्छे मर्दा लास लैजाने कोही छैनन् । तसर्थ अचेल मान्छेले होइन, लासले जलाउने मान्छे कुरेर बस्नुपर्ने बाध्यता छ । मन्दिर, गुम्बा, छ्योर्तेन, पार्टीपौवा, र भवनहरू सबै माकुराको जालोले भरिएका छन् । विभिन्न नाच, पूजा र पर्वहरू मानिसको अभावमै लोप भइरहेका छन् । कतिपय पर्यटकीय सम्भावना बोकेका स्थल र ऐतिहासिक महत्वका स्थानहरू समेत संरक्षणको अभावमा जीर्ण हुँदैछन् । कुनै समय पानीको लागि घण्टौँ धाएर गाग्रीमा पानी बोक्नुपर्थ्यो भने अहिले घरघरमा धारो छ । कुनै समय उत्पादन भएको दुध बेच्ने ठाउँ थिएन भने अहिले घरघरमै दुध लिने मान्छे आइपुग्छ । घण्टौँ हिँडेर पुगिने ठाउँमा गाडीको सुविधाले २० मिनेटमै पुग्न सकिने भएको छ । घरनजिकै स्कुल छ, स्वास्थ्य संस्था छ । स्थानीय तहले पनि किसानलाई प्रोत्साहनका लागि धेरै कार्यक्रम ल्याएको छ। उन्नत जातका पशु दिनेदेखि विभिन्न तालिम र बिउविजन गाउँमा सहजै पाइन्छ। आगोमा फु-फु गरेर धुवाँ खाँदै पकाउनुपर्ने युगलाई ग्यास र इन्डक्सनले विस्थापित गरेको छ। उत्पादन भएका धान, मकै र तरकारी लिन घरमै गाडी आइपुग्छ। विडम्बना गाउँमा सुविधा पुगेको छ तर मान्छे कोही छैन । भएका युवाहरू पनि फ्रस्टेड भएर विदेशिसकेका छन् । अनि आफू पनि गाउँ पुग्दा विरक्त लाग्ने अवस्था बनिसकेको छ । देशमा रोजगारीका अवसर कम छन् । स्वरोजगार मूलक व्यवसायमा समेत युवापुस्ता सन्तुष्ट छैनन् । वैदेशिक रोजगारीमा नगएसम्म बिहान बेलुकाको छाक टर्दैन। विदेशिएको एक जवान उमेर नढल्केसम्म घर फर्किँदैन। त्यसैले गाउँ रित्तो छ। गाउँघरमा हुने सभा, सम्मेलन हुन वा कृषि कर्म । भेला, बैठक हुन वा विकासे काम, आजभोलि युवाको सहभागिता निकै कम छ। "गाउँ युवाविहिन भएका छन्," "उत्पादनशील जनशक्तिको

अभाव हुन थालेको छ, विदेशमा सस्तो मूल्यमा हाम्रो परिश्रम बिकिरहेको छ"। आज विदेशमा भएका बाबुआमासँग बच्चाले चकलेट र आईफोनको आशा राखेको छ, माया ममता त एकादेशको कथा हुने भो, अनि केही महिना घरमा आएको बाबुआमालाई बच्चाले भन्छ, हजुर फेरि जानु मलाई त्यही चकलेट, ट्याब, नाना र सामान ल्याइदिनु ।

मानिस स्वभावैले असन्तोषी छ । त्यसैले ऊ जीवनमा परिवर्तन र सुख खोज्दै हिँड्छ । हामी कहाँदेखि कहाँ गएनौं ? अफ्रिकादेखि अस्ट्रेलिया, अमेरिका, इन्डोनेसिया, एशिया । खासमा मानिसको विकासको अन्तर्य नै बसाइसराईमा लुकेको छ । मानिस खाना र बासको खोजीमा अफ्रिकाबाट युरोप पुग्यो, अस्ट्रेलिया पुग्यो, मेक्सिको हुँदै अमेरिका पुग्यो, कहाँ-कहाँ पुग्यो । यसैले बसाइ र जीवन संघर्षको लागि विश्व चहार्ने हाम्रो ऐतिहासिक विशेषता हो, जुन हाम्रो जीनमा नै हजारौं वर्षदेखि छापिएर रहेको छ । चीनमा २० वर्षको उमेर नटेक्दै लगभग १ लाख युवा उद्यम शुरू गर्छन् र ५ वर्षभित्रमा धेरै जसो करोडपति बन्छन्, अन्तर्राष्ट्रिय बजारमा पनि उनीहरूका वस्तुले सजिलै प्रवेश पाउँछन्, तर नेपालमा भने हरेक वर्ष बीस नटेक्दै लाखौं युवा खाडी मुलुक पुग्छन्, आफ्नो र परिवारको गुजारा चलाउने महत्वाकांक्षा लिएर । हुन पनि व्यवसाय गर्ने वातावरण छैन, रोजगारी छैन, अनि देश नछोडेर भोकै मर्ने त ? जब युवाहरूको सपना खोसिन्छ, आशा मर्छ, तब देश उँधो लाग्न थाल्छ । फेरि अनौठो त के भने हामी गरिब नेपालीलाई पनि गाउँगाउँसम्म, पहाड र हिमालका कुना-कन्दरासम्म पनि विदेश जान त उसै जुटिहाल्छ पैसा । पाखो-भित्तोले पनि ऋणको साक्षी बस्न पाउँछ, चाहे त्यो सहकारीकै किन नहोस । गाउँतिर भनाइ छ, 'भिसा हातमा हुनेलाई भूतले पनि ऋण दिन्छ।' तर त्यही व्यक्तिले गाउँमै बसेर केही गर्न खोज्यो भने कहींकतै, कसैको कुनै खाले सहयोग नपाउने मात्र होइन कि लाछी र निकम्मा समेत भन्न भ्याउछन्, त्यहाँ बसेर सफल जीवन देख्न त सपनामा मात्रै । न स्थानीय सरकारले सहयोग गर्छ, न समाजले न त परिवारले नै। मन अमिलो बनाएर खाडी हानिनु भन्दा विकल्प के छ हाम्रा युवासँग ? गाउँमा प्रशस्त खेतबारी छन् तर खेती गर्ने मान्छे छैनन् । यता शहरमा छत मात्र छन् अनि कौसी खेती र गमला खेती गर्नेहरूको संख्या बाक्लिदै गएको छ। गाउँमा रोपनी बाँझो राखेर शहरको गमलामा फलाएको काँक्रोसँग सेल्फी खिच्दै, "मिहेनत गराएर फलाएको फल" भन्दै फेसबुकमा क्याप्सनसहित हाल्ने ट्रेन्ड चलिरहेको छ। ती सुनसान र उराठ हुँदै गएका गाउँहरूमा

जसोतसो जीवन भर्ने काम उमेरले नेटो कटिसकेका वृद्ध बा-आमा वा हजुरबा हजुर आमाहरूले गरिरहेका छन् । अनि त्यस्ता गाउँहरूमा वर्षको एकचोटी दसैं तिहारमा चहलपहल हुन्छ । शहरमा पेशा व्यवसाय वा अध्ययन गरेर बसेकाहरू पनि दसैंमा एकपटक वृद्ध बा-आमा वा हजुरबा, हजुर आमाको हातबाट टीका थाप्न गाउँमा पुग्ने गर्छन् । फलस्वरूप गाउँमा चहल पहल हुन्छ। यसरी वर्षमा एकपटक गाउँमा चहलपहल हुन्छ अनि बाँकी दिनहरू फेरि उही सुनसान। गाउँको बसाई यसै पनि सजिलो हुँदैन, खेतीपाती गर्नै पर्यो, वस्तुभाउ पाल्नै पर्यो अनि घाँस दाउरा, पानी पँधेरो, मेलापात पनि गर्नै पर्यो । यस्ता काम गर्न उमेरले असमर्थ हुँदै गएका वृद्ध-वृद्धालाई एकातिर कठिन त हुने नै भयो भने अर्कोतिर स्वास्थ्य, शिक्षा, यातायात जस्ता पूर्वाधारहरूको अभावले पनि गाउँले जीवन आफैमा असहज हुन्छ। जीवनयापनलाई सहज बनाउने हरप्रकारका उपायहरूको खोजी गर्नु मानवीय स्वभावै हो। तर गाउँमा जीवनयापन सहज बनाउने साधन र सेवा सुविधाको पहुँच नहुने भएकैले मानिस शहर केन्द्रित हुँदै गएका कारण गाउँ रित्तिदै र शहर साँघुरिदै गएको कुरा त जगजाहेरै छ।

गाउँमा बस्नेहरूको मुख्य पेशा कृषि नै भए पनि परम्परागत रूपमा गरिने कृषिमा कृषकले नाफा त परको कुरा आफ्नो लगानी समेत उठाउन नसक्ने अवस्था विद्यमान छ। काम गर्ने कृषि मजदुरहरूको अभाव त अहिले गाउँघरको लागि पहिलो र जल्दो बल्दो मुख्य समस्या हो। गाउँको आफ्नै विशेषता छ। 'गाउँमा घरहरू टाढा हुन्छन् र मान्छेका मनहरू नजिक हुन्छन्, शहरमा घरहरू नजिक हुन्छन् मान्छेका मनहरू टाढा हुन्छन्' महाकवि देवकोटाले भने जस्तै गाउँमा सौहार्दता, हार्दिकता, आत्मीयता र सहभागिताको कमी हुँदैनन् । गाउँका मान्छेहरू गरिब भए पनि मनका धनी हुन्छन्, गाउँका मानिसहरू हेर्दा दुब्लो पातलो देखिन्छन् तर अर्काको होस्टेमा हैंसे गर्न कहिल्यै पछि पर्दैनन् ।

कसैको घरमा बिहे व्रतबन्ध आदिमा पात टिप्न जाने, दुना टपरी गाँस्न महिला दिदी बहिनीहरू आँगनभरि जम्मा हुने, सत्यनारायणको पूजा गर्दा गाउँभरिका जम्मा हुने आदि यस्ता कयौं उदाहरणहरू छन् जसले गाउँको पहिचान र मौलिकतालाई जीवन्त राख्ने गर्दछ । तर अचेल गाउँलाई पनि आधुनिकताले आफ्नो चपेटामा पारेको छ। आधुनिकता भनौ या विश्वव्यापीकरण । आजको युग विश्वव्यापीकरण युग हो । पछिल्लो दशक विश्वव्यापीकरणको धेरै नै प्रभाव नेपालमा पर्‍यो । जसले गर्दा केही सामाजिक, सांस्कृतिक र आर्थिक विचलनले युवाहरूमा देश प्रेम भन्दा विदेश प्रेमको मोह बढ्न थाल्यो । जस्तै देशमा श्रमलाई सम्मान

गर्न सकिएन । काम गर्ने मान्छे भन्दा सेतो सर्टमा ढाँटिएर यत्रतत्र काम विहीन तवरले हिँड्ने मान्छे ठुला र भलादमी ठानिदा खेतमा काम गर्ने युवाको मनोबल उठेन, उसलाई यी श्रमको अपमान गर्ने व्यक्तिको नजर भन्दा टाढा जान प्रेरित गर्‍यो । गाउँमा बस्ने, मकै, आटो, ढिँडो, गुन्द्रुक, भटमास, सिस्नु खानेलाई पाखे भनियो भने चाउचाउ र मैदाका परिकार खाने, आयातित कपडा लगाएको व्यक्ति आधुनिक, शहरिया ठहरियो । अनि कसरी युवाको मन अडिन्छ गाउँमा । गाई पाल्ने, दुध दुहुने, गोबर बोक्ने, श्रम गर्ने, उत्पादन गरी खाने, आफूलाई चाहिने अन्न आफै उब्जाउने, डोको बुन्ने, नाम्लो बुन्ने, हँसिया बनाउने, हलो जोत्न सिपालु स्थानीय कला, संस्कृतिका धनीहरू समाजमा अपहेलित भएपछि स्वतः विदेश पलायनको श्रृङ्खला बढ्ने नै भयो । अहिले गाउँमा खेती गर्ने युवा पनि छैन भएका पनि पश्चिमी संस्कृतिको पन्जामा रहेपछि उत्पादन बढ्छ कसरी अनि रोजगारी सृजना हुन्छ कसरी ? यसको समग्र परिणाम स्वदेशमा गाउँमा खेती गर्ने हात छैन, शव बोक्ने काँध छैन, जिउँदाका जन्ती छैनन् मर्दाका मलामी, बुढाबुढीको सहारा छैन, साना साना नानीहरूको आहारा छैन ।

हाम्रो भूगोल उर्वर छन्, अपार जलस्रोत छन् हजारौं नदीनाला, सयौं तालतलैया छन् चिसो-न्यानो र गर्मीको मौसमी विविधता छ । हिमाल, पहाड, तराई, भित्री मधेश गरी भौगोलिक विविधता छ। जातीय एवम् सांस्कृतिक बहुलता छ। सयौं धार्मिक-सांस्कृतिक सम्पदाले भरिपूर्ण, दुर्लभ वन्यजन्तु र जडीबुटीले भरिएका वनजंगल भएको हाम्रो देशले युवाहरू दैनिकी चलाउनकै निम्ति सानोतिनो कामको खोजीमा बिदेसिनुपर्ने विडम्बनाबाट मुक्ति कहिले पाउने ? हाम्रो मुलुकमा विकासको अनन्त सम्भावना छ, स्रोतहरू छन् । तिनको सही परिचालनबाट रोजगारीका अवसरहरू सृजना हुन सक्छन् र मुलुकको विकास र समृद्धि सम्भव हुन सक्छ। त्यसका लागि हामीले शिक्षा प्रणालीलाई लगभग आम रूपमै बदल्न जरूरी भएको छ ।

प्राविधिक र व्यावसायिक शिक्षा नै मुलुकको आवश्यकता हो। यसलाई पनि अनुभवमा आधारित बनाउन जरूरी छ। पढाइ सक्दै गर्दा श्रम बजारमा पुगेर काम गर्न सक्ने शिक्षाको आवश्यकता छ। अझै काम गर्दै पढ्दै गर्न सकिने प्रणाली बनाउन जरूरी छ। मुलुकको विकासका स्रोतहरूमा आधारित शैक्षिक व्यवस्था र त्यसमा युवाहरूको परिचालन हुन सक्यो भने अध्ययनका लागि विदेश पलायन हुनेको संख्या निश्चित रूपमा घट्दै जानेछ। अर्को कुरा, मुलुकको राजनीतिले युवाहरूमा आशा र विश्वास जगाउन सक्नुपर्छ। युवाहरूमा

देशभित्रै केही गर्न सकिन्छ भन्ने विश्वास जागृत गराउनुपर्छ। र मुलुकभित्रै केही गर्नुपर्छ भन्ने देशभक्तिको भावना पनि जगाउन सक्नुपर्छ। नेपाल ३ करोडभन्दा कम जनसंख्यालाई सुखले पाल्न नसक्ने देश होइन। साधनस्रोतको हिसाबले नेपाल गरिब छैन। उपलब्ध साधन र स्रोतको समुचित उपयोग गर्न नसकेरै हामी अविकसित र गरिब भएका हौं। मुलुक भित्रका साधन स्रोतहरूको समुचित उपायोग नै देश विकासको आधार हो।

जलस्रोतमा अपार धनी नेपाल भर्खरै थोरै मात्र विद्युत बिक्री गर्ने लक्ष्यमा पुगेको छ। यो पनि सकारात्मक पक्ष हो। हाम्रा नदीनालाहरूमा हजारौं मेगावाट विद्युत उत्पादन गर्ने क्षमता छ। यसको समुचित उपयोगका निम्ति पुँजी र प्रविधि जुटाउन सार्थक पहल गर्नुपर्छ, बुद्धि-विवेक लगाउनुपर्छ। हाम्रो भान्सा र यातायातका साधनमा मात्रै विद्युतको प्रयोग हुन सके पनि पेट्रोल, डिजेल र खाना पकाउने ग्यास आयातमा गइरहेको अर्बौं रूपैयाँ जोगिन सक्छ। त्यो रकम अन्य उद्योगमा लगाउन सकिन्छ। यसले रोजगारीका अवसरहरू उपलब्ध गराउन सक्छ। धार्मिक पर्यटन नेपालको विकासको अर्को असाध्यै सम्भावना बोकेको क्षेत्र हो। पशुपतिनाथ, लुम्बिनी, जनकपुरधाम लगायतका थुप्रै धार्मिक पर्यटकीय क्षेत्रहरू नेपालमा छन्, जसले आन्तरिक र विदेशी पर्यटकहरूलाई आकर्षित गर्न सक्छन्। सगरमाथा र अन्य मनोरम प्राकृतिक दृश्यहरू पनि पर्यटनका केन्द्र हुन्। यिनको उपयोग र विकासका निम्ति पर्याप्त पूर्वाधारको आवश्यकता छ। यो नेपालीलाई स्वरोजगार बनाउन सक्ने क्षेत्र पनि हो। यिनको समुचित उपयोगले देशभित्रै लाखौंलाई रोजगारी दिन सके युवाहरूको विदेश पलायनलाई रोक्न सकिन्छ। अन्यथा मुलुक संकटतर्फै जाने हो, बेलैमा सोच्न आवश्यक छ। ◆◆

कविता

## “सानो सपना”



✍ **सुनिल थापा**

म जमिन होइन, आकाश छुन चाहन्छु,  
म तारा होइन, चन्द्रमा चुम्न चाहन्छु।  
मनले देखेको सपना पूरा गर्न चाहन्छु,  
सिपाही भएर देशको रक्षा गर्न चाहन्छु।

आज हार खाएँ भने पनि,  
भोलि फेरि उठेर लड्न चाहन्छु।  
देशलाई जोगाउनको लागि म,  
दिन रात एक गर्न चाहन्छु।

नेपाल आमाको असल छोरो बन्न चाहन्छु,  
मेरो ज्यान दिएर देश जोगाउन चाहन्छु।  
म मेरो देशको लागि,  
अर्को शुक्रराज शास्त्री बन्न चाहन्छु।

कथा

# परिबन्द



✍ **कुमार काफ्ले**

खोलालाई नदी पुग्न हतार छ अनि नदीलाई सागर । सागर बाफ बनेर आकाश छुन जानुछ । परन्तु ऊ गन्तव्यमा नपुगी वर्षिन बाध्य छ ।

उसलाई पढाइ सक्नुछ अनि राम्रो काम खोज्नुछ । पहिलो कमाइले आमाको मैलो धोती फेरिदिनुछ । आमा सारै बूढी त छैनन् तर रोगले थलिएकी छिन् । त्यही भएर सबै काम थाँती राखेर उसलाई अहिले हस्पिटल जानुछ ।

“मलाई हस्पिटलसम्म पुर्याईदिनु न” पीडा भरिएको आवाजमा उसले हात जोडेर भनेकी थिई ।

“किन ? कसलाई के भयो र ?” मैले बाइक स्टार्ट गर्दै सोधेको थिएँ ।

“मेरी आमा सिकिस्तै बिरामी भएर पाटन हस्पिटल लगेको छ ।” उसका आँखा बर्खायाममा भरिएका कुवाजस्ता भएका थिए ।

“ए, हो र ? मलाई फुर्सद छैन, पठाओ चढेर गए भइहाल्छ नि !” मैले वेवास्तापूर्वक जवाफ दिएँ ।

“मसँग पठाओ चढ्ने पैसा ........” ऊ चिन्नु न जान्नुको मान्छेसँग आफ्नो विवशता पोख्दै थिई ।

‘पैसा नहुनेले किन बाइक चढ्न खोज्नू !’ म मनमनै फतफताएँ । अनि त्यहाँबाट लुसुक्क निस्कैं ।

अहिलेका मान्छे सहयोग माग्न खुब सिपालु छन् तर काम गर्न होइन । मलाई त्यो केटीदेखि मनमनै निकै रिस उठ्यो ।

मान्छेको मन अजिबको हुने रहेछ !

अलिक पर पुगेपछि मलाई आफ्नो सोच र उसलाई गरेको व्यवहार प्रति पछुतो लाग्न थाल्यो । बाइकको गति धिमा भयो । मलाई खै किन हो ! उसलाई हस्पिटल पुर्याइदिन पाए हुन्थ्यो जस्तो लाग्यो । एक मनले भन्यो, ‘आ, अहिलेको जमानामा सहयोग गरेर के पाइन्छ र !’ यस्तै सम्झेर अघि बढेँ ।

फेरि अर्को मनले भन्यो, ‘आपतै नपरी त अन्जान मान्छेसँग के हात जोडी होला त ! पक्कै पनि त्यो युवती कुनै परिबन्दमा परेकी हुनसक्छे ।’

म त्यही हस्पिटलको बाटो हुँदै

आफ्नो काममा जाँदा पनि त हुन्थ्यो । कति नै ढिला भइजाला र ! त्यहि पाँच सात मिनेटको त कुरो हो ! फर्किउँ कि अगाडि बढौं ! म दोधारमा परैं ।

अन्ततः म फर्किएँ । उसलाई यताउति खोजैं । अहँ कतै देखिनँ ।

कहिलेकाहीँ उसलाई त्यतै कतै देख्थैं । आमासँग । तर वास्ता थिएन ।

'आ, जेसुकै होस्' यस्तै सोचेर आफ्नो बाटो लागैं । अलिक वर आइपुगे पछि उसलाई देखैं । ऊ त फेरि अर्को रोकिएको बाइकवालासँग हात जोड्दै थिई । त्यो बाइक पनि मै जसरी फुत्तै गयो ।

मैले उसकै अगाडि लगेर बाइक रोकैं । चढ्न इशारा गरैं । चढी । नटाँसिकन बसी ।

मलाई उसको आमाको बारेमा चासो लाग्यो, "के भएको आमालाई ?"

"उसले के के भनी, तर मैले स्पष्ट बुझिनँ । हस्पिटलको पार्किङमा लगेर घ्याच्च बाइक रोकैं ।

उसले "धन्यवाद" भनी ।

मलाई उसको पछिपछि जान मन लाग्यो । गएँ ।

भुइँ तला, बेड नम्बर ११ । जहाँ एक सानो कायाकी अधबैंसे महिला सुतिरहेकी थिईन् । स्लाइनको सानो नली त्यत्तिकै लत्रिरहेको थियो ।

"आमा, आमा........" ऊ त एक्कासी ह्वाँह्वाँ रुन पो थाली ।

नर्स आएर सेतो कपडाले टाउको ढाकिदिईन् । जसको केही छिनअघिसम्म धुकधुकी चलिरहेथ्यो । अहिले ब्याट्री सकिएको घडीजस्तै बन्द भएको थिएँ ।

मलाई लाग्यो, 'आमाले यो लोक छोडिसकिछिन् !'

औंसीको रातमा धिपधिपाइरहेको जुनकीरी बल्न छोडिदियो । विशाल आकाशबाट एउटा प्रिय तारा गायब भयो । उसले जिन्दगीबाट उसैलाई यो धरामा अवतरित गराउने आमा हराइन् ।

ऊ कङ्कलापूर्ण स्वरमा रुन कराउन थाली । उसलाई सम्झाउने त्यहाँ कोही त थिएन ।

मलाई के भाउँतो आई लाग्यो हरे ! म उसलाई त्यो हालतमा त्यत्तिकै छोडेर कसरी जानू त ? एक जनासम्म कोही भइदिएको भए पनि त हुन्थ्यो । कोही भइदिए उसलाई सम्झाइ बुझाइ गर्ने थियो । म पनि त आफ्नो बाटो लाग्न पाउने थिएँ ।

मैले उसलाई सम्झाउनु मानवीय कर्तव्य ठानैं र भनैं, "हेर अब यसरी रोइकराइ गरेर हुनेवाला केही छैन । आफूलाई सम्हाल्नुपर्छ । सबैले एक दिन त जानैपर्छ ।"

मलाई कसरी त्यहाँबाट उम्किनु जस्तो भइरहेको थियो ।

उसले आफ्नो असह्य वेदना

आँसुमार्फत बगाइरही ।
मैले देखे नि नदेखे जस्तो गरेँ ।

"ल त, मलाई हतार छ । अब आफन्तलाई फोन गरेर बोलाऊ । म गएँ है ।"
उसले विस्मित भावमा मलाई हेरी ।
मैले उसको जवाफ कुरिनँ ।

'मेरा कोही छैनन् यहाँ' भन्न खोजेकी थिई कि ! मलाई के थियो र ! म त्यहाँबाट हिँडे र ऊतिर फर्किदैं नफर्की सरासर पार्किङतिर गएँ ।

सातदोबाटो चोकमा ट्राफिक जाम रहेछ । जाममा मलाई हस्पिटलको त्यो करुण दृश्यले कुटुकुटु मुटु खान थाल्यो ।

सम्झेँ, 'उसँग हस्पिटलसम्म आउने पैसा थिएन । त्यही पैसा नभएर ऊ दुनियाँ सामु हात जोडिरहेकी थिई । अब हस्पिटलको बिल कसरी तिर्ली ? त्यहाँबाट घाटसम्म कसरी लैजाली !'

मान्छेको शरीरबाट कतिबेला फुत्त निस्कन्छ एक मुठी सास र फेरि फर्कन भुलिदिन्छ ! थाहै नहुने !

भावनामा बगेर त्यहाँ बस्यो भने त उसलाई सहयोग गर्नु नै पर्छ । ऊसँग पैसा थिएन । हस्पिटलको बिल तिर्नुपर्ने हुनसक्छ । घाटमा पुर्याउने जिम्मा पनि त लिनुपर्ला । अघि त झण्डै बेहोश जस्तै थिई । सम्झाउनु पनि त पर्यो । म उसलाई यस्तै सहयोग गर्नुपर्ला भनेर भागे झैं छोडेर हिँडेको थिएँ । मलाई त्यहाँबाट उम्किन पाउँदा ठूलो घानबाट उम्केजस्तो लागेको थियो ।

अस्पतालको त्यो कारूण दृष्यले मलाई मेरो विगततर्फ पुर्यायो । तीन वर्ष अघि मेरा बा बितेका थिए । सडक दुर्घटनामा परेर । बालाई हस्पिटल पुर्याएको एक घण्टामा चिकित्सकले मृत घोषित गरिदिएका थिए । सम्भवतः दुर्घटनास्थलमै वा अस्पताल ल्याउँदाल्याउँदै बाको प्राणपखेरु उडिसकेको थियो होला । मैले उहाँलाई अन्तिम समयमा पानी समेत खुवाउन पाइनँ । म अत्यन्तै व्यथित थिएँ । त्यो बेला मेरो संसार पूरै अँध्यारो भएको थियो ।

आफन्तहरू आउँथे र सान्त्वना दिएर जान्थे । बुबालाई पोष्टमार्टम गर्न लगियो । मैले यताउता हेरेँ, कोही क्यान्टिनतिर गइरहेका थिए । कोही आफ्नो काममा गए । दुई घण्टा पछि शव लैजाने अनुमति मिल्यो । शव बाहन आयो । त्यहाँ राख्न मैले यताउता आफन्त हेरेँ । कोही देखिएनन् । त्यो बेला फेरि मेरा आँसु खहरे बनेर झरेका थिए ।

बाको सम्झनाले मेरो मन विह्वल भयो । मलाई मेरा बाले जसैगरी उसलाई पनि त उसकी आमाले सधैँका लागि छोडेर गएकी थिइन् । आमाको मृत शरीर छेउ रोइरहेकी उसमा मैले, मलाई देख्न थालेँ ।

मान्छेलाई आफूसँग जोडिएका स्मृतिहरूले कति प्रभाव पार्ने रहेछ ! बल्ल महसुस भयो ।

मैले अफिसमा फोन गरेँ र महत्वपूर्ण काम परेर आउन नसक्ने जानकारी गराएँ ।

त्यसपछि मैले बाइक फर्काएँ । सरासर बेड नम्बर ११ मा गएँ। कोही थिएन। सोधेँ । शवगृहमा लगेको जानकारी पाएँ । उसलाई खोजेँ । अझै रोइरहेकी रहिछे । म उसलाई कसरी सम्झाउँ ! कुन नाताले सम्बोधन गरूँ ! म छु नि तिम्रो सहारा कसो गरी भनुँ ! मन भारी भारी भयो । अब के गर्ने त ?

देख्दा लाग्छ अचम्म भारी मनमा कर्तव्य के हो भनी घोरिन्छु तर हा ! उपाय रसिलो सुझ्दैन केही पनि ।

चक्रपाणि चालिसेको यो कवितांश झट्ट मनमा आयो । निकैबेर घोरिदाँ पनि केही उपाय सुझेन । जिन्दगी बारे गहिरो सुझबुझ थिएन मेरो ।

छिनमै मलाई मेरो विद्यार्थी जीवनको याद आयो । भविष्यको बारेमा चिन्ता त थियो तर ठ्याक्कै लय समातेको थिएन जिन्दगीले । के के पो थिए सोच त ! विद्यालय जीवनमा कविता प्रतियोगितामा सहभागी भएर प्रथम भए देखि ठूलै कवि बन्ने सोच बाँसको तामा झैं हलहली बढेको थियो मनको फूलबारीमा । उच्च शिक्षा पढ्न उपत्यका छिरेपछि सपना भन्दा पनि बिहान बेलुकाको आवश्यकता पूरा गर्नपट्टि लागेँ म ।

अँ त, ती दिन मेरो स्मृतिमा आउने जाने भै राखे पनि अहिले यतिबेलै चाहिँ म अत्यन्त अन्यमनस्कतामा परेको थिएँ ।

एउटी सहाराविहीन केटी थिई । उसकी आमाले भर्खरै यो धरा छोडेकी थिइन् । यतिबेला शव गृहमा उसको देह थियो । छेउमा बसेर ऊ रोइरहेकी थिई । म बिहानसम्म उसको कोही थिइनँ । अहिले पनि खासमा कोही होइन म ।

माधवीको जिन्दगीमा गालव झैं म खासमा के थिएँ त ! आफैं सोचमग्न थिएँ ।

उसलाई मैले सम्झाउनु बुझाउनु भन्दा अघि कसैले त मलाई सम्झाओस् !

मलाई त उसको बारेमा केही त थाहा थिएन । यसै भेटिएकी । संयोगले । सायद यसको पनि आफ्नै अर्थ त होला ! तर कसको ? विधाताको ?

यस्तो दुःख जसको बयान गर्न सकिन्न ! आमा गुमाउनुको पीडा जसको अर्थ बुझाउन सकिन्न । किनकि आमासँगै जिन्दगीको एक अंश पनि त जान्छ । त्यही सम्झेर यस्तो बेला त्यस्तो कुरा गर्नु जायज ठानिनँ । बरु शववाहनको व्यवस्था गर्न हेल्प डेस्कतिर गएँ ।

शववाहन आउँदा पनि ऊ रोइरहेकी थिई । आमालाई त्यसमा राख्दा उसको रुवाइ झन् भढ्यो । ऊ बेलाबेला आमाको मुहार हेरिरहन्थी ।

उसले यो जूनीमा आमालाई देख्नु आजै त थियो !

आमाको निर्जीव शरीर पाशुपत क्षेत्रमा त पुर्यायौं । त्यहाँ अर्को सङ्कट आइलाग्यो फेरि ! शव बाहनबाट ओरालेर जसोतसो दुई जनाले ब्रह्मनालमा लग्यौं । ऊ ट्वाल्ल परेर मलाई हेर्छे । म के गरुँ के भनुँ भएँ ।

"आमाका कपडा खोल ।" मैले खै कसरी भनेँ ! ऊ सकि नसकी कपडा उतार्न थाली ।

"सबै खोल्नु ?" उसको अनुहारमा अब पीडा भन्दा कर्तव्य झल्किरहेथ्यो ।
"उम्, सबै ।" मैले छोटो जवाफ दिएँ ।

उसले आमाको शरीरका भित्री वस्त्र खोल्न लाग्दा शव सुलुलुलु बाग्मतीतिर बग्न पो थाल्यो । ऊ अतालिई । आँखामा सुकेका आँसु फेरि मूल फुटे ।

हरे ! यो के भयो ? मेरो दिमाख शून्य शून्य भइदियो । उसको हालत झन् के भनुँ !

"एएएए, समाऊ न समाऊ ..... ।" ऊ विस्मित भएर हेरिरही ।

आमाको टाउको मात्रै देखियो । शरीर सबै पानीमा डुबेको थियो । अबको केही पलमै टाउको पनि डुब्नेवाला थियो । अह्राईसिकाई गरेर मात्रै अब काम चलेन भन्ने बुझी म झरेँ । जुत्ता खोलेँ, पाइन्ट घुँडामाथि सारेँ र पानीभित्र पसेँ । उसले अचम्मको भावले हेरिरही ।

"ल त्यता समातेर तान त !" मैले आमाको खुट्टा र कम्मरतिरबाट उचालेर उसलाई टाउकोतिर समाउन लगाएँ । अप्ठेरो भयो । मैले आशे नजरले यताउता हेरेँ । अन्जान लाश समाउन को चाहिँ सहृदयी अघि सर्थ्यो र !

आमाको शरीरबाट तुरुरु पानी चुहियो । ब्रह्मनालमा राखेर मैले नै कपडा फुकालिदिएँ । त्यति नै बेला अर्को शव पनि ल्याइपुर्याए । मलामी निकै थिए । हामी भने दुईजना मात्रै । दुई मात्रै भए के भयो त ? मलामी बढी हुँदैमा मरेको मान्छे जीवित हुने होइन क्यारे !

ला ! अब घाटमा पो कसरी लाने ? उसलाई त झन् के थाहा र ! बिचरी अहिलेसम्म कसैको मलामी त आएकी थिई थिईन कुन्नि ! म बडो असमञ्जसमा परेँ । परेर गर्नु नै के थियो र ! कसलाई के भन्नु थियो र !

"तिम्रा आफन्त कोही छैनन् काठमाडौँमा ?" नसोध्दा हुने प्रश्न सोधे पछि मलाई थोरै ग्लानि त भयो । आफन्त भइदिएका भए अघि नै आइसक्ने थिए । सो मैले बुझ्नुपर्थ्यो ।

त्यहाँबाट सहज रूपमा शव घाटसम्म पुर्याउन कम्तीमा चार जना त चाहिन्थ्यो । लाश बोक्ने बाहेक अघिपछि पनि मलामी भए राम्रो हुन्थ्यो । राम्रो त चाहिएको थिएन । त्यो कुनै शुभ कार्य वा रमाइलो थिएन । तथापि समस्या टार्न नि त मान्छे त चाहिने रहेछ । साथीलाई फोन गरेर बोलाउँ कि ! यस्तो मनमा नलागेको होइन ! तर दुःख दिन मन लागेन । फेरि सबैको मन एकै हुने कुरा पनि त भएन ।

उफ ! जिन्दगी.....

"एकछिन है, म आइहाल्छु ल ?" यति भनेर म छिटोछिटो त्यहाँबाट निस्किएँ ।

जादाँ, किनमेल गर्दा र आउँदा समय, समय त लागिहाल्यो ।

म फर्किदाँ गएको होइन अर्कै बाटो फर्किएँ । अलि परैबाट उसलाई देखेँ । ऊ आमाको छेउमा टुक्रुक्क बसेर म गएतिर हेरिरहेकी रहिछे । सायद यतिञ्जेलसम्म नफर्किंदा उसले म भागेको सम्झी होली ! ऊ उठी आमाको अनुहार नियाली । आँसु खसाई । मैले एउटा माला जुन ओइलाएको थियो, दुईटा राधे कृष्ण लेखेको पिताम्बर, अगरबत्ती र सलाई लेराको थिएँ ।

उसले मलाई भगवानलाई झैं हेरी । म मुस्कुराउनु कि के गर्नु भइगएँ । समय नै त्यस्तै थियो ।

मैले पिताम्बर खोलेँ । उसलाई एकातिरको छेउ समात्न दिएँ । निःशब्द थियौ दुवै । त्यो नीरवता भित्र कैयौं आवाजहरू थिए । आमालाई एउटा पिताम्बरमाथि राख्यौं । अर्कोले छोप्यौं । त्यसमाथि उसले सयपत्रीको ओइलाउँदै गरेको माला राखेर ढोगी । सलाई र धूप मैले खल्तीमा राखेँ । आमालाई त्यही पिताम्बरमा तुर्लुङ्ग झुण्ड्याएर हामी भष्मेश्वर घाटतर्फ गयौं ।

मलाई त त्यति गाह्रो भएन तर उसलाई ! उसलाई निकै गाह्रो भएको थियो । जे भए नि अरु उपाय नै के थियो र !

विद्युतीय शवदाह गृहमा आमा धुवाँ बनेर उडिरहिन् । ऊ झोक्राएर बसेकी थिई । बेलाबेला थाहै नपाई आँसु चुहिन्थे । म भने फेरि बाको स्मृतिमा हराएँ । दुवै मौन तर मौनतामा मन थाहा छैन कहाँ कहाँ पुगेको थियो । सोचेँ, यो जगतमा मन जति गहिरो र फराकिलो सृष्टिमा अरु केही छैन । झण्डै डेढ घण्टा पछाडि अस्तु पाईयो । त्यसलाई बाग्मतीमा सेलाएर ऊ म भा' ठाउँमा आई । अब फेरि के त ! आमाको काजकिरिया पनि त गर्नुपर्ने होला ! कहाँ ? कसरी ? कसले ? मेरो मनमा अनुत्तरित प्रश्नको चाङ थियो । सोँधु त आफैं परिबन्दमा परिनेवाला थियो । नसोँधु ! म मानव भएको के अर्थ त !

"अब के सोचेकी छ्यौ त ? रुममा जाने त होला नि, होइन ?" मेरो स्वभाविक जिज्ञासामा ऊ फेरि पिलपिलाई । ऊ किंकर्तव्यविमूढ थिई ।

यत्ति काम त सँगै गरियो। अब त औपचारिकता त हो नि! यस्तै सम्झेर मैले उसलाई उसको कोठामा पुर्याएँ। बाहिर निस्केर केही फलफूल ल्याइदिएँ। अनि बिदा भएर जान लाग्दा ऊ टूवाल्ल परेर हेरी। न यहीं बसौं भन्न सकी! न त मैले नै मसँग जाम् भन्न सकैं। मैले उसको नम्बर लिएँ र भनैं, "बस ल राम्रोसँग, म आउँदै गरूँला .....।"

ऊ फेरि पोखिई। म एकछिन त्यहाँ रोकिएँ भने मलाई गाह्रो हुने थियो। त्यसैले म सम्हालिएँ र निस्किएँ।

रुममा पुगेर बेडमा डङ्ग्रङ्ङ पल्टिएँ। मनमा अनेक कुरा खेले।

कुनै दिन कसरी बित्छ! जुन हृदयमा गढेर बसिदिन्छ। निदाउन खोज्छु, अहँ लाग्दैन त! उसलाई फोन गरैं, "के गर्दै छ्यौ? सुत्यौ?"

"उम्, सुत्न लागेको तर आमाको यादले निदाउन सकेकी छैन।" उसले रुन्चे स्वरमा भनी। याद कि डर हो? अचम्मै हुन्छ। बाँचुन्जेलको प्रिय मान्छे पनि मरेपछि प्रेत बन्छ।

"ल ल, पीर नगरी सुत। म भोलि बिहानै आउँछु ल?" उसले सानो स्वरमा 'हस्' भनी। मैले फोन राखैं। राखेपछि सम्झैं, 'उसलाई अरु कुरा नि सोध्नुपर्ने रहेछ! भैगो, भोलि नै भेट भई त हाल्छ।'

भेट भएपछि मैले उसलाई सोधैं, "कति भो यता बस्न थालेको?

उसले एकछिन सम्झेर भनी, "यो वैशाखमा चार वर्ष हुन्छ, हाम्ले गाउँ छोडेको।" "अनि किन छोडेको त गाउँ?"

"बा मुटु रोगी थिए। गाउँभरि महामारी फैलिएको थियो। बालाई ज्वरोले गलाउँदै थियो। चेक गराउँदा कोरोना लागेको पुष्टि भयो। हस्पिटल लेरायौं। बेड पाइएन। बिजोगले जानु भो बा पनि। बा बितेपछि काममा बस्ने मान्छे पाइएन। म बस्छु भन्दा पनि गाउँ समाजले मानेन।" "तिमी एक्ली छोरी हौ?"

"दाजु भाइ भ'का भा त त्यसरी हेप्दैनथे होला नि हाम्लाई नि!" अँध्यारो अनुहार पारेर उसले भनी।

"अनि के भयो भन त!"

"अनि अलिकति भएको जग्गा पाउने भएपछि काका काममा बसिदिनु भयो। अहिले भए नि पछि भए नि मैले नै पाउने त हो नि! भनेजस्तो व्यवहार देखाउनु भो काकाले। म काम गर्दै यतै पढ्दै थिएँ। बाको काम सकिएपछि आमालाई लिएर म यता आएकी।"

"अनि यहाँ आएपछि ........."

मेरो वाक्य पूरा नभई उसैले भन्न थाली, "बाको पीरले कि के हो! आमा गल्दै जानु भो। सधैं मेरो पीर लि राख्नु हुन्थ्यो। तेरो घर बसेको देखेर मर्न पाए सिधैं स्वर्ग पुग्थैं भन्नुहुन्थ्यो........।" ऊ

आमालाई सम्झेर भावुक भई ।

आमालाई सम्झेर भावुक नहुने मान्छे को होला र ! झन् जसको आमा अर्कै लोकमा गइसकिन् तिनलाई आमाको महत्व बढ्ता थाहा हुने रहेछ ।

बाले छोडेको घाउ खाटा बस्न नपाई आमाले पनि चटक्कै छोडेर जाँदा उसको हृदय छियाछिया भएको थियो ।

म उसले एक्लो महसुस गर्न नपरोस् भनेर बेलाबेला फोन गरिरहन्थेँ । भेट्न बोलाउँथे, आउँथी । केही समस्या छ कि ? सोधखोज गरिरहन्थेँ । भेट हुँदा चिया, खाजा खुवाएर पठाउँथे ।

समय बित्दै गयो । म पनि उसको निकटता महसुस गर्न थालिसकेको थिएँ । भेटघाट बाक्लिन थालेको थियो । उसको मासुम चेहरा झलझली आँखामा आइरहन्थ्यो ।

एक साँझ कफी पिउँदै कुरा गर्न भनेर हिमालयन जाभामा लिएर गएँ । रिसेप्सनकी युवतीले मुस्कुराएर स्वागत गरी । प्रायःजसो म बस्ने टेबुलमा एउटी युवती थिई । उसले चुरोट सल्काई । स्वाट्ट एक सर्को तानी र धुँवा छोडी । घरि मोबाइलमा त घरि रिसिप्सनतिर हेर्थी । सायद कसैलाई पर्खिरहेकी होली । हामी कुनाको टेबुलमा गएर बस्यौं । अरु कफी लभर्सहरू पनि आ-आफ्नो धुनमा मस्त थिए । मधुरो सुफी सङ्गीत बजिरहेको थियो ।

मैले उसलाई कुन कफी पिउने भनेर सोधेँ । "तपाईं जस्तो पिउने हो, म नि त्यस्तै ....." उसको विशेष रोजाइ थिएन । अबोध जस्ती देखिन्थी । मलाई उसको सबै भन्दा त्यही पक्ष मन पर्थ्यो ।

मैले उसलाई वासनामय दृष्टिले हेरेँ । सङ्गीत रोकियो र वातावरण सौम्य भयो । मेरो मन हो कि वातावरण प्रेमिल भइदियो । मैले उसलाई एउटा कहानी सुनाउन थालेँ । ऊ लट्ठ परी ।

"तपाईंका कुरा जति सुने पनि धीत मर्दैन । सधैँ सुनिरहुँ लाग्छ ।" उसले सानो मधुर स्वरमा भनी ।

मैले पहिलोपटक उसलाई यति फ्रेश मुडमा देखेको थिएँ । बेलाबेला मुस्कुराउँथी । देब्रे गालाको सानो कालो कोठी त्यहाँको मधुरो प्रकाशमा ठिकै देखिएको थियो । हाँस्दा देखेँ, अगाडिको माथितिरको एउटा दाँत अर्कोमा हल्का खप्टिएको थियो । खुब सुहाएको थियो । बेलाबेला निधार र गालातिर झर्ने केश कानमा लगेर सिउरिन्थी । ऊ मसँग खुलेर बोल्न थालेकी थिई ।

साँझ ढल्किदैं गयो । कपको कफी रित्तिसकेको थियो । हाम्रो भेटको सन्दर्भ सम्झेर हामी नोष्टाल्जिक भइरहेका थियौं । छुट्टिने मन नहुँदा नहुँदै पनि हामी छुट्टियौं ।........... ♦♦♦

# इतिहासको पानाबाट

प्रहरी प्रकाशनको २०३३ साल अङ्क, १ को **शुभ-जन्मोत्सव विशेषांक प्रहरी प्रकाशनमा** प्रकाशित **प्र.नि. अच्युत खरेलद्वारा लिखित 'गोली हानिएको दूरी पत्ता लगाउने तरीका'** शीर्षकको लेखको अंश त्यही समयको भाषामा जस्ताको तस्तै साभार गरी प्रस्तुत गरेका छौं ।

*-सम्पादक*

बन्दूकद्वारा हुन गएको अपराध अनुसन्धानका सिलसिलामा अबस्थानुसार कहिले काहीँ गोली हानिएको दूरी पत्ता लगाउन पर्दछ। जस्को आधारबाट मात्र गोली लागी मर्न गएका मानिस कर्तव्य, भवितब्य वा आत्महत्या के कारणबाट मर्न गएको हो भन्ने कुरा पत्ता लगाउन सकिन्छ। गोली के कति दूरीबाट हानिएको हो भन्ने कुरा अदालती शस्त्रास्त्र विज्ञान (Forensic Ballistic) को सहायताबाट पत्ता लगाउन सकिन्छ। हुन त यो शास्त्रको विशेषज्ञले पनि गोली हानिएको दूरी किटेर बताउन सक्तैन तापनि अपराधमा प्रयोग गरिएका बन्दूकको परीक्षण, गोली लागेको तारगेटमा पाइने स्कोरचिंग (Scoreching) ब्लेकनिंग (Blackening) ट्याटोइंग (Tatooing) छर्राको फैसलाबाट इत्यादिको अध्ययन र अनुभवको आधारमा विशेषज्ञले गोली हानिएको अनुमानित दूरी बताउन सक्दछ।

(१) स्कोरचिंग (Scorching):-

गोली फायर भइसकेपछि बन्दूकको नालबाट गोलीको साथसाथै तातो ग्यांस पनि बाहिर निस्कन्छ। फायर गर्दा बन्दूकको नालबाट यसरी निस्केको तातो ग्यांस छिटो सेलाउने हुँदा बन्दूक फायर गरिएको केही दूरीसम्ममा मात्र यस प्रकार निस्केको तातो ग्यांसले गोली लागेको घाउको वरिपरि डढाइदिन्छ। हुन त यसरी घाउको वरिपरि डढाउने अर्थात् स्कोरचिंगका दूरीलाई तारगेटका सतह, दबाब, बारूदको तौल र प्रकारले असर गर्दछ तापनि विशेषज्ञले उल्लेखित आधारबाट गोली हानिएको अनुमानित दूरी बताउन सक्दछ। जस्तो- ३०३ राइफल फायर गरिएकोमा साधरणतया ६." का दूरीमा र रिभल्भर या पिस्तोलले ३." सम्मको दूरीमा गोली लागेको घाउको वरिपरि डढाइदिन्छ।

(२) ब्लैकनिंग (Blackening):-

बन्दूक फायर गर्दा उत्पन्न भएका फोहोर ग्यांसले केही दूरीसम्ममा गोली लागेको घाउको वरिपरि कालो घेरा बनाइदिन्छ। जस्लाई ब्लैकनिंग भन्दछन्। स्कोरचिंगको दूरी समाप्त हुनासाथ यसका दूरीको शुरूवात हुन्छ।




**वकिल**ः– तिमी दोहोऱ्याएर फेरि किन त्यहीँ पसलमा चोर्न गएको ?

**चोर**ः– पहिलो चोटि चोर्न जाँदा त्यहाँ लेखिएको थियो धन्यवाद फेरि आउनुहोला।

♦ ♦ ♦

**भिखारी**ः– साब, एक रूपैयाँ दिनुस् न ।

**साब**ः– तिमीलाई लाज लाग्दैन ? सडकमा उभिएर भिख माग्नलाई ?

**भिखारी**ः– अनि के तेरो एक रूपैयाँको लागि म अफिस खोलौँ त ?

♦ ♦ ♦

**पत्नी**ः– मेरो जन्म दिनमा मलाई चेन उपहार दिनुपर्छ नि । सुन्नुभयो तपाईंले ?

**पती**ः– किन नसुन्नु नी कति सुने कति । बरु भन न के को चेन दिउँ मोटरसाइकलको कि साइकलको हो नि ।

♦ ♦ ♦

**औषधी पसले**ः– बहिनी यो औषधीले निको भएन भने फेरि यो पर्चा लिएर आउनु ल ।

**बिरामी** ः– किन यो पर्चा ल्याउनु नि ?

**औषधी पसले**ः– म फेरि एक चोटी डाक्टरको राइटिङ्ग पढने कोसिस गर्छु अनि औषधी दिन्छु।

♦ ♦ ♦

**हरि**ः– (बाटोमा हिँडिरहेको केटीसँग) आई, लभ यु ।

केटीले एक थप्पड हानेर भनि के भनिस् ।

**हरि**ः– जब तैले सुने किनै थिइनस् भने किन थप्पड हानिस् ।

♦ ♦ ♦

**हरि र राम एउटा घरमा चोरी गर्न गएछन् । रामले सुन अनि पैसा चोरेछ, तर हरिले एक किलो हुलासको पिठो मात्र ल्याएछ ।**

**राम**ः– ओई सुन, चाँदी छोडेर तैले यो पिठो मात्र किन चोरेको ?

**हरि**ः– (मुसुक्क हाँस्दै) हुलास भए अरु किन खोज्ने ।

**संकलनः– प्र.स.नि. शरणजंग भण्डारी**

## नेपाल प्रहरी सम्बन्धी केही जानकारीहरू

➲ वि.स. २०३० साल भदौ ३ मा अध्यगमनका लागि दरबन्दी निकासा भएको थियो ।

➲ वि.स. २०४८ सालमा जिल्ला प्रहरी कार्यालय एवं क्षेत्रीय प्रहरी एकाइ कार्यालयको स्तरवृद्धि भएको थियो ।

➲ वि.स. २०३३ सालमा प्रहरी अधिकृत तथा जवानहरूको लागि निःशुल्क रासनको व्यवस्था भएको थियो ।

➲ वि.स. २०६७ असार १ गतेबाट केन्द्रीय अनुसन्धान ब्यूरोले कार्य सञ्चालन सुरु गरी विधिवत रूपमा २०७० असार ३ गते केन्द्रीय अनुसन्धान ब्यूरो (स्थापना तथा कार्य सञ्चालन) नियमावली, २०७० नेपाल राजपत्रमा प्रकाशित भई जारी भएपछि विधिवत रूपमा कानूनी रूपले समेत कार्य गर्दै आएको छ ।

**संकलनः– प्र.व.ना.नि.संगीता कार्की**

# सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू



**रमाशंकर त्रिपाठी विरुद्ध जिल्ला शिक्षा कार्यालय, रुपन्देही (ने.का.प. २०७५, अंक ११, नि.नं. १०१४५)**

गैरकानूनी कार्य गर्नेलाई कारबाही गर्दा पनि कानून बमोजिम नै गर्नुपर्ने हुन्छ । गैरकानूनी कार्य गरेको भनी कुनै पनि राष्ट्रसेवकलाई बहालमा रहेको पदबाट अवकाश दिँदा वा हटाउँदा पनि पहिले निलम्बन गरी स्पष्टीकरण पेश गर्ने उचित मौका दिएर मात्र हटाउनु पर्ने । विलम्बको सिद्धान्त कानूनी सिद्धान्त हो । प्राकृतिक कानूनको सही र प्रभावकारी रूपमा प्रयोग गरिएको छ भने मात्र विलम्बको सिद्धान्तको मान्यताभित्र प्रवेश गर्न मिल्छ ।

यदि सुनुवाइको मौका नै नदिई सोको कानूनी प्रक्रिया नै पूरा नगरी कसै उपर निजका विरुद्ध कुनै निर्णय गरिएको छ भने औचित्यहीन विलम्बको आधारमा न्यायको मर्मभित्र प्रवेश नगर्दा प्राकृतिक न्यायको सिद्धान्तलाई नै उल्लङ्घन गरेको मानिन जान्छ । पर्याप्त र उचित रूपले सुनुवाईको मौका नै नपाएको अवस्थामा विलम्बको सिद्धान्त कुन बिन्दुबाट प्रारम्भ हुन्छ भन्न सकिने अवस्था नै नरहने ।

रिट क्षेत्रमा यति समयपछि नै विलम्ब सुरु हुने भनेर हदम्याद र म्याद जस्तो संवेदनशील बुँदाको विषयलाई यति कठोर भएर सिमाङ्कन गर्ने विषय पनि होइन । रिट निवेदन दिनै पर्ने म्याद र विलम्ब हुने समय दिन गन्तीको हिसाबले निर्धारण गर्न पनि सकिदैन । तेस्रो पक्षको हक सिर्जना भई नसकेको अवस्थामा मुद्दाको तथ्यको पृष्ठभूमिबाट नै रिट क्षेत्रमा प्रवेश गरेको समय अति विलम्ब भए नभएबारे सूक्ष्म रुपले अति संवेदनशिल भएर निर्धारण गर्नु पर्ने हुन्छ ।

जो कोहीलाई पनि नोकरीबाट अवकाश दिनुपूर्वको कारबाहीमा निजलाई आफ्नो भनाई राख्ने सुनुवाइको पर्याप्त मौका र अवसर दिनु पर्ने भन्ने प्राकृतिक न्यायको सर्वमान्य सिद्धान्तलाई युक्तियुक्त आधार र कारणसहितको विलम्बले निस्तेज गर्न सक्दैन । यसर्थ प्राकृतिक न्यायको सिद्धान्त अन्तर्गतको सुनुवाइको मौकाको अवसरलाई अनिवार्य रुपमा अवलम्बन नगरी भएका काम कारबाहीमा विलम्बको सिद्धान्तलाई गौण रुपमा नै स्थान दिनुपर्ने ।

**संकलनः– प्र.व.ना.नि. प्रमोद उपाध्याय पण्डित**